# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

शुक्रबार, कात्तिक १०, २०७४ | Friday, October 27, 2017 | www.newsofnepal.com | नेसं ११३८ कछलाथ्व: ७ | वर्ष २३, अंक २८१ | पृष्ठ १२ | मूल्य रू. १०/–



२ { निर्वाचन विशेष

५ { काष्ठमण्डप पुनर्निर्माण गर्न नयाँ कार्यविधि तयार हुँदै

८ { ट्रम्पले

११ { चमेलिया ११ वर्षपछि पूरा हुँदै




काठमाडौंको थापाथलीस्थित बागमती नदीमा बिहीबार छठ पूजा गर्दै एक दृष्टिविहीन महिला। शुक्रबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि विधिवतरूपमा यो वर्षको छठ पर्व समापन हुँदै छ। तस्वीर : उजोल डगोल/काठमाडौं

# 'अन्योलमा आयोग'

सुनील महर्जन, काठमाडौं

सर्वोच्च अदालतको आदेशपछि मतपत्र छपाइ शुरू गर्ने कि नगर्ने भनेर निर्वाचन आयोग अन्योलमा परेको छ।

अदालतको आदेशपछि मंसिर १० गते तय गरिएको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनबारे नयाँ तरंग उत्पन्न भएको अवस्थामा आयोग अन्योलमा परेको हो।

पूर्वनिर्धारित कार्यतालिकाअनुरूप प्रतिनिधिसभा र प्रदेशसभाको पहिलो चरणको निर्वाचनका लागि मतपत्र छाप्ने निर्णय आयोगले बिहीबार गर्न सकेन। मंसिर १० गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको प्रत्यक्षतर्फको मतपत्र छाप्ने कार्यतालिका आज शुक्रबारका लागि तय गरिएको छ।

प्रतिनिधिसभा र प्रदेशसभाका लागि एउटै पानामा पहिलो खण्ड र दोस्रो खण्ड गरी मतपत्र डिजाइन गरिएको थियो। सर्वोच्चले बुधबार दुई भिन्न-भिन्न ऐनबमोजिम व्यवस्थित गर्नुपर्ने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन प्रयोजनका लागि अलग-अलग मतपत्र छाप्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था रहेको भनी आयोगलाई ध्यानाकर्षण गराएपछि आयोग अलमलमा परेको छ।

'कार्यतालिकाबमोजिम आज शुक्रबारदेखि मतपत्र छपाइ शुरू गर्ने निर्णय बिहीबार गरिएन।' -निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नवराज ढकालले नेपाल समाचारपत्रसँग भन्नुभयो।

सर्वोच्च अदालतले बुधबार प्रदेश र प्रतिनिधिसभा सदस्य प्रत्यक्षतर्फको मतपत्र अलग-अलग छाप्नेबारेको प्रगति विवरण ३ दिनभित्र पेस गर्न आदेश दिएको थियो। यसले गर्दा मतपत्र छपाइ अन्योलमा परेको हो।

> सर्वोच्चको त्यो आदेशपछि निर्वाचन आयोगले अलग-अलग मतपत्र छाप्न सकिन्छ कि सकिँदैन भनेर अध्ययन गर्न एउटा कार्यदल बनाएको थियो।

सर्वोच्चको आदेशअनुरूप प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको प्रत्यक्षतर्फको मतपत्र अलग-अलग छाप्नुपर्ने विषयमा आयुक्तहरूबीच छलफल भयो त? भन्ने नेपाल समाचारपत्रको जिज्ञासामा प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले भन्नुभयो- 'अदालतको आदेश आयोगमा आएको छैन। पत्र हातमा नपरेसम्म औपचारिकरूपमा म बोल्दिनँ।'

अदालतको आदेशबमोजिम अलग-अलग मतपत्र छपाइ गर्दा चुनाव सर्ने र अदालतको आदेश नमान्दा अदालतमाथि अवहेलना हुने स्थितिमा रहेका आयुक्तहरूले पनि यस विषयमा कुराकानी गर्न चाहेनन्। यसअघि अदालतको आदेशलाई लिएर निर्वाचन आयुक्तहरूले प्रदेश र प्रतिनिधिसभा सदस्य प्रत्यक्षतर्फको मतपत्र अलग-अलग छाप्न नसकिने बताएका थिए।

सर्वोच्च अदालतका न्यायाधीशद्वय दीपकराज जोशी र पुरुषोत्तम भण्डारीको संयुक्त इजलासले कात्तिक १ मा जारी गरेको आदेशमा भनिएको छ- 'अब पहिलो निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ कार्य मिति १० कात्तिकदेखि प्रारम्भ गर्ने भन्ने निर्वाचन आयोगको कार्यतालिकाबाट देखिन आई छपाइ कार्य बाँकी नै देखिँदा प्रतिनिधिसभा र प्रदेशसभाको अलग-अलग ऐन रहेको अवस्थामा दुवै सभाको सदस्यको निर्वाचन एउटै मतपत्रमा गर्ने निर्णय भएकोमा प्रतिनिधिसभा र प्रदेशसभाको मतपत्र अलग्गै छाप्ने सम्बन्धमा निर्वाचन आयोगले सो विषयलाई गम्भीरतापूर्वक लिई विचार गर्ने नै हुँदा अन्तरिम आदेश जारी गरिरहनुपरेन।'

सर्वोच्चको त्यो आदेशपछि निर्वाचन आयोगले अलग-अलग मतपत्र छाप्न सकिन्छ कि सकिँदैन भनेर अध्ययन गर्न एउटा कार्यदल बनाएको थियो। तर, आयोगले बनाएको कार्यदलले निर्वाचन नजिकिएकाले अलग-अलग मतपत्र छाप्न सम्भव नहुने निष्कर्षसहितको प्रतिवेदन पेस गरेको प्रवक्ता ढकालले जानकारी दिनुभयो।

'अलग-अलग मतपत्रको व्यवस्था गर्दा व्यवस्थापकीय जटिलता थपिनेछ। मतपत्र छपाइदेखि, मतपेटिका, स्वस्तिक छापलगायत सामग्री खरिद गर्नुपर्ने हुन्छ। त्यसै गरी जनशक्ति थप गर्नु, सुरक्षा व्यवस्थालगायत कामको भार पर्नेछ। समय घर्किँदै गएको अवस्थामा यी काम गर्न सकिने हो कि होइन?' हामी नै अन्योलमा छौं।' -प्रवक्ता ढकालले भन्नुभयो।

राजपाका नेता सर्वेन्द्रनाथ शुक्लाले सर्वोच्चले दिएको आदेश निर्वाचन आयोगले कार्यान्वयन नगरेको भन्दै अवहेलना मुद्दा दायर गर्नुभएको थियो। अवहेलना मुद्दामाथि सुनुवाइ गर्दै न्यायाधीश डम्बरबहादुर शाहीले अघिल्लो आदेशलाई पुष्टि गर्दै निर्वाचन आयोगलाई मतपत्र अलग-अलग छाप्ने कामको प्रगति विवरण माग्नुभएको थियो।

# एमाले–माओवादी केन्द्रको एउटै बोली

मधुसूदन रायमाझी, काठमाडौं

नेकपा एमाले र नेकपा माओवादी केन्द्रका वाम गठबन्धनले तोकिएकै समयमा निर्वाचन सम्पन्न हुने बताएका छन्। मतपत्र प्रयोगका सम्बन्धमा सर्वोच्च अदालतले दिएको आदेशको कारण आफूहरूलाई चिसो पसेको निष्कर्ष निकाल्दै एमाले र माओवादी केन्द्रले निर्वाचन कुनै पनि हालतमा तोकिएकै समयमा हुने बताएका हुन्।

आगामी मंसिर १० र २१ गतेका लागि तय भएको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन कुनै पनि अवस्थामा सम्पन्न हुनुपर्ने बताउँदै वामपन्थी गठबन्धनले सरकारलाई निर्वाचनप्रति आशंका बढ्ने कुनै पनि क्रियाकलाप नगर्न पनि चेतावनी दिएको छ।

बिहीबार एमाले र माओवादी केन्द्रले संयुक्त पत्रकार सम्मेलन गरेर निर्वाचन सार्ने र अनेक बहानाबाजी गर्ने काम आफूहरूलाई स्वीकार्य नभएको बताएका छन्। कार्यक्रममा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मंसिर १० र २१ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मिति नै तय भएर मनोनयन दर्ता भएको अवस्थामा निर्वाचनको मिति सर्न नसक्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'निर्वाचन निश्चित समयभित्र नै सम्पन्न गर्नुपर्छ, कुनै पनि काम, कारबाही, निर्णय, आदेश र अभिव्यक्तिले जनतामा सन्देश पैदा गराउनुहुँदैन।'

जनताको बलिदानीबाट प्राप्त संविधान कार्यान्वयनको चरणमा रहेको बताउँदै निर्वाचन आयोग र राजनीतिक दलहरूले सर्वसम्मतरूपमा टुंगो लगाएको मतपत्रका बारेमा कुनै शंका नरहेको उहाँले बताउनुभयो। 'लोकतान्त्रिक प्रक्रियालाई अवरोध गर्न खोजिन्छ भने त्यो नेपाली जनताका लागि स्वीकार्य हुन सक्दैन', अध्यक्ष ओलीले भन्नुभयो- 'निर्वाचन मुख्य कुरा हो, साना कुरामा अल्झिने समय छैन।'

अध्यक्ष ओलीले संविधान कार्यान्वयनको प्रक्रियामा भाँजो हाल्न खोज्ने जो-कोहीलाई नेपाली जनताले नसहने बताउँदै भन्नुभयो- 'मतपत्र दुईवटै छ। दुईवटा मतपत्र संविधानबमोजिम नै तय गरिएको हो। त्यसैले अहिले स-साना कुरामा अल्झिने कुरा छैन। कोही अल्झन खोज्छ भने त्यो छुट्छ।'

- 'निर्वाचन कसैले सार्न सक्दैन'
- निर्वाचन सार्न, भाँजो हाल्न खोज्नेलाई जनताले सहँदैनन् : *ओली*
- संसद्‌को अवधि माघ ७ गतेसम्म रहन्छ : *प्रचण्ड*

पत्रकार सम्मेलनमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सर्वोच्च अदालतको आदेशले चिसो पसेको बताउँदै निर्वाचन तोकिएकै मितिमा सम्पन्न गराउन सजक र सतर्क हुनुपर्ने बताउनुभयो।

एमाले-माओवादी केन्द्र र कांग्रेसका शीर्ष नेताका साथै निर्वाचन आयोगको सहमतिमा नै मतपत्रबारे टुंगो लागेको बताउँदै निर्वाचनको प्रक्रिया शुरू भएकाले कसैले पनि बखेडा गर्न आवश्यक नभएको बताउनुभयो। 'मतपत्रको विषयलाई लिएर अदालतले कारण देखाउ आदेश दिएपछि हामीलाई केही चिसो पस्यो। यस्तो नहोस्। तोकिएको समयमै निर्वाचन सम्पन्न हुनुपर्छ।' -प्रचण्डले भन्नुभयो।

'सभामुखले संसद् स्थगित गर्नुभएको छ, संविधानको म्याद आगामी माघ ७ गतेसम्म छ', प्रचण्डले भन्नुभयो- 'यदि कसैले निर्वाचनमा व्यवधान खडा गर्छ भने संसद्‌को अवधि माघ ७ गतेसम्म छ। तोकिएको समयमा निर्वाचन सम्पन्न गर्न कहींकतैबाट व्यवधान नहोस्।'

निर्वाचन आयोगले तयार पारेको मतपत्रको ढाँचाबाट कुनै पनि नागरिक वा मतदाताको कुनै संवैधानिक, कानुनी, मौलिक तथा नागरिक हकको प्रयोगमा बाधा नपुग्ने, मतपत्रमार्फत मतदाताले मन पराएको दल वा उम्मेदवार छनोट गर्न र गोपनीयतामा कुनै व्यवधान नपुग्ने तथ्य पनि दुई दलले स्पष्ट पारेका छन्।

मुलुक निर्वाचनमा अग्रसर भइसकेको अवस्थामा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा प्रयोग हुने मतपत्रका सम्बन्धमा अनावश्यक बहस विवादमा नअल्झी घोषित समयमा नै निर्वाचन सम्पन्न गर्ने कार्यमा योगदान पुऱ्याउनसमेत एमाले र माओवादीले सरकारलाई आग्रह गरेका छन्।

बुधबार सर्वोच्च अदालतले दिएको आदेशप्रति आफूहरूको ध्यानाकर्षण भएको भन्दै वाम गठबन्धले लोकतान्त्रिक अभ्यासलाई अवरुद्ध पार्ने, लोकतान्त्रिक प्रणालीलाई कमजोर बनाउने र जनताको अधिकारलाई कुण्ठित गर्ने कार्यप्रति सजग रहनुपर्नेमा जोड दिएका छन्।

## किरियापुत्रीसमेत मलामी

दमक, (नेस)

ठूलोबुबा एवं जेठा ससुराको निधन भएपछि किरियापुत्रीसमेत मलामी गएका छन्। ४ दिनअघिदेखि आफ्ना बुबाको काजकिरिया गर्दै आएका भतिज र भतिजीबुहारी बिहीबार आर्यघाट पुगेर ठूलोबुबा एवं ससुरालाई श्रद्धाञ्जली दिएका हुन्।

मोरङको उर्लाबारीस्थित बक्राहखोलामा गरिएको अन्त्येष्टि कार्यमा भतिज प्रेमलकुमार खनाल र जेठी भतिजीबुहारी छाया खनाल सहभागी थिए। किरियापुत्री झापाको दमकबाट बक्राहखोला पुगेका थिए।

सहोदर भाइ मित्रप्रसाद खनालको निधन भएको ४ दिनपछि दाजु देवीप्रसाद खनालको बुधबार साँझ निधन भएको थियो। किरियापुत्री आर्यघाट पुगेको देखेर धेरैजसो मलामीले आश्चर्य व्यक्त गरे भने अन्यले काजकिरियालाई समयसापेक्ष बनाउन मद्दत मिलेको चर्चा गरे। विगतमा किरियापुत्रीले मतदान गरेको, परीक्षा दिएको जस्ता कुरा चर्चामा आउने गर्थ्यो।

(क्रमशः पृष्ठ ९ मा)






# तालमेलको कुरा अझै मिलेन

नेपाल समाचारपत्र

काठमाडौं

मंसिर २१ गते हुने दोस्रो चरणको निर्वाचनका लागि अन्य दलसँग तालमेल र उम्मेदवार छनोटको गृहकार्यमा जुटेको नेपाली कांग्रेसले संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीसँगको छलफललाई निष्कर्षमा पुऱ्याउन सकेको छैन।

कात्तिक १६ गते उम्मेदवारको मनोनयन दर्ताको समय भए पनि कांग्रेसले बिहीबारसम्म अन्य दलसँगको तालमेलका लागि क्षेत्र निर्धारण गर्न सकेको छैन। आफ्नै दलभित्रसमेत आकांक्षी नेताहरूको व्यवस्थापन गर्न गाह्रो परिरहेको कांग्रेसलाई तराईका प्रमुख दलहरू समेटेर आफ्नो नेतृत्वमा छुट्टै चुनावी गठबन्धन बनाउन नसक्दा प्रमुख वाम घटक दल नेकपा एमाले र माओवादी केन्द्रको सहकार्यले आगामी निर्वाचन जित्न चुनौती थपिएको छ।

कांग्रेस र मधेस केन्द्रित दलको कार्यदलसहित शीर्ष नेताहरूको बैठकमा संघीय समाजवादी फोरम र राजपाले प्रदेश नम्बर २ का ३२ सिटमध्ये एकमुष्ट २४ स्थान आफूले पाउनुपर्ने बटमलाइन प्रस्तुत गरिरहेका छन् भने कांग्रेसले १६ क्षेत्र आफूलाई चाहिने बताइरहेको छ। यसबारेमा कांग्रेसले आज शुक्रबार पनि छलफल गर्ने कांग्रेस नेता डा. प्रकाशशरण महतले जानकारी दिनुभएको छ। तराईका दलहरूसँग तालमेलमा ढिलाइ भएसँगै पहिलो चरणमा चुनावी तालमेल गरेको अन्य दलहरूसँग तालमेलका लागि क्षेत्र निर्धारण गर्नसमेत कांग्रेसलाई सकस भइरहेको छ।

यता कांग्रेस संसदीय समितिले प्रतिनिधिसभामा शीर्ष नेताहरूका लागि क्षेत्र टुंगाउने अन्तिम गृहकार्य गरेको जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# म्यादी बन्न 'दही र केरा'

**मोतीराम तिमल्सिना, काभ्रे**

अचम्म लाग्न सक्छ। म्यादी प्रहरी बन्न के-के आवश्यक छ ? शरीरको तौल, उचाइ, छाती र सरकारले तोकेको मापदण्ड पूरा भएको हुनुपर्छ। तर धुलिखेलमा भइरहेको छनोटमा अनौठा दृश्यहरु देखिएका छन्। म्यादी बन्न सहभागीहरुले दही र केराको भरपुर उपयोग गरिरहेका छन्।

मण्डन देउपुर नगरपालिका जोगिटार घर भएकी २२ वर्षीया युवती अनिता नेपाल तौल कम भएपछि चार कोसा केरा र दुई गिलास दही पिएर दुई केजी वजन बढाउँदै म्यादीका लागि प्रारम्भिक स्वास्थ्य परीक्षणमा उर्त्तीण भएकी छिन्। 'पहिला आउँदा वजन कम भएकाले फालिएँ, केही घण्टामै दही र केरा खाएर गएँ, प्रारम्भिक परीक्षणमा उर्त्तीण भएँ', उनले भनिन्- 'वजनभन्दा पनि आँट भएकाले म्यादी बन्न आएकी हुँ।'

२२ वर्षीया नेपाल मण्डन देउपुर नगरपालिकाकै डेडिथुम्का उच्च माविको कक्षा ११ मा अध्ययनरत छिन्। २०७२ सालको भूकम्प जानुअघि उनी असाध्यै मोटी थिइन्। सबैले उनलाई मोटो भएको भनेर जिस्क्याउँदै थिए। तर दैवको लिला भूकम्पले उनका सबै सपनाहरु उडाए र उनी १५ केजी घटिन्। २५ वर्षीय दाजु बद्रिप्रसाद नेपालको भूकम्पमा परी घरमै पुरिएर निधन भयो।

एक छोरा र एक छोरी मात्रै भएको नेपालको घरमा बज्रपात भयो। कमाइ गर्ने छोरासमेत गुमेपछि परिवार नै विक्षिप्त भयो। त्यही शोकमा बाबुआमा र छोरी अनितासमेत दुब्लाउन पुगिन्। सरकारले उपलब्ध गराएको पहिलो किस्ताको अनुदान राहत ५० हजार लिए पनि घर बनाउने सुरसार गर्नै नसकेको नेपाल परिवारको समस्या धान्न अनिता म्यादी प्रहरी बन्ने धुनमा धुलिखेल आइन्। म्याद सकिने अघिल्लो दिन मात्रै उनले म्यादी प्रहरीमा भर्ना खुलेको जानकारी प्राप्त गरिन्। हतारहतार फारम भर्दा उनको दर्ता नम्बर ३०४५ मा पुग्यो। उनी पछि ४ सय १० जनाले फारम भरेका छन्। जिल्ला प्रहरी कार्यालयलाई आवश्यक संख्या जिल्लाका लागि १५ सय १६ मात्रै हो। प्रहरीको तथ्यांकमा नेपालजस्तै ३४ सय ५५ जनाले म्यादी प्रहरीका लागि फाराम भरेका छन्।

'सर शरीरमा बल छ, तौल कम छ', नेपालले भनिन- 'सबैभन्दा ठूलो हिम्मत छ।' हिम्मतका आधारमा घरमा भएको पीडालाई छोरा नभए पनि छोरीले पनि कमाएर अभिभावकको साहरा बन्न सक्छन् भन्ने देखाउन म्यादी प्रहरी बन्न आएको अनिताले बताइन्।
प्रहरीले प्रारम्भिक स्वास्थ्य परीक्षणमा महिलाहरुका लागि ४.१० उचाइ, सिट अप ५ पटक, ४० कटेकाको हकमा ३ पटक, दौड महिलालाई एक किलोमिटरको ५ मिनेट र ४० कटेकालाई ७ मिनेटको समय दिएको छ। पुरुषहरुका लागि ५.२ इन्च उचाइ, सिट अप १० पटक, उमेर समूह ४० कटेकालाई अलि कम र दौडको समय पनि फरकफरक राखेर प्रारम्भिक स्वास्थ्य परीक्षण गरिरहेको छ। टाटु, दुवी नभएका व्यक्तिहरुलाई छनोट गरिरहेको छ। बुधबार हुने लिखित परीक्षामा झण्डै तीन हजार परीक्षार्थी सहभागी हुने एसपी सहकुलबहादुर थापाले जानकारी दिए।

सामान्य लेखपढ गर्न जान्नेलाई समेत अवसर प्रदान गरिएको प्रहरी प्रवक्ता डीएसपी महेन्द्र मरासिनीले जानकारी दिए। प्रारम्भिक स्वास्थ्य परीक्षणबाट झण्डै ५ सय व्यक्तिहरु अयोग्य देखिएको मरासिनीले जानकारी दिए। म्यादी बन्न एकाघरका तीन जनासम्म सहभागी भएका छन्। मास्टर्स अध्ययन गर्दै गरेकी बनेपा अस्थायी घर भएकी मिङमा शेर्पा, कक्षा १२ अध्ययन गर्दै गरेकी उनकै बहिनी निमदिकी शेर्पा र बाबु हिमनिम तिम्बा शेर्पा म्यादीका लागि लिखित परीक्षाका लागि छनोट भएको डीएसपी मरासिनीले जानकारी दिए।



# उम्मेदवार नहुँदै पैसा वितरण

**नेपाल समाचारपत्र**

काभ्रे

असोज २८ गते मध्यरातमा म्याद सकिएर पुन: उम्मेदवारको सूचीमा सिफारिस भएका निवर्तमान सांसदहरुले उम्मेदवारको अन्तिम निर्णय नहुँदै निर्वाचन आचार संहिताविपरीत योजनाका नाममा पैसा वितरण गर्न थालेका छन्।

नेपाली कांग्रेसका क्षेत्रीय सभापतिसमेत रहेका प्रतिनिधि सभा क्षेत्र नम्बर १ का उम्मेदवार निवर्तमान सांसद तीर्थ लामाले जिल्ला समन्वय समितिमा असोज २८ गतेभित्र पेश गरिसक्नुपर्ने निर्वाचन क्षेत्र विकास र पूर्वाधार विकास दुबै कार्यक्रममा योजना छनोट नगरी निर्वाचनलाई केन्द्रित गरी योजना वितरण गरेका हुन्। पनौतीमा मल्पी ब्वाइज युनियनलाई उनले ई-लाईब्रेरीका लागि ५० हजार दिने घोषणा गरे। लामाले साविकको क्षेत्र नम्बर-१ का सबै गाविस र पछि विस्तारित भएका क्षेत्रहरुमा साढे ३ करोड रकमका योजनाहरु खल्तीमा राखेर अवस्था हेरी घोषणा गर्न थालेका छन्।

अर्का उम्मेदवार एवं नेपाली कांग्रेसका क्षेत्रीय सभापति निवर्तमान सांसद कञ्चनचन्द्र बादेले पनि योजनामा रकम वितरण गर्न थालेका छन्। बनेपाबाट सिनागाल जाने पुण्यमाता खोलाका लागि १० लाख रकम बोलेका बादेले बनेपामै रहेको टुकम्पो मन्दिरका लागि ५ लाख रकम कबोल गरेका छन्। व्यक्तिगत रकम विनियोजन गर्ने गरी बादे र लामाले योजनाहरु खल्तीमार्फत् वितरण गरिरहेका छन्। दुबैजना आगामी निर्वाचनका उम्मेदवार हुन्। उनीहरुलाई आचारसंहिता लाग्ने कि नलाग्ने ? भन्ने विषयमा कार्यकर्ता र दलहरुले आवाज उठाएका छन्। 'देशव्यापी ६ सय १ सांसदहरुले यसरी नै रकम वितरण गर्ने हो भने निर्वाचन कसरी स्वच्छ बनाउन सकिन्छ ?' - नागरिक समाजका एक अगुवाले भने।

आर्थिक वर्ष २०७४/२०७५ मा खर्च गर्ने गरी निर्वतमान सांसदहरुले योजना बाँडफाँड गरिसकेका छन्। उम्मेदवारहरुको सूची अन्तिम भई नसकेका कारण निवर्तमान सांसदहरुले निर्वाचन क्षेत्र विकास कार्यक्रम र निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमअर्न्तगतको बजेट बाँडफाँड गर्न सकिरहेका छैनन्। प्रत्यक्षतर्फबाट विजयी भएका नेपाली कांग्रेसका क्षेत्रीय सभापतिहरु तीर्थ लामा र कञ्चनचन्द्र बादेले असोज मसान्तभित्र पेश गरिसक्नुपर्ने योजनाको सूची अझै नबुझाएका हुन्। प्रत्यक्षतर्फका सांसदद्वय रामहरी र विदुरले ५० लाख रकममध्येको निर्वाचन क्षेत्र विकास कोषअर्न्तगतका योजनाहरु पेश गरिसकेका छन् भने समानुपातिकतर्फका कमला दोङ, श्याम श्रेष्ठ र उद्योग राज्यमन्त्रीसमेत रहेका निर्वतमान सांसद रेशम लामाले समेत योजनाहरु पेश गरिसकेका छन्। प्रत्यक्षतर्फका सांसदमार्फत् विनियोजन हुने ३ करोडबराबरका योजनाहरु भने टुंगो लागिसकेको छैन। सांसद विदुर सापकोटाले प्रस्तावित योजना भनेर पेश गरेका छन्।

तीन करोडका योजनाहरु छनोट गर्न निर्वाचन क्षेत्रमा ५१ प्रतिशत रकम विनियोजन गर्ने समानुपातिक सांसदहरु अनिवार्य रूपमा सदस्य बन्नेछन्। तीर्थको क्षेत्रमा माओवादी केन्द्रका सांसदद्वय श्याम श्रेष्ठ र कमला दोङले ५१ प्रतिशत रकम विनियोजन गरेका छन् भने सांसद सुवेदीको क्षेत्रमा रेशम लामाले ५१ प्रतिशत रकम विनियोजन गरेका छन्। त्यस्तै सांसद कञ्चनचन्द्र बादेको क्षेत्रमा एमालेका केशव बडालले ५१ प्रतिशत रकमका योजनाहरु छनोट गरेका छन्। क्षेत्र नम्बर ४ मा भने कुनै पनि सांसदहरुले ५१ प्रतिशतका योजनाहरु छनोट गरेका छैनन्। त्यही कारण सांसद विदुर सापकोटाले एकलौटी योजनाहरु छनोट गरी पठाइसकेका छन्। पार्टीबाट टिकट लिएर निर्वाचित सांसदहरुले एकलौटी रूपमा योजना छनोट गरेको विषयलाई पटक-पटक इस्यु बन्ने गरे पनि पार्टीले कडाइका साथ कार्यान्वयन गर्न नसकेको गुनासो आम कार्यकर्ताहरुको रहेको छ।

नेपाली कांग्रेसका तीर्थ प्रतिनिधि सभाक्षेत्र नम्बर १ बाट पार्टी एकीकरणअघि नै सर्वसम्वत उम्मेदवार भए पनि फोरमबाट आएका गणेश लामाले समेत दावी गरेपछि दुविधामा छन्। उनले विनियोजन गर्ने योजनाहरु आगामी चुनावी नारा बनाउने योजना बनाएका छन्। सोही कारण लामा र बादेले योजना छनोट नगरेका हुन्। ५० लाखसम्मका योजनाहरुको छनोट असोज मसान्तभित्रै गरिसक्नुपर्ने थियो। त्यही बेला असोज २८ गते सांसदहरु निर्वतमान भएपछि योजना छनोटलाई आगामी निर्वाचन केन्द्रित गरेका छन्। एमालेका दुबै सांसद प्रत्यक्षका उम्मेदवार भएनन् भने नेपाली कांग्रेसका दुबै सांसद पुन: उम्मेदवार बन्ने रस्साकस्सिमा छन्। बादे प्रतिनिधि सभा २ अर्थात् सोही निर्वाचन क्षेत्रको प्रदेश 'ख' बाट उम्मेदवार बन्नेछन्। ५० लाखसम्मका योजनासमेत दुई सांसदहरुले पेश नगरेपछि जिल्ला समन्वय समिति अन्योलमा परेको छ। पेश गरेका योजनाहरु पनि कार्यकर्ता निकट छन्।

# जेनीले ल्याइन् अर्को गीत



अभिनेतृ तथा निर्मात्री जेनी कुँवरले *छाडेउ श्री हजुर मनमा* बोलको गीत म्युजिक भिडियोसहित सार्वजनिक गरेकी छिन्।

उनको यो गीत र म्युजिक भिडियो राजधानीको रिपोर्टर्स क्लबमा आयोजित कार्यक्रममा पूर्वसंस्कृतिमन्त्री दीपकुमार उपाध्यायले सार्वजनिक गरेका थिए। अभिनेतृ कुँवरको शब्द, संगीत र स्वर रहेको गीतको म्युजिक भिडियो समन अधिकारीले निर्देशन गरेका छन् भने छायांकन दीपेन्द्र थपलियाले गरेका छन्। भिडियोमा जेनी स्वयंले अभिनय गरेकी छिन् भने सम्पादन लोकेश व्रजाचार्यले गरेका छन्।

कार्यक्रममा शास्त्रीय संगीतकार प्रभुराज ढकालले संगीतको मुख्य बिन्दु शास्त्रीय संगीत भएको चर्चा गर्दै स्वर संगीतपछिको विषय भएको बताए। त्यसै गरी गायिकासमेत बनेकी जेनीले सत्याकृत ब्यान्डमा जोडिएदेखि सत्यको पछि लाग्न थालको तथा हिजोका दिनमा गरेका कामहरु, मैले अङ्ग देखाएर अभिनय गरेका भिडियोहरु चल्नकै लागि मात्र गरेको महसुस भएको बताइन्। 'कला छोपेर देखाउँदा पनि देखिन्छ, अङ्ग प्रदर्शन गर्नु आवश्यक रहेनछ भन्ने लाग्छ' -उनको भनाइ थियो। कार्यक्रममा उक्त ब्यान्डले मधुस्मृति बोलको गीत प्रस्तुत गरेको थियो।

# पल र आँचलको रोमान्स

अभिनेता पल शाह तथा अभिनेतृ आँचल शर्माको जोडी फिल्मको पर्दामा त हिट छ नै। उनीहरुको जोडीले विगतमा केही फिल्म उत्कृष्ट अभिनय प्रस्तुत गरिसकेको छ भने दुईबीच अफेयर्सको चर्चा पनि चल्ने गरेको छ। पछिल्लो समय मह सञ्चारको फिल्म *शत्रु गते*मा काम गरिरहेको यो जोडिले एउटा रोमान्टिक म्युजिक भिडियोमा रोमान्स पनि गरेको छ।

गायक राजेश लामाको स्वरको *जानी नजानी* गीतको म्युजिक भिडियोमार्फत पल र आँचलको जोडी पुन: एकपटक दर्शक तथा स्रोतामाझ आएको छ। गायक लामाले विगतमा *नक्कली नानी* बोलको गीतबाट स्रोताका मन जितिसकेका छन्। विकास सुवेदीद्वारा निर्देशित उक्त गीतमा किशोर घिमिरेका शब्द तथा सुरज शाही ठकुरीका संगीत सुन्न सकिन्छ। अनिल के मानन्धरद्वारा छायांकन गरिएको गीतको म्युजिक भिडियोको सम्पादन सुप्रिम पराजुलीले गरेका छन्।



# १० मिनेटको नाटक मेला हुने

नेपाली रंगमञ्च तथा रंगकर्मप्रति नयाँ पुस्ताको लगाव र जुझारुपनलाई मध्यनजरमा राखी सर्वनाम थिएटरले *१० मिनेट नाट्य मेला*को आयोजना गर्ने भएको छ। देशव्यापीरूपमा आयोजना हुन लागेको मेलाको मूल उद्देश्य रंगकर्ममा आफ्नो कल्पनाशीलता र प्रतिभा देखाउन इच्छुक रंगप्रेमीलाई स्थल र माध्यम उपलब्ध गराउनु रहेको सर्वनामले जनाएको छ।

मेलामा सहभागी हुन नाट्य प्रस्तुतिको अवधि अधिकतम १० मिनेट वा सोभन्दा कम हुनुपर्ने, न्यूनतम सेटिङ र सामग्रीको प्रयोग गर्नुपर्ने, आवश्यक प्राविधिक पक्षको परिचालन गर्न सहभागी आफैंले व्यवस्थापन गर्नुपर्ने, सम्पूर्ण लागत तथा खर्च सहभागीले नै व्यहोर्नुपर्ने, उपत्यकाबाहिरका सहभागीको हकमा खान बस्नको व्यस्वथा स्वयंले गर्नुपर्ने प्रावधान राखिएको छ।

सर्वनामका अनुसार नाट्य प्रस्तुति एकल वा समूहगत हुन सक्नेछ तर एउटा निर्देशकले एउटा मात्र नाटक दर्ता गर्न पाउनेछ, नाटकको कथा तथा विषयवस्तुमा कुनै जाति, धर्म, समुदायलाई असर पर्ने वा कसैको व्यक्तिगत जीवनमा असर पार्ने खालको र अश्लील शब्दको प्रयोग गर्न पाइने छैन, मेलामा सहभागिता जनाउन आगामी मंसिर २० गतेभित्र सर्वनाम थिएटरमा सम्पर्क गर्नुपर्नेछ।









# विचार

प्रेम दुई प्रेमीबीचको
पारदर्शी पर्दा हो।
-खलिल जिब्रान

जीवन एक गतिशील
छाया मात्र हो।
-विलियम सेक्सपियर

## सम्पादकीय

नेपाल समाचारपत्र

### व्यवस्थित भूउपयोगको खाँचो

हिमाल, पहाड, तराई तीनै किसिमको भूभाग भएको मुलुक हो नेपाल । यहाँ जस्तो किसिमको भूमि चाहिए पनि पाइन्छ । तर यहाँको भूमिको उचित उपयोग हुन सकेको छैन । उर्वर भूमिमा कंक्रिटको शहर विस्तार भइरहेको छ भने नदीकिनारहरु औद्योगिक फोहोरले भरिएका छन् । उता चुरे दोहनले सो क्षेत्र मरुभूमिमा परिणत भइरहेको छ । खेतीपातीमा आकर्षण कम हुँदा आधुनिक कृषि प्रणली अवलम्बन गर्नु त परै जाओस्, परम्परागतरुपमा हुँदै आएको खेतीमा पनि कमी आएको छ। जमिन बाँझो हुने क्रम बढेको छ। २०७२ सालको भूकम्पपछि त भूकम्प प्रभावित ग्रामीण बस्तीहरु झाडीमा परिवर्तन भएका छन्। त्यसैले यहाँ व्यवस्थित भूउपयोगमा जोड दिनुपर्ने देखिएको छ ।

हाम्रो मुलुकमा कृषि नै अर्थतन्त्रको मेरुदण्ड हो । तर यहाँ बढ्दोरुपमा जनसंख्या वृद्धि, खेतीयोग्य भूमिको सीमितता, खेतीपाती गर्ने पुरानै प्रचलन, प्राकृतिक स्रोतहरुको जथाभावी प्रयोग, अज्ञानता आदि कारणले कृषि उत्पादनमा क्रमिकरुपमा ह्रास आउँदै गइरहेको छ । यतिसम्म कि केही दशकअघि खाद्यान्न निर्यात गर्ने यो मुलुक आज आएर विदेशबाट खाद्यान्न आयात गर्नुपर्ने अवस्थामा पुगेको छ। बर्सेनि यहाँ खाद्यान्नसहित तरकारीजन्य वस्तुहरुको संकट बढिरहेको छ । यसले गर्दा जनता महँगीको मारमा परिरहेका छन् । समयमा नै व्यवस्थित भूउपयोगप्रति ध्यान नदिने हो भने भविष्यमा विकराल स्थिति नआउला भन्न सकिन्न ।

उद्योग, आवास र कृषिका लागि उपयोगिताका आधारमा जमिन छनोट गरी पूर्वाधार विकासमा सरकारले नै जोड दिनुपर्छ । यस्तै कृषि भूमिलाई चक्लाबन्दी गर्ने योजना ल्याउनुपर्छ । देशको अर्थतन्त्रमा कृषिक्षेत्रको ठूलो योगदान रहेको छ। त्यसैले बहुसंख्यक किसानको रोजगारी र आम्दानीका अवसरहरु वृद्धि गर्न कृषिक्षेत्रको व्यवसायीकरण एवम् व्यापारीकरण गर्न जरुरी छ। तराईको उर्वर भूमिमा सिंचाइ सुविधा उपलब्ध गराउने, वैज्ञानिक कृषि प्रणाली अवलम्बन गर्ने र वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गरी गरिब किसानलाई जग्गा वितरण गर्न आवश्यक छ ।

हुन त कृषि भूमि बाँझो राख्ने प्रवृत्ति हटाउन र उर्वर जग्गाको गैरकृषि प्रयोगलाई निरुत्साहित गर्न सरकारले केही वर्षअघि भूउपयोग नीति ल्याएको थियो । सो नीतिले भूबनोटलाई कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, वन र सार्वजनिक उपयोग गरी ६ भागमा वर्गीकरण गरेको थियो। तर यो नीति कागजीरुपमा मात्र सीमित हुँदा समस्या झनै चर्कंदै गएको देखिन्छ । त्यसैले उपयुक्तता र आवश्यकताअनुसारको व्यवस्थित भूउपयोग नीति निर्माण र यसको कार्यान्वयनतर्फ सरकारको ध्यानाकर्षण होस् ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# यौन, प्रेम र विवाहमा आएका परिवर्तनहरू



दामोदर पौडेल

शायद २०२८ सालतिरको कुरा हो, परिवार नियोजनको भर्खरै प्रचार भएको थियो। परिवार नियोजनका छोटा विज्ञापन दिइन्थे। त्यो विज्ञापन बाबुआमाको अगाडि सुन्नु अपराधजस्तै थियो। ५० वर्ष पनि भएको छैन, समाज धेरै बदलियो। बदलिन आवश्यक पनि थियो। त्यो समयमा यौनका कुरा अहिले जसरी हुँदैनथे। प्रेम गर्ने कार्य अपराधजस्तै थियो। विवाहपहिलेको यौनसम्बन्धले सामाजिक र कानुनी मान्यता पाएको थिएन। विवाहिता महिलाले पनि पतिबाहेक अरुसँग यौनसम्बन्ध राख्नु अपराध मानिन्थ्यो। त्यो व्यवस्था त २०५८ सालसम्म नै कायम थियो। मुलुकी ऐनको लोग्ने स्वास्नीको २ नं.मा स्वास्नीले अर्कोसित करणी गराएको ठहरेमा वा पोइल गएमा लोग्ने-स्वास्नीको सम्बन्ध स्वत: विच्छेद हुन्छ भन्ने उल्लेख थियो। अहिले पनि समाजमा पति-पत्नीले अरुसँग यौनसम्बन्ध राख्नुहुँदैन भन्ने नै छ। सामाजिक परम्पराले पति-पत्नी हुँदाहुँदै अरुसँगको यौनसम्बन्धलाई मान्यता दिँदैन। यो परम्परा स्वाभाविक पनि हो। पति र पत्नी भनिने तर उनीहरुको यौनसम्बन्ध अरुसँग नै हुने हो भने र उनीहरुबीच यौनसम्बन्ध नहुने हो भने ती पति-पत्नीको नाताको कुनै अर्थ पनि रहँदैन।

अहिलेको संशोधित मुलुकी ऐनको लोग्ने स्वास्नीको दफा २ मा स्वास्नीले अर्कोसँग विवाह गरेमा त्यस्तो लोग्ने-स्वास्नीको सम्बन्ध स्वत: विच्छेद हुन्छ भन्ने उल्लेख छ। यसको अर्थ प्रस्ट छ कि पत्नी र पतिले अरु महिला वा पुरुषसँग यौनसम्बन्ध राखेको आधारमा पति-पत्नीको सम्बन्ध विच्छेद हुँदैन। यो यौनस्वच्छन्दताको प्रतिक हो। समाजले यसलाई स्वीकार पनि गरेको छैन। पत्नीले म तिम्री पत्नी हुँ तर तिमीसँग यौनसम्बन्ध राख्दिनँ भन्न पाउँछिन्। स्वास्नीको चाहना नहुँदा नहुँदै पतिले यौनसम्बन्ध राखेमा त्यो बलात्कार हुन्छ। मुलुकी ऐन जबर्जस्ती करणीको महलको दफा ३ को व्यवस्थाअनुसार लोग्नेले स्वास्नीलाई जबर्जस्ती करणी गरेमा उनलाई ३ वर्षदेखि ५ वर्षसम्म कैद हुन्छ। तर महिलाले आफ्नो पतिबाहेक अन्य कुनै पुरुषसँग यौनसम्बन्ध राख्न ऐन उदार देखिन्छ।

मुलुकी ऐन विवाहवारीको महलमा महिला र पुरुषको लागि विवाहको लागि न्यूनतम उमेर २० वर्ष तोकेको छ। तर मुलुकी ऐन जबर्जस्ती करणीको १ नं. मा १६ वर्ष उमेर पुगेका महिलासँग कुनै पुरुषले उनको मञ्जुरी लिएर यौनसम्बन्ध राख्ने अधिकार पाएका छन्। त्यो अधिकार महिलाको पनि हो। तपाईं १६ वर्ष पुगेपछि खुलेर यौनसम्बन्ध राख्न सक्नुहुन्छ। तपाईंलाई कानुनले नै संरक्षण गर्दछ। तपाईंको खुशीले जति जनासँग पनि यौनसम्बन्ध हुन सक्छ तर विवाह भने २० वर्षपछि मात्र हुन सक्छ। पति-पत्नीबीचका अरु धेरै सम्बन्ध महत्वपूर्ण छन्। ती सम्बन्धले उनीहरुको र सन्तानको जीवनमा नै ठूलो भूमिका खेल्दछ। तर निर्णायक सम्बन्ध भनेको यौन नै हो। यौनसम्बन्ध पनि विवाहपहिला जोसँग जतिसँग पनि हुन सक्ने र विवाहपछि पनि पतिसँग यौनसम्बन्ध नराख्ने महिलाको अधिकार हुने र अरुसँग महिलाले यौनसम्बन्ध राख्दा कानुन उदार हुने व्यवस्था उचित मानिदैन र ती कानुनी ल्याप्सेज (कमजोरी)लाई समाजले केही रोकेर राखेको छ।

आजको मितिमा महिलाले आफ्नो पतिसँग यौनसम्बन्ध राख्दिन र अरुसँग यौनसम्बन्ध राख्छु भन्छे भने पतिले उनीसँग सम्बन्ध विच्छेद नगरी अर्को विवाह गर्न सक्दैनन्। अरु महिलासँग खुशीराजीले यौनसम्बन्ध राख्न नसक्ने पुरुषले महिलासँग सम्बन्ध विच्छेद नगरी विवाह गर्न नपाउने भएपछि उनीको यौनअधिकार नै कुण्ठित हुन्छ। उनले सम्बन्ध विच्छेद गर्न पत्नीले नमानेमा ५ वर्षसम्म कुर्नुपर्ने हुन्छ। पत्नीले अर्को पुरुषसँग विवाह नगरी यौनसम्बन्ध मात्र राख्न चाहेमा उनले सम्बन्ध विच्छेद भएमा पनि पतिसँग अंश लिएर मजासँग अरु पुरुषहरुसँग यौनसम्बन्ध राख्न सक्छिन्। यो कानुनी व्यवस्था न्यायपूर्ण छैन भन्ने धेरै महिलाहरुको पनि मत रहेको छ।

पतिले पत्नीसँग सम्बन्ध विच्छेद गर्न सजिलो छैन। उनले पहिला स्थानीय निकायमा मुद्दा दिनुपर्दछ। एक वर्षसम्म त्यो निकायले मिलाउन प्रयास गर्दछ। सकेसम्म महिलाले पति हुँदाहुँदै अरुसँग करणी गराउने गरेको भए पनि म अब त्यस्तो गर्दिनँ भनेमा उनलाई माफ हुने सम्भावना रहन्छ।

मुलुकी ऐन लोग्ने स्वस्नीको महलको १ नं. मा पत्नीले अरुसँग करणी गराएमा पुरुषले सम्बन्ध विच्छेद गर्न पाउने आंशिक अधिकार छ। तर त्यसको लागि स्थानीय निकायमा मुद्दा दिनुपर्ने हुन्छ। स्थानीय निकायले त्यस्तो अवस्थामा पनि सकेसम्म मिलाएर पठाउनुपर्ने व्यवस्था उक्त महलको दफा १ (क) ले गरेको छ। पत्नीले मबाट गल्ती भयो अब त्यो गल्ती दोहोरिँदैन भनेमा पतिले अरुसँग यौनसम्बन्ध राख्ने गरेकी पत्नीलाई पनि राख्नुपर्ने हुनसक्छ। छिमेकीहरुसँग यौनसम्बन्ध राख्ने गरेकी महिलाले माफ मागेको भरमा पतिले राख्नुपर्ने भए पतिको मानसिक अवस्था के होला, अनुमान गर्न कठिन छैन। तर धन्य हो, समाजले बहु यौनक्रियाकलापलाई स्वीकार गरेको छैन।

> पत्नीले मबाट गल्ती भयो अब त्यो गल्ती दोहोरिँदैन भनेमा पतिले अरुसँग यौनसम्बन्ध राख्ने गरेकी पत्नीलाई पनि राख्नुपर्नेहुनसक्छ। छिमेकीहरुसँग यौनसम्बन्ध राख्ने महिलाले माफ मागेको भरमा पतिले राख्नुपर्ने भए पतिको मानसिक अवस्था के होला, अनुमान गर्न कठिन छैन।

रेप सम्बन्धमा पनि त्यही अवस्था छ। एउटा भनाइ आयो कि कोठाको चुकुल महिलाले लगाए प्रेम हुन्छ र पुरुषले लगाए रेप हुन्छ। मलाई करिब २० वर्षपहिलेको घटना याद छ। एउटी महिलालाई एक गाडीका साहु र चालक भएर केही पैसा दिने सल्लाहमा यौनसम्पर्क राखेछन्। पछि उनीहरुले पैसा दिएनछन्। महिला आफ्नो पेन्टी लिएर प्रहरी कार्यालयमा मलाई रेप भयो भन्दै पुगिन्। केटाहरुले खुशीले भएको यौनसम्पर्कमा पैसा नदिएकोले केही वर्ष जेलमा बस्नुपरेको थियो। यी त प्रतिनिधि उदारण मात्र हुन्। महिलाले खुशीले पुरुषसँग सहवास गरे त्यो अपराध नहुने तर त्यसको लक्ष्मण रेखा र मापदण्ड नहुनु भनेको मैले त्यही सम्बन्ध आफूले चाहे खुशीराजीले सम्भोग गराएको नचाहे रेप भयो भन्ने अधिकार हुन पुगेको छ। यसमा सुधार हुनुपर्ने हो। अन्यथा हरेक यौनसम्बन्ध महिलाले चाहेमा रेप हुने भयो, पतिसँग भएकोमा पनि।

त्यसैले कानुनमा सुधार आवश्यक छ। रजश्वला नभएकी केटीसँग यौनसम्बन्ध कसैले राखेमा त्यस्तालाई मृत्युदण्डसरहको सजाय हुन आवश्यक छ। रजश्वला भएर करिब १६ वर्ष भएकी महिलासँग यौनसम्बन्ध कसैले राखेमा त्यस्तालाई समेत अहिलेको भन्दा पनि कडा कानुन राखे हुन्छ। तर १६ वर्ष कटेकी महिलासँग कसैले यौनसम्बन्ध राखेमा उनीहरुबीचको सम्बन्ध जबर्जस्ती भएको हो भने महिलाको अंगमा भएको चोटसमेतबाट देखिएमा सोको गाम्भीर्यताको आधारमा सजाय हुनुपर्ने देखिन्छ। रेपपछि गरिने हत्यालाई सामान्य हत्याभन्दा पनि ठूलो अपराधमा राखिनु अवश्यक छ। तर महिलाले चाहेमा करिब सबै यौनसम्बन्धमा रेपको आरोप लाग्न सक्ने अवस्थाको अन्त्य आवश्यक छ।

महिलाले पतिलाई यौन हैरानी गर्ने, दु:ख दिएर नै अंश लिई सम्बन्ध विच्छेद गर्ने, महिलाले जे गरे पनि यौनअपराध नहुने र पुरुष गल्ती नगरे पनि शंकाको घेरामा पर्ने अवस्थाको अन्त्य आवश्यक छ। अन्यथा समाजिक नैतिकतामा नै ह्रास आउँछ।

महिला र पुरुषले स्वेच्छाले यौनसम्बन्ध १६ वर्षदेखि नै गर्न सक्ने, बच्चा पनि पाउन सक्ने तर विवाह भने २० वर्षभन्दा पहिला गरेमा सजाय हुने देखिएको छ। त्यसैले मैले बारम्बार उल्लेख गर्ने गरेको तथ्यमा सबैको ध्यान जान आवश्यक छ कि १६ वर्ष पुगेपछि यौनसम्बन्ध राख्न सकिन्छ, बच्चा पनि हुन सक्छ र विवाह गर्नको लागि भने २० वर्ष नै पुग्नुपर्दछ, सो नभए सजाय हुन्छ भन्ने व्यवस्था न्यायपूर्ण छैन। कि विवाह भनेको सिन्दुर थाप्ने र लगाउने काम मात्र हो, पहिला पनि यौनसम्बन्ध राख्न सक्छौ, बच्चा पनि पाउन सक्छौ र सिन्दुर हाल्ने कामसम्म २० वर्ष पुगेपछि गर्न पाइन्छ भन्न खोजिएको हो ?

पति-पत्नी भनेको जीवनभर साथको लागि, सन्तानहरुको सुखको लागि र संवेदनाहरु बुझ्नको लागि हो कि सिन्दुर र औंठीको भूमिका महत्वपूर्ण हो भन्ने अहं सवाल सबैबीच खडा छ।

अन्त्यमा, करिब-करिब फ्री सेक्सको अवधारणा कानुनले ल्याइसकेपछि पनि मुलुकी ऐनको आशय करणीको ५ नं. मा गैरकानुनी करणी गर्न स्वास्नी मानिसलाई फकाउने र बेस्या गमनको लागि सम्पर्क र व्यवस्था गर्नेलाई सजायको व्यवस्था छ। सेक्स फ्रीको जस्तो अवस्थामा अब पनि बेस्या भन्ने शब्द प्रयोग गर्न पाइन्छ र ? किनभने बेस्या भनेको पनि अधिक पुरुषहरुसँग यौनसम्बन्ध राख्नु थियो। महिलाले चाहे जति पुरुषसँग पनि यौनसम्बन्ध राख्न पाउने भएपछि पैसा लिएर त्यसो गर्न भने नपाउने पनि कतै उल्लेख छैन। अब मुलुकी ऐनमा बेस्या शब्द राखेकोले संसद्माथि गाली बेइजती मुद्दा पनि दिन मिल्ने कि ?

*(लेखक पौडेल अधिवक्ता हुनुहुन्छ )*

## पाठक पत्र

### वालुङ जातिको चाखलाग्दो विशेषता

नेपालको हिमाली क्षेत्रमा बसोवास गर्ने प्रमुख जातिमा वालुङ जाति पनि एक हो। यो जातिको प्राचीन थलो विशेष गरी पूर्वी नेपालको ताप्लेजुङ जिल्लाको ओलाङ्चुङ्गोला, याङ्मा, घुन्सा, लुङ्थुङ, लेलेप आदि हिमाली भूभाग नै हो। हाल विविध कारणले बसाइँ सर्दै फुङलिङ, तेह्रथुम, धनकुटा, काठमाडौं आदि क्षेत्र हुँदै छिमेकी देश भारत, युरोप, अमेरिका, क्यानाडा, अस्ट्रेलियामा समेत यो जाति छरिएको छ। यिनीहरूको आफ्नै इतिहास, जीवनशैली, भाषा, धर्म, संस्कृति तथा परम्परा रहेको छ। जो निकै चाखलाग्दा र अनौठा लाग्छन्।

यिनीहरूमा भएको विशेष सांस्कृतिक संस्कारले गर्दा नै धेरै लेखकहरू यो जातिसँग आकर्षित भएका छन्। विभिन्न स्वदेशी तथा विदेशी विद्वान्हरूले पुस्तक तथा विभिन्न लेखमा यस जातिका बारेमा धेरथोर जानकारी बाहिर ल्याइसकेका छन्। वालुङहरू विवाहपछि बच्चा जन्मनै पर्छ भन्ने मान्यता राख्छन्। त्यसो त छोराछोरी १७/१८ वर्ष पुगेपछि बाबुआमाले विवाहका लागि वरवधु खोज्ने कार्य गर्दछन्। यो समाजमा पनि छोराछोरीमा केही विभेद पाउन सकिन्छ। त्यसैले छोरीको तुलनामा छोरा जन्मदा बढी नै खुशी देखिन्छन्। तर पनि अन्य समुदायमा जस्तो सन्तान नजन्मेका कारणले अर्को विवाह गरिहाल्ने चलन भने छैन।

यो समाजमा सन्तानको जन्म हुँदा दिन तथा बारको निकै ख्याल गरिन्छ। सोमबार, बुधबार र शनिबार जन्मेको बच्चालाई निकै राम्रो मानिन्छ। अन्य समाजमा जस्तो गर्भिणी अवस्थामा गर्भको पूजा गर्ने चलन छैन र खोलानाला काट्नुहुँदैन, मठमन्दिर, पवित्र स्थलमा जानुहुँदैन भन्ने मान्यता पनि पाइँदैन। महिलाहरू रजश्वला भई शरीरमा अप्ठ्यारो परेमा आफैं पूजा स्थान तथा गुम्बा आदिमा जान त्यति रुचाउँदैनन्। गर्भिणी महिला विशेष परिस्थितिले माइत तथा अन्य स्थानमा बसे पनि बच्चा जन्मने बेलामा भने वैवाहिक घरमै जानुपर्ने नियम छ।

यिनीहरूको बसोवासस्थलमा अस्पताल, स्वास्थ्य चौकी, यातायात आदिको त्यति सुविधा नभएकाले बच्चा प्राय: घरमै जन्माउने गर्दछन्। अझै पनि रुढिवादी, अन्धविश्वासले गाँजिरहेको यो समाजमा गर्भावस्थामा अरूले देखेमा नजर लाग्छ भन्ने मान्यता पाइन्छ। त्यसैले गर्भवतीलाई घरभित्रै लुकाएर राखिन्छ। सासू, नन्द, आमाजू, जेठानी आदिबाट विशेष निगरानी राखिन्छ। घरमै पारम्पारिक विधिअनुसार सुत्केरी गराउने कारणले धेरै महिलाको मृत्यु सुत्केरी अवस्थामै हुने गरेको पनि पाइन्छ। बच्चा जन्मिइसकेपछि नजिक रहेको कुनै आफन्तले सानो बाँसको धारले बच्चाको नाल काटिदिन्छन्। साललाई नजिकको माटो अथवा बालुवामा लगेर गाडिदिन्छन्।

सुत्केरी आमालाई घामको किरण र चिसो हावाबाट बचाउन अँध्यारो कोठामा लगेर राख्ने चलन छ। सुत्केरी आमालाई कुखुरा, चौंरी आदिका मासुका परिकार, घिउ, ज्वानो, जाँड, उवाको पीठोको ढिँडो आदि खुवाउँछन्। सुत्केरीलाई अशुद्ध मान्ने चलन यो समाजमा छैन। महिना दिनसम्म सुत्केरीलाई विशेष स्याहारसुसार गरिन्छ। बच्चा जन्मेको एक वा दुई दिनपछि नै उवाको पीठो र चौंरीको घिउ मुछी विधिअनुसार बच्चाको मुखमा ख्वाइदिन्छन्। यसरी पहिलोपल्ट बच्चालाई खानेकुरा खुवाउने विधिलाई उनीहरू 'छेमा' अर्थात् स्वागत गरेको भन्दछन्।

छेमापछि उनीहरूको मुख्य कार्य भनेको न्वारन अर्थात् 'ठूसाल' हो। जुनसुकै संस्कार सम्पन्न गर्दा यो समाजमा पनि आफ्नो कुल पुरोहित लामाले नै गर्ने गर्दछन्। यो संस्कार सम्पन्न गर्दा पनि उनीहरूको स्थानीय पुरोहित लामालाई बोलाउने चलन छ। ठुसाल गर्दा यिनीहरू बच्चा जन्मेको सात दिनमा गर्दछन्। ठुसालमा एकजना सदस्यले सबेरै घरनजिकको मुहान, कुवा आदिबाट पानी ल्याएर विभिन्न धार्मिक विधिअनुसार पवित्र पारिन्छ। लामाले विभिन्न मन्त्रोच्चारण गरेर कलशको पवित्र जलले आमा र बच्चा दुवैलाई तितेपातीले छर्कने चलन छ। र, यसै जलयुक्त पानीले आमा र बच्चा दुवैलाई नुहाइदिइन्छ। यसरी नुहाउँदा विभिन्न अशुभ तत्व हटाउँछ र आमा तथा शिशुको रक्षासमेत हुन्छ भन्ने सामान्य मान्यता पाइन्छ।

न्वारनमा लामाले उनीहरूको परम्परागत धार्मिक ग्रन्थ 'नाम्ज्यो' वा 'मेन्जो' पुस्तक पढेर बच्चाको नाम राखिदिन्छन्। लामा नभएमा शिशुको हजुरआमा/हजुरबा तथा पाको सदस्यले बच्चाको नाम राख्न सक्छन्। यिनीहरू जन्म, बार, नक्षत्र, मिति आदिबाट बच्चाको नाम जुराउँछन्। जस्तै, आइतबार जन्मेकोलाई डिमा, निमा, सोमबारकोलाई दावा, मंगलबारकोलाई मिङ्मा, बुधबारकोलाई लाक्पा, बिहीबारकोलाई फुपू, शुक्रबारकोलाई पासाङ र शनिबारकोलाई पेम्बा भनिन्छ। यसरी दिन तथा बारको आधारमा नाम राख्दा नामको पछाडि छोरा भए छिरिङ, ग्याल्जेन, ठिले, तेन्जिङ आदि र छोरी भए फुटी, छ्योकी, डोमी, डिकी उपनाम पनि दिइने चलन छ। कतिपयमा बारविनाको नाम पनि दिएको पाइन्छ।

न्वारनमा बोलाइएका सबै आफन्त, छिमेकी तथा इष्टमित्रले सुत्केरी आमालाई पोसिलो खानेकुरा, पैसा, लत्ताकपडा तथा अन्य उपहार दिने र खादा लगाइदिने चलन पनि छ। यस दिन सबै आगन्तुकलाई चौंरीको घिउको टीका लगाइदिन्छन्। साथै सबै मिलेर 'धिन्ज्याङ' अर्थात् सामूहिक नाचगान पनि गर्छन्। यो समाजमा कुनै उत्सव तथा पर्वमा धिन्ज्याङ गर्ने चलन नै छ। हिन्दू समाजमा जस्तो बच्चाको छैटी, पास्नी आदि गर्ने चलन छैन। छेवर, व्रतबन्ध, गुन्यूचोली दिनेजस्ता संस्कार यहाँ पाइँदैन।

ठुसालपछिको सबैभन्दा महत्वपूर्ण संस्कार भनेको विवाह नै हो। यो समाजमा विशेष चार प्रकारका विवाह प्रक्रिया पाइन्छ- मागी विवाह, चोरी विवाह, प्रेम विवाह, र जबर्जस्ती विवाह आदि। विवाहको प्रक्रियाका आधारमा यसका विधि तथा रीतहरू पनि केही फरक पाइन्छन्। सबै समाजमा रीतअनुसार गरिने विवाह भनेको मागी विवाह नै हो। यो समुदायमा केही मात्रामा बहुपति विवाहको प्रचलन पनि विगतमा थियो। तर हिजोआज भने यो चलन त्यति देखिँदैन। यो प्रचलनलाई वालुङहरू आफ्नो मौलिक चलन नमानी तिब्बततिरबाट आयातीत संस्कार मान्छन्। यिनीहरूको विवाहमा सातदेखि एघार पुस्तासम्म साइनो केलाएर विवाह गरिन्छ। यो समाजमा पनि वर्गीय अवधारणा पाइन्छ, त्यसैले विवाहलाई वर्गले पनि प्रभाव पारेको यदाकदा भेटिन्छ। साधारणतया यो समाजमा छोराछोरीहरू १७/१८ वर्ष भएपछि विवाहको सुरसार गर्ने चलन छ। हुन त हिजोआज शिक्षा तथा अन्य बन्द व्यापार आदि कार्यले गर्दा यही उमेरमै विवाह गर्नुपर्छ भन्ने बलियो अवधारणा पाइँदैन। तर पनि सामान्य अवस्थामा केटाकेटीको वैवाहिक उमेर भनेको प्राय: यही नै हो। धेरैचोटि खेर गएर पुन: जन्मिएमा नराम्रो जीवजन्तु, पशु प्राणी आदिको पनि नाम राख्ने चलन छ। यस्तो नाम राखेमा बच्चा बाँच्छ भन्ने विश्वास पाइन्छ।

*- तिला न्यौपाने केसी, दोलखा*

## सामाजिक सञ्जाल



मतपत्र छाप्न होइन, व्यवस्थापनमा समस्या हो। २ वटा मतपत्र प्रयोग गर्दा ४० हजार मतपेटिका र करिब १ लाख कर्मचारी सुरक्षाकर्मी आवश्यक पर्छ।

**Yogesh Dhakal**
**@yodhakal**



संघर्षशील विगत भएका महान् प्रगतिशील लोकतन्त्रवादी डनहरुको उम्मेदवारीलाई मुलुक पूर्णसमाजवादको संघारमा पुगेको सुलक्षणका रुपमा बुझियोस्, जय होस्।

**Prashant Aryal**
**@Prashant68**



क्षमता र योग्यताका कारण कोही केही बन्छ भने उसलाई नेताको ट्याग लगाइराख्नुपर्दैन। नेताका आफन्तहरूमा पनि क्षमता हुन्छ, स्वीकार्नुपर्छ।

**एलिजा ढकाल**
**@aliza_prithak**

२०७४, कार्तिक
शुक्रबार
१०

{ काठमाडौंको गौरवका रूपमा रहेको काष्ठमण्डप स्थानीयबासीकै सहयोगमा पुन:निर्माण गर्ने गरी कार्यविधि निर्माण शुरू गरेको हो।



# नेपाल

# काष्ठमण्डप पुन:निर्माण गर्न नयाँ कार्यविधि तयार हुँदै

ईश्वरराज ढकाल, काठमाडौं

काठमाडौं महानगरपालिकाले काष्ठमण्डप पुन:निर्माण गर्न नयाँ कार्यविधि तयार गर्नेभएको छ।

काठमाडौंको गौरवका रूपमा रहेको काष्ठमण्डप स्थानीयबासीकै सहयोगमा पुन:निर्माण गर्ने गरी कार्यविधि निर्माण शुरू गरेको हो। कार्यविधि निर्माण संयोजक एवं कामपाका कानुन विभाग प्रमुख वसन्त आचार्यले कस्तो मोडलबाट निर्माण गर्ने भन्ने विषयमा कार्यविधि तयार गरिरहेको बताउनुभयो।

स्थानीयबासी र आफूले पुन:निर्माण गर्नुपर्ने माग गरिरहेको अवस्थामा कामपाले नयाँ कार्यविधि तयार गर्न लागेको हो। आचार्यले केही दिनमै कार्यविधि तयार गरी सबै सरोकारवालासँग छलफल गरिने बताउनुभयो। उहाँले कार्यविधि तयार भएलगत्तै पुरातत्व विभाग, राष्ट्रिय पुन:निर्माण प्राधिकरण, स्थानीय टोल सुधार समिति, काष्ठमण्डप पुननिर्माण अभियानका पदाधिकारीसँग छलफल गरी टुंगो लगाउने जानकारी दिनुभयो।

स्थानीय उपभोक्ता समितिको सहयोगमा कामपा आफैंले पुन:निर्माण गर्ने गरी कार्यविधि तयार भइरहेको छ। कामपाका मेयर विद्यासुन्दर शाक्यले केही दिनभित्र कार्यविधि तयार गरी पुन:निर्माणको कामलाई अघि बढाइने जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'हामी स्थानीय उपभोक्ता समितिको सहयोगमार्फत् पुन:निर्माण कार्य अघि बढाउनेछौं।'

पुरातत्त्व विभागले 'ड्रइङ' डिजाइन तयारी गरी कामपालाई हस्तान्तरण गरिसकेको अवस्थामा कामपाले कुन मोडलमा निर्माण गर्ने भन्ने विषयमा टुंगो नलाग्दा समस्या भएको हो। मेयर शाक्यले तत्काल पुन:निर्माण गर्न प्रक्रिया अघि बढिसकेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'प्रक्रिया अघि बढाइसकेका छौं, सथानीयसँगको सहमतिलगत्तै पुन:निर्माण शुरू गर्नेछौं।'

**गत वैशाख २६ गते राष्ट्रिय पुन:निर्माण प्राधिकरण, पुरातत्त्व विभाग, काठमाडौं महानगरपालिका तथा काष्ठमण्डप पुन:निर्माण अभियानबीच भएको समझदारीमा काष्ठमण्डपको पुन:निर्माण गर्ने जिम्मा काष्ठमण्डप पुन:निर्माण अभियानलाई दिएको थियो।**

'कामपाले जनताको लगानीलाई स्वीकार गरी पुन:निर्माण गर्ने तयारी गरेको छ। विदेशीको भन्दा पनि स्थानीयको सहयोग स्वीकार गर्ने गरी कार्यविधि तयार गर्ने तयारी गरेका छौं', -संयोजक आचार्यले भन्नुभयो।

मेयर शाक्यले जनप्रतिनिधि आइसकेको अवस्थामा अन्य निकायले भन्दा पनि महानगरपालिकाले नै पुन:निर्माण गर्ने जानकारी गराउँदै भन्नुभयो- 'यो महानगरबासीको सम्पत्ति हो, जनताको सहयोग लिएर कामपाले नै पुन:निर्माण गर्नेछ।'

गत वैशाख २९ गते राष्ट्रिय पुन:निर्माण प्राधिकरण, पुरातत्त्व विभाग, काठमाडौं महानगरपालिका तथा काष्ठमण्डप पुन:निर्माण अभियानबीच भएको समझदारीमा काष्ठमण्डपको पुन:निर्माण गर्ने जिम्मा काष्ठमण्डप पुन:निर्माण अभियानलाई दिएको थियो। पछि विवाद उत्पन्न भएपछि कामपा आफैंले पुन:निर्माण गर्ने गरी प्रक्रिया अघि बढाएको थियो। 'हामी आफैंले बनाउने गरी सम्पूर्ण प्रक्रिया पूरा गरिसकेका छौं, केही महिनाभित्र पुन:निर्माण थाल्नेछौं', -कामपाका मेयर शाक्यले भन्नुभयो।

करिब दुई वर्षअघि कामपाले काष्ठमण्डप पुननिर्माण गर्न १९ करोड रुपियाँको टेण्डर आह्वान गरिसकेको थियो। तर स्थानीयले विरोध जनाएपछि पुननिर्माण प्रक्रिया अघि बढ्न सकेको थिएन। 'कामपाको पहिलो प्राथमिकता काष्ठमण्डप हो, तत्काल पुननिर्माण प्रक्रिया अघि बढाउनेछौं'-मेयर शाक्यले भन्नुभयो। काठमाडौंलाई परिचय दिने काण्ठमण्डप २०७२ साल बैशाख १२ को शक्तिशाली भुकम्पबाट ध्वस्त भएको थियो।

सातौं शताब्दीमा बनेको राजधानीको मुख्य सम्पदा अब जुनसकै हालतमा निर्माण हुनुपर्ने सरकारी निकायको धारणा छ। विभिन्न निकायले सो सम्पदाको उत्खनन गरी सरकारलाई प्रतिवेदनसमेत बुझाइसकेको छ।

## उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान

काठमाडौं(नेस)

निर्वाचन आयोगले आउँदो मंसिर १० गते हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि जम्मा ७ सय २ जना उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरेको छ।

कात्तिक ६ गते ८ सय २ जनाले उम्मेदवारको मनोनयन दर्ता गराइएकोमा १ सय जनाले उम्मेदवारी फिर्ता लिएका छन् भने १ जनाको उम्मेदवारी रद्द गरिएको छ। दोलखा जिल्लाका प्रदेशसभातर्फका जनसमाजवादी पार्टीका उम्मेदवार लक्ष्मण विश्वकर्माको उम्मेदवारी रद्द गरिएको छ।

कात्तिक ५ गते ३२ जिल्लामा प्रतिनिधिसभा सदस्यतर्फ ३७ र प्रदेशसभा सदस्यतर्फ ७४ पदका लागि जम्मा ८ सय ३ जना उम्मेदवारको उम्मेदवारी मनोनयन दर्ता कायम भएको थियो। सम्बन्धित जिल्लामा रहेका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयबाट उम्मेदवारहरूलाई निर्वाचन चिह्न प्रदान गरिएको छ। आयोगका अनुसार, प्रदेशसभातर्फ ४ सय ८१ र प्रतिनिधिसभातर्फ ३ सय २२ उम्मेदवारमध्ये प्रदेशसभाका ६० र प्रतिनिधिसभाका ४० जनाले उम्मेदवारी फिर्ता लिएका थिए।

## निर्वाचनलाई सफल बनाउन प्रधानमन्त्रीको आह्वान

काठमाडौं (नेस)। प्रधानमन्त्री शेरबहादुर देउवाले मंसिर १० र २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनलाई लोकतन्त्रको उत्सवका रुपमा लिँदै निर्वाचनलाई सफल बनाउन सबै मतदातालाई आह्वान गर्नुभएको छ ।

छठ पर्व २०७४ को अवसरमा शुभकामना सन्देश दिने क्रममा प्रधानमन्त्री देउवाले भन्नुभएको छ- 'निर्वाचन लोकतन्त्रको जगलाई दरिलो बनाउँदै राजनीतिक स्थायित्व र आर्थिक समृद्धि हासिल गर्ने चाहनालाई नागरिकहरूले मतपत्रमार्फत् अभिव्यक्त गर्ने शुभअवसर पनि हो।' आउँदो निर्वाचनमा आफ्नो लोकतान्त्रिक अधिकारको प्रयोग गर्दै जनअभिमतमार्फत् राष्ट्रले नयाँ युगमा प्रवेश गर्ने मौका पाउने प्रधानमन्त्री देउवाले भन्नुभएको छ।

मिथिला संस्कृतिबाट उद्भव भएको सूर्यको उपासना गर्दै मनाइने छठ पर्व तराईमा मात्र नभएर हिमाल पहाड सबै ठाउँमा बसोबास गर्ने नेपालीले अपनत्व गरेको भन्दै प्रधानमन्त्री देउवाले यस पर्वलाई नेपालीहरूबीचको भावनात्मक एकता र सहकार्यको सकारात्मक सन्देशको पर्वका रुपमा पनि लिन सकिने बताउनुभएको थियो।

## ४५ जिल्लामा निर्वाचन कार्यालय स्थापना

काठमाडौं(नेस)

आउँदो मंसिर २१ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि ४५ जिल्लामा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय बिहीबार स्थापना गरिएको छ। निर्वाचन आयोगमा रहेको संयुक्त निर्वाचन परिचालन केन्द्र (जेइओसी) बाट प्राप्त जानकारीअनुसार सबै मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका कार्यालयहरू कार्यालय स्थापनासँगै सञ्चालन भएका छन्।

दोस्रो चरणमा प्रतिनिधिसभातर्फ १ सय २८ र प्रदेशसभा सदस्यतर्फ २ सय ५६ निर्वाचन क्षेत्रमा निर्वाचन हुनेछ। दोस्रो चरणमा निर्वाचन हुने ४५ जिल्लाहरूमा प्रदेश नम्बर १ का इलाम, तेह्रथुम, धनकुटा, उदयपुर, झापा, मोरङ र सुनसरी, प्रदेश नम्बर २ का सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौतहट, प्रदेश नम्बर ३ का सिन्धुली, मकवानपुर, चितवन, काभ्रेपलाञ्चोक, काठमाडौं, ललितपुर र भक्तपुर रहेका छन्।

प्रदेश नम्बर ४ का तनहुँ, कास्की, स्याङ्जा, पर्वत र नवलपरासी (बर्दघाटसुस्ता पूर्व), प्रदेश नम्बर ५ का पाल्पा, अर्घाखाँची, गुल्मी, रुपन्देही, कपिलबस्तु, दाङ, प्युठान, बाँके, बर्दिया र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), प्रदेश नम्बर ६ का सल्यान, सुर्खेत र दैलेख तथा प्रदेश नम्बर ७ का कैलाली, कञ्चनपुर, डडेलधुरा, अछाम र डोटी रहेका छन्।

दोस्रो चरणका लागि कात्तिक १६ गते उम्मेदवारको मनोनयन दर्ता हुने कार्यक्रम रहेको आयोगले जनाएको छ।

## दुई मिनेट

### जुवा खेल्ने पक्राउ

भक्तपुर, (नेस)

भक्तपुर मध्यपुर थिमि-१ लोकन्थलीबाट जुवा खेलिरहेको अवस्थामा ३ जना पक्राउ परेका छन्। लोकन्थलीस्थित उज्जवल खड्काको ३ तले घरको माथिल्लो तलामा अवैध रूपमा पैसाको हारजित हुने गरी जुवातास खेल्ने कार्य भइरहेको भन्ने सूचनाका आधारमा महानगरीय प्रहरी वृत्त ठिमी भक्तपुरबाट खटिएको प्रहरी टोलीले जुवा तास खेल्ने खेलाउने कार्यमा संलग्न ३ जनालाई पक्राउ गरेको हो।

नियन्त्रणमा लिएकाहरूलाई खानतलासी गर्दा तास १० बुक, कौडा थान १६ र ७८ हजार ५ सय ७५ रुपियाँ नगद बरामद गरिएको र निजहरूलाई पक्राउ गरी महानगरीय प्रहरी वृत्त, ठिमी भक्तपुरमा राखी आवश्यक अनुसन्धान कार्य भइरहेको छ।

पक्राउ पर्नेमा रामेछाप थानापाटी ५ घर भई हाल सानोठिमी बस्ने धनेश्वर प्रसाई, भक्तपुर, बालकोट बस्ने हेम सिग्देल र दधिकोट बस्ने दीपक अधिकारी रहेका छन्।

### बसको ठक्कर बाट मृत्यु

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-३ वसुन्धरामा बा३ख ९६९० नम्बरको चक्रपथमा चल्ने स्वयम्भू यातायातको बसले बुधबार ठक्कर दिंदा गम्भीर घाइते भएका सिन्धुलीका टेकबहादुर माझीको शिक्षण अस्पताल महाराजगन्जमा उपचारका क्रममा मृत्यु भएको छ। उक्त बसको ठक्करबाट घाइते भएका अन्य २ जनाको ग्रिनसिटी अस्पतालमा उपचार भइरहेको र उनीहरूको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ। बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### ३५ लाखको सुन चोरी

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-६ कपन सरस्वतीनगरस्थित भोजपुरको हुलवागडी-८ का हर्कबहादुर शंकरको सत्यशंकर सुनचाँदी पसलबाट सटरको ताला फोडेर नगद १ लाख ५० हजार र करिब ५९ तोला सुनका गरगहनासमेत गरी करिब ३५ लाख ५१ हजार रुपियाँबराबरका धनमाल बुधबार राति चोरी भएको प्रहरीले जानकारी दिएको छ।

## सिनेमा कर्नर










## मिनेट

## मधुर लोक
## लाल...

# लालबाबुको सिंहदरबार बदल्ने संघर्ष आउने

नेपाल समाचारपत्र

काठमाडौं

नेपालयले फेरि एकपटक नेपालको संक्रमणकालीन इतिहासका १ उल्लेखनीय पात्रलाई आम पाठकमाझ ल्याउने भएको छ। पूर्वी तराइको एउटा अल्पसंख्यक समुदायबाट राजनीतिमा होमिएका ती रोचक राजनीतिज्ञको जीवनी पुस्तक तराइबासीको महान् पर्व छठको अवसर पारेर पाठकहरूमाझ घोषणा गरिएको छ।

केही वर्षअघि मुलुक कठिन राजनीतिक मोडबाट गुज्रिरहेका बेला कमै चिनिएका राजनीतिज्ञ पहिलोपटक मन्त्री बनेका थिए। मन्त्री बनेको छोटो समयमा व्यापक चर्चा कमाउने उनी थिए लालबाबु पण्डित।

एकातिर तीव्र जातीय ध्रुवीकरणका बेला समाजलाई जोड्न खोज्ने सेतु र अर्कातिर व्यापक भ्रष्टाचार अनि बेथिति नियन्त्रणमा कुर्लिने त्यो व्यक्तिको अदम्य साहस जताततै चर्चाको विषय बन्न पुग्यो।

देशहितमा काम गर्न आँट्ने हो भने एउटा मन्त्रीले कतिसम्म अडान राख्न सक्नुपर्छ भन्ने उदाहरण बने लालबाबु पण्डित। आम मानिसका दैनिक सरोकारभन्दा अलिक पर कर्मचारीको व्यवस्थापन गर्ने मन्त्रालय सम्हालेका ती 'नपत्याउँदा मन्त्री' ले सत्ता र शक्तिमाझ कदापि नतमस्तक नहुने अदम्य साहस देखाए।

उनमा त्यो संझौताहीन स्वाभाव राजनीतिक संघर्षबाट खारिएर तयार भएको रहेछ। नेकपा (एमाले) का लोकप्रिय नेता मदन भण्डारीसँग भूमिगत कालमा साथै रहेर संगठनमा लागेका घटनादेखि पढाइ र पारिवारिक जीवनसम्मका भोगाइहरू कथाजस्तै भेटिए। अनि ती सबैलाई कुशलताका साथ अघि बढाउन सघाउने उनको सादगीपूर्ण जीवन पनि कम्ती रोचक थिएन।

'लालबाबु पण्डितको यात्रा, बाटो र पाइलाहरू धेरैका निम्ति पठनीय हुन सक्ने ठानेर जीवनी प्रकाशन गर्ने निधोमा पुगेका हौं', पब्लिकेसन्स नेपालयकी प्रमुख कार्यकारी सैजन मास्के भन्छिन- 'यसले नेपाली राजनीतिको जटिल समयमा पनि सम्भावना देखाउने एक नेतासँग पाठकलाई नजिक्याउने छ।'

पण्डितले युवा सञ्चारकर्मी मुकेश पोखेलसँगको सहकार्यमा पुस्तक तयार पारेका हुन्। 'पहिलोपटक मन्त्री हुनेबित्तिकै जताततै विसंगति र विकृति देख्नथालेपछि परिवर्तनको पाइला आफैंबाट चाल्ने अठोट गरेको थिएँ,' पण्डित भन्छन्- 'त्यतिबेला गरेका कामहरूलाई मैले इमान्दारिका साथ पुस्तकमा राखेको छु।' समाज परिवर्तन र राष्ट्रप्रति समर्पित सबैखाले मानिसले यो पुस्तक पढ्नेछन् भन्ने विश्वास पण्डितले व्यक्त गरेका छन्।

सिंहदरबार बदल्ने संघर्ष नामकरण गरिएको यो पुस्तक यसै महिनाभित्र पब्लिकेसन नेपालयले आम पाठकसामु पुऱ्याउने तयारी गरेको छ।

**सामान बिक्रीमा**
तेस्रो पटक प्रकाशित

**जष्ट वान नेपाल**, नेपालको प्रचलित कानुन अन्तर्गत बन्द हुने प्रक्रियामा गएको हुँदा संस्थामा रहेका जिन्सी मालसामानहरू लिलाम गर्ने, बचेका सामान सरोकारवालाहरूलाई आवश्यकतामा अनुसार वितरण गरिने एवं सामाजिक संस्थालाई सहयोग प्रदान गरिने अन्य बाँकी रहेका, बिग्रेका पूराना सामान कवाडीमा बेचिने कुराको जानकारी गराउँदछौं।

(१) इन्भरटर (२) भोल्टगार्ड
(३) टेबल (४) कुर्सी (५) बेन्च
(६) प्रिन्टर (७) ल्यापटप
(८) स्काइ टेलिफोन सेट
(९) मल्टिप्लक (१०) करौटी,
(११) क्यामेरा र (१२) साइकल आदि।

सम्पर्क:
फोन नं. ०१-६९२४८९८
मोबाइल नं. ९८५१०७३७९६
Email: info1just@gmail.com
justonenepal@outlook.com
pawan@justone.org.np

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक स्वस्थता, मन प्रफुल्लित।
**वृष** : राज्यबाट लाभ, मान-प्रतिष्ठामा वृद्धि, सरकारी कार्यमा सफलता।
**मिथुन** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान।
**कर्कट** : धनलाभ, मान-सम्मान, इज्जत-प्रतिष्ठा वृद्धि, समस्या समाधान।
**सिंह** : आर्थिक लाभ, प्रतिस्पर्धीमाथि विजय, परीक्षा-खेलकुदमा विजय।
**कन्या** : कार्य सफल, सन्तान सुख, धन प्राप्ति, कार्यदक्षताबाट लाभ।
**तुला** : पेट गडबड, विवाद, निरर्थक घुमफिर, दिनचर्या अस्तव्यस्त।
**वृश्चिक** : आर्थिक लाभ, सम्मान, पढाइ, व्यापार आदिमा सफलता।
**धनु** : धनलाभ, सन्तुष्टि, सुख-सन्तोष, उपलब्धिमूलक लगानी।
**मकर** : उपहार, पुरस्कारको प्राप्ति, भाग्योदय, कार्यसफल, धनलाभ।
**कुम्भ** : आर्थिक नोक्सानी, दुर्घटनाको भय, विवाद, निरर्थक खर्च।
**मीन** : द्रव्यलाभ, विविध वस्तु प्राप्ति, उत्तम भोजन, पारिवारिक सुख।

# नेपाल

राप्ती नदीमात्रै होइन, अरु खोलानालाको पनि भारतले निकास थुन्ने प्रयास गरेको छ। राप्ती नदीमा बनाएको लक्ष्मणपुर बाँध र कलकलवा तटबन्धले नै योबीचमा तटीय क्षेत्रका आधा दर्जन गाविसका ४ हजार बिगाहबढी जमिन मरुभूमि बनाइसकेको छ।

# पानी निकासमा भारतीय षड्यन्त्र

**कुमार श्रेष्ठ, बाँके**

नेपालगन्जको पानी दक्षिणी-पूर्वी रतैया नाला हुँदै भारततिर बग्छ। यो नालाबाट राम्ररी पानीको निकास नभए नेपालगन्ज बजार डुबानमा पर्छ। भारतले एकतर्फी दशगजामा बनाएको सडकजस्तो बाँधले रतैया नालाको निकासलाई सहजता दिएको छैन।

नेता तथा सुरक्षा अधिकारीहरूको बारम्बारको अनुरोध र दबाबले गर्दा भारतले पछिल्लो वर्ष सडकजस्तो बाँधमा रतैया नालाको पानी निकास हुने कल्भर्ट त बनाएको छ। तर, त्यसले पानीलाई सहजै निकास दिएको छैन। भारतीय अधिकारीले षड्यन्त्र गरेर रतैया नालाको सीधा बनाउनुपर्ने कल्भर्ट करिब १ सय मिटर टाढा बनाएका छन्।

'रतैयाको पानी सहजै निकास हुँदैन', हिरमिनियाका निरञ्जन यादवले भन्नुभयो- 'पानी तालिएपछि बल्ल बिस्तारै पानी बग्न शुरू हुन्छ।' नेपाली पक्षबाट भएको चर्को विरोधलाई थामथुम पार्न भारतले सडकजस्तो बाँधमा ३ वटा कल्भर्ट बनाएको छ। त्यसबाट सहजै पानी निकास हुँदैनन्। पानी तालिएर धेरै भएपछि बल्ल बग्छन्।



रतैयाको नालादेखि टाढामात्रै होइन, अरू कल्भर्ट पनि उचाईमा बनाएर पानीको सहजै निकास दिइएको छैन।

२०७० देखि भारतले बाँकेको हिरमिनिया क्षेत्र हुँदै सडकजस्तो बाँध बनाइरहेको छ। देशभरमै १ हजार ७ सय ५२ किलोमिटर लम्बाई, ३० मिटर चौडाई र ३ देखि ७ मिटरसम्म उचाई रहेको सडकजस्तो बाँधले नेपालका धेरै भूभागलाई डुबानको चपेटामा पारेको छ। भारतले सीमामा गस्ती गर्न मात्रै नभएर नेपाली भूभागलाई डुबानमा पार्न सडकजस्तो पक्की बाँध बनाएको छ। त्यसो त सन् १९८५ मा राप्ती नदीमा बनाइएको लक्ष्मणपुर बाँध र सन् २००० मा दशगजामा बनाइएको कलकलवा तटबन्धले बाँकेका आधा दर्जन साविकका गाविस डुबानमा पर्दै आएको छ। वर्षामा लक्ष्मणपुर बाँधको ढोका थुन्ने र कलकलवा तथा सडकजस्तो बाँधले अन्तबाट पानी निकास हुन नदिएर भारतले नेपाली भूभाग डुबानमा पार्दै आएको छ।

राप्ती नदीमात्रै होइन, अरू खोलानालाको पनि भारतले निकास थुन्ने प्रयास गरेको छ। राप्ती नदीमा बनाएको लक्ष्मणपुर बाँध र कलकलवा तटबन्धले नै योबीचमा तटीय क्षेत्रका आधा दर्जन गाविसका ४ हजार बिगाहबढी जमिन मरुभूमि बनाइसकेको छ। ६० हजारबढी परिवार खाद्यअधिकारबाट वञ्चित भएका छन्।

राप्ती नदीमा बनाएको लक्ष्मणपुर बाँध र कलकलवा तटबन्धको मार नखेपेका हिरिमनियाका बासिन्दालाई सडकजस्तो बाँधले दुःख दिन शरू गरिसकेको छ। शुरूआती २ वर्ष डुबानमा परेका हिरमिनिया त्यसपछि काम चलाउ बनाइएको कल्भर्टले गर्दा बचेका छन्। 'पानीको राम्रो निकास छैन, ठूलो पानी आयो भने त डुबानमा परिन्छ', -स्थानीय शिक्षक यादवले भन्नुभयो।

फेरि दशगजामा सडकजस्तो बाँध बनाएर भारतले देशभरकै सीमावर्ती नेपाली गाउँलाई डुबानमा पार्दैछ। भारतको वन विभाग, रेलवेको विवादले बाँकेको पश्चिमतिर सडकजस्तो बाँध विस्तार हुन सकेको छैन। यी सरकारी विभागका बीचमा विवाद मिल्नेबित्तिकै भारतले फेरि सडकजस्तो बाँधलाई अगाडि बढाउँछ। नेपालले सडकजस्तो बाँधलाई भत्काउन तथा विस्तार रोक्न सक्ने अवस्था देखिएको छैन। तथापि, पानी निकासका लागि उपयुक्त ठाउँमा कल्भर्ट बनाउन दबाब दिन जरुरी रहेको सम्बद्ध अधिकारीहरू बताउँछन्। भारतले पश्चिमतिर विस्तार गर्ने सडकजस्तो बाँधमा उपयुक्त पानीको निकास बनाउन नसकिए नेपालगन्ज बजार डुबानमा पर्छ। त्यसका लागि अहिलेदेखि नै खबरदारी गर्न जरुरी रहेको छ।

# गौरवपूर्ण निर्वाचन बनाउने उद्घोष

काभ्रे, (नेस)

दोस्रो चरणमा मसिंर २१ गते हुने निर्वाचनका लागि काभ्रेपलाञ्चोक जिल्लामा मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ।

हरेक निर्वाचनको समयमा धुलिखेल नगरपालिकामा स्थापना गरिँदै आएको कार्यालय यो पटक शैक्षिक तालिम केन्द्रको हलमा स्थापना गरिएको हो। प्रमुख जिल्ला अधिकारी शिव सिंखडाले निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्न सरकारी कार्यालयहरूमा कम्पाउन्डसहितको व्यवस्थापन भएको शैक्षिक तालिम केन्द्र मात्रै भएकाले त्यसलाई नै उपयुक्त ठानिएको बताए। प्रमुख जिल्ला अधिकारी निर्वाचन व्यवस्थापन समितिका संयोजक हुन्।

मुख्य निर्वाचन अधिकृत र सदरमुकाम रहेको निर्वाचन क्षेत्रको अधिकृतका रुपमा जिल्ला न्यायाधीश अर्जुन अधिकारी र प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ का लागि निर्वाचन अधिकृत गीता श्रेष्ठले कार्यालय उद्घाटन गरेका हुन्। मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उपसचिव पदका सहायक निर्वाचन अधिकृत १ जना, अधिकृत तहका २ जना र अनुगमन अधिकृत १ जना रहनेछन्। त्यस्तै सुब्बा, खरिदार, कम्प्युटर अपरेटर र कार्यालय सहयोगी गरी १५ जनाको दरबन्दी रहनेछ।

कार्यालय उद्घाटनसँगै मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश अर्जुन अधिकारीले उम्मेदवारहरूलाई आचारसंहिता पालना गराउन पूर्ण रुपमा लाग्ने बताए। त्यस्तै गौरवपूर्ण निर्वाचन गराउन, पूर्ण सुरक्षित वातावरणसहित भयरहित वातावरणमा पूर्ण व्यवस्थित ढंगबाट निर्वाचन सम्पन्न गराउने प्रतिबद्धता ब्यक्त गरे। अदालतको काम नरोकी निर्वाचन सम्पन्न गराउने प्रतिबद्धता व्यक्त गर्दै सूचना अधिकारीका व्यवस्थापन गरी निर्वाचनसम्बन्धी सूचनालाई सहज बनाउने अधिकारीले बताए।

# जिप दुर्घटनामा दश जना घाइते

बझाङ, (नेस)

सदरमुकाम चैनपुरबाट बागथलातर्फ जाँदै गरेको जिप बिहीबार दुर्घटनामा परी १० जना घाइते भएका छन्। से१ज ८६१ नम्बरको जिप केदारस्युं गाउँपालिकाको रायलमा दुर्घटना भएको थियो।

घाइतेमध्ये ४ जनाको अवस्था चिन्ताजनक रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। सिकिस्त घाइते हुनेमा केदारस्युं गाउँपालिका-१ का ३८ वर्षीय पशुपति मल्ल, ३६ वर्षीय ईश्वर मल्ल, सोही गाउँपालिका-२ का २८ वर्षीय कुमार ओखेडा र २८ वर्षीया जमुना बोहरा रहेका छन्।

अन्य घाइतेको अवस्था सामान्य भए पनि उनीहरूको अवस्था भने चिन्ताजनक रहेको प्रहरीको भनाइ छ। के कति कारणले दुर्घटना भएको हो भन्ने एकीन नभएको तर प्रहरीको टोली घटनास्थलतर्फ खटिएको जनाइएको छ। गम्भीर घाइतेलाई उपचारका लागि नेपालगन्ज रिफर गरिएको छ। सामान्य घाइते सबैको उपचार रायल स्वास्थ्यचौकीमा भइरहेको छ।

# भीरबाट लडेर महिलाको मृत्यु

गुल्मी, (नेस)

घाँस काट्ने क्रममा भीरबाट लडेर गुल्मीमा १ जनाको मृत्यु भएको छ। जिल्लाको इस्मा गाउँपालिका वडा नम्बर ५ निवासी ४५ वर्षीया पम्फा परियारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मी प्रहरी उपरीक्षक अनुरागकुमार द्धिवेदीले जानकारी दिए।

परियार बिहीबार बिहान नजिकै इस्माकोटको भीरमा घाँस काट्न गएकी थिइन्। भीरबाट लड्रेर घाइते अवस्थामा स्थानीय स्वास्थ्य चौकीमा उपचारका लागि ल्याउने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ।

परियारको घरको आर्थिक अवस्था कमजोर रहेकाले स्थानीयले पैसा उठाएर सबलाई पोस्टमार्टम गर्न जिल्ला अस्पताल गुल्मीमा पठाइएको स्थानीय समाजसेवी नारायण पैयानीले जानकारी दिए।

यसैबीच गुल्मीमा बाटो खन्ने क्रममा जेसीबी दुर्घटना हुँदा २ जना घाइते भएका छन्। बिहीबार बिहान जिल्लाको छत्रकोट गाउँपालिकाअन्र्तगत वडा नम्बर ५ स्थित भगवत् मानकोटदेखि हर्दिनेटासम्म बाटो खन्ने क्रममा लु१क १२१० नम्बरको जेसीबी दुर्घटना भएको हो। दुर्घटनामा चालक २३ वर्षीय तुलबहादुर नेपाली र सहचालक १५ वर्षीय सुमन कुमाल घाइते भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका असई सत्य यादवले जानकारी दिए। चालकको टाउको र हातमा चोट लागेकाले उनको अवस्था गम्भीर रहेकाले थप उपचारका लागि पाल्पा पठाइएको प्रहरीले जनाएको छ।

# स्थानीय तहमा बैंकिङ सुविधा नहुँदा सास्ती

**नन्दराम जैशी, जुम्ला**

'२१औं शताब्दीमा पनि बैंकिङ सुविधा नभएपछि पैसा बोकेरै आउँदा-जाँदा कर्मचारीले पैसा र ज्यान दुवैको खतरा मोल्नुपरेको छ भने कर्मचारीको सुरक्षामा पनि चुनौती थपिएको छ'

जुम्लाका कुनै पनि स्थानीय तहमा बैंकिङ सुविधा नहुँदा सास्ती भोग्नुपरेको छ। स्थानीय तहमा बैंकिङ सुविधा नभएपछि गाउँपालिका तथा वडाका जुनसुकै बैंकिङ कारोबार गर्न जुम्ला सदरमुकाम धाउनुपर्ने बाध्यता छ। नागरिकले कुनै सेवा लिंदा भर्नुपर्ने बैंक भौचर होस् या त सामाजिक सुरक्षा भत्ता, उपभोक्तालाई रकम निकासा तथा रकम जम्मा गर्न, कर्मचारीलाई तलब खुवाउन र व्यक्तिगत बैंकिङ कारोबारका लागि पनि स्थानीय तहबाट अझै सदरमुकाम धाउनुपर्ने बाध्यता बनेको हो।

जुम्लाका दुर्गम ८ वटा स्थानीय तहमध्ये सदरमुकाम खलंगास्थित चन्दननाथ नगरपालिकाबाहेक अन्य सबै स्थानीय तहमा अहिले बैंकिङ सुविधा छैन। जुम्लाको निर्वाचन क्षेत्र नम्बर २ सिंजा भेगमा पर्ने हिमा गाउँपालिका, सिंजा गाउँपालिका र कनकासुन्दरी गाउँपालिका साविकको जिल्ला सदरमुकाम खलंगाबजारभन्दा करिब ४० कास टाढा छन्। अन्य गाउँपालिकाबाट पनि आर्थिक कारोबारका लागि सदरमुकाम आउन त्यति सजिलो छैन।

सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुर्‍याउने उद्देश्यले राज्यले स्थानीय तह सञ्चालन गरेको धेरै समय गुज्रिइसक्दा पनि बैंकिङ सेवा विस्तार नहुँदा नागरिकले गुनासो गरेका छन्। हिमा गाउँपालिकाका अध्यक्ष रजबहादुर शाहीले भन्नुभयो- 'सरकारी तथा व्यक्तिगत आर्थिक कारोबारका लागि सदरमुकाम केन्द्रित हुँदा समय पनि धेरै लाग्छ। निकासा भएको रकम आफैं बोकेर ल्याउनुपर्दा बाटोमा चोरीको समस्या हुन्छ। त्यसैले आर्थिक कारोबारबाट कर्मचारी असुरक्षित छन्।'

विकट क्षेत्रमा पर्ने स्थानीय तहमा बैंकिङ सुविधा सञ्चालन गर्न पहल भइरहेको सिंजा गाउँपालिकाका अध्यक्ष देवलसिंह रावलले बताउनुभयो। अहिलेको जमानामा एक्लै पैसा बोकेर आउँदा-जाँदा पैसा र ज्यान दुवै खतरामा परेको भन्दै सिंजा भेगमा पर्ने स्थानीय तहमा बैंकको आवश्यकता रहे को उहाँले औंल्याउनुभयो। पातारासी गाउँपालिकाका अध्यक्ष लक्षिमन बोहोराले भन्नुभयो- 'देशकै दुर्गम क्षेत्रका स्थानीय तहमा बैंकिङ सुविधा नहुँदाको समस्यालाई मध्यनजर राख्दै यथासक्य सरकारी तथा निजी बैंकका शाखा विस्तारका लागि सम्बन्धित निकायमा आग्रह गरेको छु।'

कर्मचारी अभाव र बैंकिङ असुविधाकै कारण कतिपय विकासे गतिविधि सञ्चालन हुन नसकेको जनप्रतिनिधिहरूको भनाइ छ।

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० I-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**
- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

**मर्मत**
अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**
मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**
हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता। बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता। दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता। मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, कात्तिक
शुक्रबार
१०

आगामी निर्वाचनमा म्यादी प्रहरी, नेपाल प्रहरीलाई मतदानस्थल र मतदान केन्द्रको सुरक्षाका लागि खटाइनेछ भने सशस्त्र प्रहरी र नेपाली सेनाले बाह्य सुरक्षा प्रदान गर्नेछन्।

# नेपाल

## सल्यानमा खुल्यो मुख्य निर्वाचन अधिकृतको कार्यालय

नेपाल समाचारपत्र
सल्यान




दोस्रो चरणअन्तर्गत मंसिर २१ गते हुने निर्वाचनका लागि सल्यानमा आज एक कार्यक्रमका बीच मुख्य निर्वाचन अधिृकतको कार्यालयको उद्घाटन गरिएको छ।

जिल्ला न्यायाधीश एवं मुख्य निर्वाचन अधिृकत मदनबहादुर धामीले शारदा नगरपालिका-२ स्थित घरेलु तथा साना उद्योगको कार्यालयमा उद्घाटन गर्नुभएको हो। कार्यालय स्थापनासँगै मुख्य निर्वाचन अधिकृतको कार्यालयले मंसिर २१ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचन कार्यक्रमसमेत प्रकाशित गरेको छ।

प्रकाशित कार्यक्रमअनुसार २०७४ मंसिर १६ गते बिहान १० बजेदेखि साँझ ५ बजेसम्म उम्मेदवारको मनोनयन दर्ता र उम्मेदवारको मनोनयनपत्र दता भएको सूची प्रकाशन, १७ गते उम्मेदवारको विरोधमा उजुरी दिने, १८ गते मनोनयनपत्र र उजुरीउपर जाँजबुझ गरी निर्णय गर्ने र उम्मेदवारको नामावली प्रकाशन गर्ने, १९ गते उम्मेदवारको नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रम रहेका छन्।

मुख्य निर्वाचन अधिकृत धामीले जिल्लामा छुट्टै कार्यालय खोलेर निर्वाचनका लागि सम्पादन गर्नुपर्ने काम र आफू मातहतका निर्वाचनमा खटिने कर्मचारीका लागि काममा खटाउन तयारी पूरा भएको बताउनुभयो।

सल्यानमा ३ नगरपालिका र ७ गाउँपालिका गरी १० स्थानीय तहका लागि १ सय ८० केन्द्र र १ सय ११ मतदान स्थल रहेका छन्। जिल्लामा १ लाख ३४ हजार २ सय १३ मतदाता रहेका छन्।

## झापामा मुख्य निर्वाचनसहित अधिकृतको कार्यालय स्थापना

भद्रपुर, (नेस)

आगामी मंसिर २१ गते हुने दोस्रो चरणको प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनलाई सम्पन्न गर्न झापामा मुख्य निर्वाचन अधिकृतको कार्यालयसहित ५ वटा अधिकृतको कार्यालय स्थापना गरिएको छ। प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनका लागि झापा जिल्ला अदालतका जिल्ला न्यायाधीश तथा मुख्य निर्वाचन अधिकृत खिलनाथ रेग्मीले बिहीबार एक कार्यक्रमका बीच निर्वाचन अधिकृतको कार्यालयहरूको उद्घाटन गरेका हुन्।

कार्यालय स्थापना गर्दै मुख्य निर्वाचन अधिकृत रेग्मीले एक्लो प्रयासले केही पनि नहुने भएकाले राजनैतिक दल, राष्ट्रसेवक कर्मचारीलगायतको सहयोगवाट सम्भव हुने भएकाले सबैको साथ अनिवार्य रहेको प्रस्ट पारे। निर्वाचनलाई सफल पारी झापालाई उत्कृष्ट नमुना जिल्लाको रूपमा कार्य गर्नका लागि अपेक्षा राखिएको बताए। काँडेतारको बार लगाएर निर्वाचन सम्पन्न गर्नुनपरोस् भन्ने उनको धारणा थियो। सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा पत्रकारलाई समयमा सूचना प्रवाह गर्न नसकिएको स्मरण गराउँदै रेग्मीले आउँदो निर्वाचनमा त्यस्तो नहुने बताएका छन्।

कार्यक्रममा जिल्ला निर्वाचन अधिकारी गोपाल आचार्यले औचित्यमाथि प्रकाश पारेका थिए आयोगले असोज १९ गतेदेखि लागू हुने गरी तोकिएका निर्वाचन अधिकृततर्फ सर्वोच्च अदालत काठमाडौंका इजलास अधिकृत शिवप्रसाद पराजुलीलाई झापा क्षेत्र नम्बर १, सर्वोच्चका उपरजिस्ट्रार इन्दिरा शर्मालाई झापा क्षेत्र २, सर्वोच्चका इजलास अधिकृत प्रेम खड्कालाई झापा क्षेत्र नम्बर ४ र इजलास अधिकृत शकुन्तला कार्कीलाई झापा क्षेत्र नम्बर ५ मा खटाइएको छ। जिल्ला न्यायाधीश रेग्मीलाई निर्वाचन आयोगले मुख्य निर्वाचन कार्यालयको जिम्मेवारी प्रदान गरेको छ। न्यायाधीश रेग्मीले झापा क्षेत्र नम्बर ३ को सम्पूर्ण जिम्मेबारी हेर्नुका साथै बाँकी ४ वटा निर्वाचन अधिकृतलाई सहजीकरण गर्नेछन्।

## निर्वाचन सुरक्षा योजना पारित

बैतडी, (नेस)

आगामी मंसिर १० गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि जिल्ला निर्वाचन सुरक्षा योजना पारित गरिएको छ। जिल्ला सुरक्षा समिति बैतडीको बैठकले सुरक्षा योजना पारित गरी कार्यान्वयनमा ल्याएको प्रमुख जिल्ला अधिकारी शिद्धराज जोशीले जानकारी दिनुभयो। निर्वाचनपूर्व, निर्वाचनको क्रममा र निर्वाचन पछिको अवस्थालाई समेत मध्यनजर गरेर सुरक्षा योजना बनाइएको उहाँले बताउनुभयो। जिल्ला निर्वाचन सुरक्षा योजनामा मतदान केन्द्र तथा मतदानस्थलमा सुरक्षाकर्मी, म्यादी प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनालाई कसरी खटाउने भन्ने विषय समेटिएको प्रमुख जिल्ला अधिकारी जोशीले जानकारी दिनुभयो। आगामी निर्वाचनमा म्यादी प्रहरी, नेपाल प्रहरीलाई मतदानस्थल र मतदान केन्द्रको सुरक्षाका लागि खटाइनेछ भने सशस्त्र प्रहरी र नेपाली सेनाले बाह्य सुरक्षा प्रदान गर्ने जिल्ला प्रहरी कार्यालय बैतडीका प्रमुख प्रहरी नायव उपरीक्षक हेरम्ब शर्माले जानकारी दिनुभयो।

बैतडीका ३ वटा मतदानस्थललाई अतिसम्वेदनशीलको सूचीमा राखिएको छ। जिल्ला सुरक्षा समितिले मतदान केन्द्र र मतदानस्थलको भौगोलिक, सामाजिकलगायतका अवस्था हेरेर श्रेणी विभाजन गरेको प्रमुख जिल्ला अधिकारी शिद्धराज जोशीले जानकारी दिनुभयो। पुरचौंडी नगरपालिका-३ मा रहेको न्वादेउ आधारभूत विद्यालय केन्द्र, पुरचौडी नगरपालिका-४ मा रहेको पहरोल मावि केन्द्र र खेती मावि तल्लादेही केन्द्रलाई अतिसम्वेदनशीलको सूचीमा राखिएको छ। न्वादेउ आधारभूत विद्यालय केन्द्र आसपासमा स्थानीय तहको निर्वाचनका बेला बमसमेत विस्फोट भएको थियो। यस्तै ३८ वटा मतदानस्थललाई सम्वेदनशीलको सूचीमा राखिएको छ भने ७९ वटा मतदानस्थललाई समान्य अवस्थामा राखिएको प्रमुख जिल्ला अधिकारी जोशीले जानकारी दिनुभयो।

विभिन्न सूचकहरू तय गरेर मतदानस्थलको संवेदनशीलता छुट्याइएको उहाँले बताउनुभयो। बैतडीमा आगामी निर्वाचनका लागि १ सय २० वटा मतदानस्थल तोकिएका छन् भने १ सय ८२ वटा मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन अधिकारी माधव फुयालले जानकारी दिनुभयो। गत असारमा भएको स्थानीय तहको निर्वाचनमा बैतडीमा १ सय २० वटा मतदानस्थलका साथै १ सय ७४ वटा मतदान केन्द्र कायम गरिएका थिए।

## संयुक्त लोकतान्त्रिक गठबन्धनको प्रचार-प्रसार समिति गठन

बैतडी, (नेस)

नेपाली कांग्रेस र राप्रपाको संयुक्तरूपमा बनेको लोकतान्त्रिक गठबन्धनले चुनावी प्रचार-प्रसार अभियानलाई तीव्रता दिने भएको छ। नेपाली कांग्रेस जिल्ला कार्यसमिति र राप्रपा जिल्ला कार्यसमितिको संयुक्त बैठकले लोकतान्त्रिक गठबन्धनका उम्मेदवारलाई निर्वाचनमा विजयी गराउनका लागि १ हजार १ सदस्यीय निर्वाचन प्रचार-प्रसार मूल समिति गठन गरेको छ।

नेपाली कांग्रेसका जिल्ला सभापति नरेन्द्रसिंह थापाको संयोजकत्वमा गठन गरिएको समितिको सहसंयोजकमा राप्रपाका जिल्ला अध्यक्ष प्रेमबहादुर चन्द रहनुभएको छ। यसका साथै क्षेत्रीयस्तरमा र गाउँपालिका तथा नगरपालिकास्तरमा पनि प्रचार-प्रसार समिति गठन गर्ने निर्णय भएको नेपाली कांग्रेस बैतडीका सचिव वीरबहादुर विष्टले जानकारी दिनुभयो। नेपाली कांग्रेसको नेतृत्वमा शान्ति र संविधान आएकाले नेपाली कांग्रेसकै नेतृत्वमा संविधान कार्यान्वयन गर्नका लाथि नेपाली कांग्रेसको जित आवश्यक रहेकाले नागरिकलाई त्यो कुरा बुझाउन चुनावी अभियानमा जोड दिइने सचिव विष्टले जानकारी दिनुभयो। प्रतिनिधिसभाका लागि एक क्षेत्र रहेको बैतडीमा प्रतिनिधिसभा सदस्यका लागि वाणिज्य राज्यमन्त्री एवं नेपाली कांग्रेसका नेता नरबहादुर चन्दले उम्मेदवारी दिनुभएको छ। यस्तै प्रदेशसभा सदस्यका लागि लोकतान्त्रिक गठबन्धनका तर्फबाट क्षेत्र नं. १ मा नेपाली कांग्रेसका नेता हरिमोहन भण्डारी र क्षेत्र नं. २ मा राप्रपाका नेता गणेश चन्दलाई उम्मेदवार बनाएको छ।

यस्तै वाम गठबन्धनका तर्फबाट प्रतिनिधिसभाका लागि एमालेका नेता एवं पूर्व अर्थराज्यमन्त्री दामोदर भण्डारीलाई उम्मेदवार बनाइएको छ भने प्रदेशसभाका लागि क्षेत्र नं. १ मा माओवादी केन्द्रका नेता प्रेमप्रकाश भट्ट र क्षेत्र नं. २ मा एमालेका नेता लीलाधर भट्टलाई उम्मेदवार बनाएको छ।

## मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना

नेपाल समाचारपत्र
दैलेख

आगामी मंसिर २१ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन सम्पन्न गर्नका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ। निर्वाचन आयोगको कार्यतालिकाअनुसार बिहीबार दैलेखको नारायण नगरपालिकामा रहेको जिल्ला अदालतमा मुख्य निर्वाचन अधिकृतको कार्यालय र जिल्ला सरकारी वकिल कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो। प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं. १ र त्यस क्षेत्रअन्तर्गतका प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं. १ र २ का लागि जिल्ला अदालतमा मुख्य निर्वाचन अधिकृतको कार्यालय रहने जिल्ला न्यायाधीश तथा मुख्य निर्वाचन अधिकृत सनतचन्द्र लवटले जानकारी दिए। यस्तै प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं. २ र त्यस क्षेत्रअन्तर्गतका प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं. १ र २ का लागि सरकारी वकिल कार्यालय दैलेखमा निर्वाचन अधिकृतको कार्यालय रहने निर्वाचन अधिकृत उमाकान्त पौडेलले जनाए।

यही कात्तिक १६ गतेबाट निर्वाचनका कार्यक्रमहरू शुरु हुने भएकाले कार्यालय स्थापना गरिएको मुख्य निर्वाचन अधिकृत सनतचन्द्र लवटले उल्लेख गरे। कार्यालय स्थापना भएपछि निर्वाचनका सबै कामहरू बिहीबारदेखि शुरु भएको बताए। ४ नगरपालिका र ७ गाउँपालिका गरी ११ वटा स्थानीय तह रहेको दैलेखमा भयरहित वातावरणमा निष्पक्ष निर्वाचन सम्पन्न गराउन सबैको सहयोगको आवश्यकता पर्ने मुख्य निर्वाचन अधिकृत सनतचन्द्र लवटले बताए।

मनोनयको प्रक्रियासँगै निर्वाचन खटिने कर्मचारी नियुक्ति तथा परिचालन कार्य शुरु हुने उनले उल्लेख गरे। दोस्रो चरणको निर्वाचनका लागि उम्मेदवारहरूको मनोनयन दर्ता तथा सूची प्रकाशन कात्तिक १६ गते, उम्मेदवार विरोधमा उजुरी दिने १७ गते, उजुरीउपर छानविन तथा नामावली प्रकाशन १८ गते र उम्मेदवारी फिर्ता तथा अन्तिम नामावली प्रकाशन १९ गते गर्ने कार्यतालिका छ।

दैलेखका दुई वटा प्रतिनिधिसभा सदस्य निर्वाचन तथा ४ वटा प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र रहेका छन्। दुई प्रतिनिधिसभा र ४ प्रदेशसभा रहेको दैलेखमा दोस्रो चरणमा निर्वाचन हुँदै छ।

## गुल्मीमा मुख्य निर्वाचन अधिकृत र निर्वाचनको कार्यालय स्थापना

गुल्मी, (नेस)

आगामी मंसिर २१ गते दोस्रो चरणमा हुन लागेको प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनका लागि गुल्मीमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ। मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय बिहीबार एक कार्यक्रमका बीच सदरमुकाम तम्घासमा स्थापना गरिएको हो। निर्वाचनका लागि मुख्य निर्वाचन अधिकृतमा जिल्ला न्यायाधीश रामप्रसाद न्यौपाने रहेका छन्।

दुई वटा निर्वाचन क्षेत्र रहेको गुल्मीमा ४ वटा प्रदेशसभा क्षेत्र रहेका छन्। निर्वाचन क्षेत्र नम्बर १ हेर्ने गरी मुख्य निर्वाचन अधिकृत न्यौपाने निर्वाचन अधिकृतमा नियुक्त भएका छन्। निर्वाचन क्षेत्र नम्बर २ को निर्वाचन अधिकृतमा कमलराज गौतम निर्वाचन अधिकृतमा नियुक्त भएको जिल्ला अदालत गुल्मीका स्रेस्तेदार दुर्गाप्रसाद बस्यालले जानकारी दिए। दोस्रो चरणको निर्वाचन हुने जिल्लाहरूका लागि कात्तिक १६ गते मनोनयन दर्ताको मिति तोकिएको छ।

## नेपाली मिलमा भारतीयको भीड

नेपाल समाचारपत्र
बाँके

भारत मनोरियाका बाबादिन यादव ३ किलोमिटर टाढाबाट गहुँ मिसाउन हिरमिनियाको कालाबन्जारस्थित राधेश्याम मौर्यको मिलमा आए। भारतले दशगजामा बनाएको सडकजस्तो बाँध भएर साइकलमा आएका यादव गहुँ पिसाएर फर्किए।

मौर्यको मिल दशगजाछेउमै रहेको छ। मिलमा भारतीय किसानमात्रै सेवा लिन आउँछन्। यसले मौर्यको व्यवसाय पनि राम्रो चलेको छ। मौर्यको घरदेखि एक किलोमिटर टाढा नेपालीबस्ती भंघोट्ना गाउँ रहेको छ। भंघोट्नामा दुई वटा मिल छन्। 'एउटा मिल हुँदासम्म यताका मान्छे पनि आउँथे, अहिले त गाउँमै दुई वटा मिल छ। उनीहरू आउँदैनन्', मौर्यले भन्नुभयो- 'मेरो मिल त भारतीय किसानले चलाइदिएका छन्।'

भारतले सीमानामा सडकजस्तो बाँध निर्माण गर्दाको शुरुआत २ वर्षसम्म घर, मिल डुबानमा परेर मौर्य पीडित बनेका थिए। तर, पनि मौर्यले व्यवसाय छोडेनन्। न त घर नै अन्तै सारे। दशगजामा एक्लो रहेको मौर्यको मिलमा भारतीय किसानको चापले राम्रो आम्दानी दिएको छ।

मौर्यको मिलमा ५/६ किलोमिटर टाढा रहेको भारतीय चर्दागाउँबाट समेत किसानहरू गहुँ पिसाउन आउने गर्दछन्। भारतीय नरैनापुर, लक्ष्मणपुर, निमनगरा, बन्जेरियागाउँबाट किसान मौर्यको मिलमा आउँछन्। नेपाली मिलमा आउँदा भारतीय किसानलाई सस्तो पर्छ। प्रतिकिलो २ भारतीय रुपियाँमा उता गहुँ पिसाइन्छ भने यता प्रतिकिलो २ रुपियाँ नेपाली पर्छ। 'एउटा त नेपालमा सस्तो पर्छ, अर्को उता बत्ती नभएर गहुँ पिसाउन मिलले गाह्रो मान्छन्' -भारतीय किसान यादवले भन्नुभयो।



मौर्यको मिलमा दैनिक ५ क्विन्टलबढी गहुँ पिसानी हुन्छ। प्रतिक्विन्टल २ सय रुपियाँ लाग्छ। उक्त मिलमा भारतीय किसान धान कुटाउन भने कम आउँछन्। 'गहुँ जति धान कुटाउन आइदिए त मेरो कमाइ धेरै राम्रो हुन्थ्यो', मौर्यले भन्नुभयो- 'गहुँमा त्यति फाइदा हुँदैन, तैपनि चलेकै छ।'

दशगजामा रहेको मौर्यको मिलले भारतीय किसानलाई सुविधा भएको छ भने उनको पनि व्यवसाय राम्ररी चलेको छ। उपचार र किनमेलका नाममा दैनिक लाखौं रुपियाँ भारतमा गइरहेका बेलामा मौर्यले थौरै भए पनि भारतीय पैसा नेपाल भित्र्याएका छन्। भारतीय किसानको चापले गर्दा मौर्यको मिलमा भारतीय रुपियाँ नै आउने गर्दछ। 'भारु चाहिएमा तपाईंकहाँ आउनुपर्ला', मौर्यले जवाफ दिनुभयो- 'थोरै-थोरै हुन्छ, आउनुहोला।'

कालाबन्जार डुडुवा गाउँपालिकाको वडा नं. ६ हिरमिनियाअन्तर्गत पर्छ। भारतले कलकलवा तटबन्धलाई पश्चिमतिर सडकजस्तो बाँधको रूपमा बिस्तार गरेपछि हिरमिनिया डुबानको चपेटामा परेको छ।

दशगजामा एक्लो घर रहे पनि मौर्य परिवारलाई सुरक्षा चुनौती छैन। उनको घरअगाडि नै भारतीय सीमा सुरक्षा बल (एसएसबी) को पोस्ट रहेको छ। 'लुटपाट, चोरीजस्ता समस्या छैन, भारतले बनाएको सीमाजस्तो सडकले वर्षामा डुबानमा पार्छ कि भन्ने डरमात्रै छ', मौर्यले भन्नुभयो- 'घरनजिकै ३ वटा कल्भर्ट बनेपछि डर कम भएको छ।'

## विस्फोटक पदार्थसहित २ जना पक्राउ

हेटौंडा, (नेस)

इलाका प्रहरी कार्यालय फापरबारी मकवानपुरबाट खटिएको प्रहरीले गस्तीका क्रममा विस्फोटक पदार्थसहित दुई जनालाई पक्राउ गरेको छ।

वागमती गाउँपालिका-६ स्थित सडकखण्डमा वडा नं. ४, पाँचपाण्डव बस्ने वर्ष ६० का हर्कमान तितुङलाई शंकास्पदरूपमा हिँडिरहेको अवस्थामा नियन्त्रणमा लिएर शरीर तथा सामान खानतलासी गर्दा पिठ्यूँमा बोकेको झोलाभित्र विस्फोटक पदार्थ फेला परेको प्रहरीले जनाएको छ।

उनले प्लास्टिकले बेरी लुकाई ल्याएको विस्फोटक पदार्थ डेटोनेटिङ क्याप १ सय पिससहित पक्राउ गरिएको हो। उनीसँग सोधपुछका क्रममा वागमती गापा-४ बस्ने वर्ष ४० का राकेश गोलेको संलग्नता भएको बताएकाले गोलेलाई समेत पक्राउ गरी विस्फोटक पदार्थ ऐन, २०१८ बमोजिम जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको जनाइएको छ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोश्रो पटक प्रकाशित मितिः २०७४।०७।१०

यस कम्पनीको मिति २०७४।६।२६ गतेको निर्णय बमोजिम कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौको स्विकृती अनुरुप साविक कम्पनी **कामना न्यूज प्रा.लि.** का.म.न.पा. ३२, अनामनगर (प्रा.लि नं.१६२२१७/०७३।०७४) को नाम परिवर्तन गरी **कामना मिडिया प्रा.लि.** का.म.न.पा. ३२, अनामनगर गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

फोन नं.: ०१-४०१०७२०

भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति: १९८७ जेठ
स्वर्गारोहण मिति: २०७४/०६/२९

स्व . सावित्री हाडा

यस वडा समितिका सदस्य श्री अनिल हाडाज्यूकी
ममतामयी आमा सावित्री हाडाको
असामयिक निधनप्रति शोकाकूल परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दै मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

वडा अध्यक्ष
चिनीकाजी महर्जन

सदस्यहरु :
रश्मिला मल्ल, चन्द्रमान तुलाधर, गीता परियार

एवं कामपा वडा नं. २२, परिवार

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# विश्व

**विरोध**
केन्यामा भएको राष्ट्रपतीय पुन निर्वाचनमा विरोध जनाइरहेका विपक्षी पार्टीका कार्यकर्ता।



**खोपडी**
पपुवा न्युगिनीमा भेटिएको यो मानव खप्पर ६ हजार वर्ष पुरानो भएको वैज्ञानिकहरुले बताएका छन्।





## विश्व २ मिनेट

### केन्या
#### कडा सुरक्षा
नैरोबी, (एजेन्सी)

केन्यामा राष्ट्रपतीय पुन निर्वाचन शुरु भएपछि त्यहाँको सुरक्षा व्यवस्था अत्यन्तै कडा पारिएको बिहीबार सुरक्षा सूत्रले जनाएको छ। यस चुनावलाई प्रमुख विपक्षी राजनीतिक पार्टीले वहिष्कार गरेको छ। दोस्रो कार्यकालका लागि चुनाव लडिरहेका केन्याली राष्ट्रपति उहुरु केन्यात्ताले जनतालाई ढुक्क भएर मतदान गरी शान्त रहन आह्वान गरेका छन्। यसैबीच विपक्षी नेता राइला ओडिंगाले आफ्ना समर्थकलाई चुनावबाट टाढा रहन आग्रह गरेका छन्। गत ८ अगस्टको चुनावमा केन्यात्तालाई विजयी घोषित गरिए पनि अनियमितताको आरोपपछि पुन चुनाव गरिएको हो।

### जापान
#### निन्जा चोर पक्राउ
टोकियो, (एजेन्सी)

जापानी प्रहरीले बिहीबार निन्जाको भेषभुषामा रहेका एकजना कुख्यात चोरलाई पक्रिन सफल भएको जनाएको छ। तर ती आशंकित चोर ७४ वर्ष उमेरको पत्ता लागेपछि प्रहरी ठूलो आश्चर्यमा परेको छ। यसै वर्ष उनको कालो लुगाले छोपिएको अनुहारमा सेक्युरिटी क्यामरामा देखिएको थियो। प्रहरीले निरन्तर प्रयास गरी गत जुलाइमा मात्र उनलाई पक्राउ गर्न सफल भएको थियो। प्रहरीले यी व्यक्ति अहिलेसम्म २ सय ५० वटाभन्दा बढी चोरी गरिसकेका 'निन्जा अफ हेइसेइ' हुनुपर्ने दाबी गरेको छ।

### सउदी अरेबिया
#### व्यापारिक क्षेत्र निर्माण
रियाद, (एजेन्सी)

सउदी अरेबियाले एउटा नयाँ शहर तथा व्यापारिक क्षेत्र निर्माण गर्ने योजनामा काम गरिरहेको छ। उक्त परियोजनामा सउदी अरेबियाको सरकारले ५ खर्ब अमेरिकी डलरभन्दा बढी लगानी गर्ने जनाइएको छ। युवराज मोहम्मद अली बिन सलमानले २६ हजार ५ सय वर्गकिलोमिटरको यो विजनेस जोन देशको उत्तर पश्चिमी इलाकामा विकशित गरिने जानकारी दिए। उक्त व्यापारिक क्षेत्र इजिप्ट र जोर्डनको सीमासम्म विस्तार हुनेछ। यस व्यापारिक केन्द्रमा खाद्यान्न प्रविधि, उर्जा र पानीको क्षेत्रमा विशेष ध्यान दिइने बताइएको छ। यस केन्द्रले सन् २०३० सम्ममा देशलाई १ सय अर्ब डलर योगदान दिन सक्ने अपेक्षा गरिएको छ।

### दक्षिण कोरिया
#### ठोस इन्धन रकेट
सोल, (एजेन्सी)

उत्तर कोरियाले गत हप्ता पूर्वी तटीय नगर हामहङमा ठोस इन्धनयुक्त रकेट इन्जिनको परीक्षण गरेको अमेरिकी सरकारमा उत्तर कोरियाको ब्यालिस्टिक क्षेप्यास्त्र कार्यक्रम सम्बन्धी ज्ञान राख्ने अधिकारीलाई उद्धृत गर्दै द डिप्लोम्याटले उल्लेख गरेको छ। उत्तर कोरियाले यसअघि पनि ठोस इन्धन परीक्षण गरिसकेको छ। यसले उसको पुक्गुक्सोङ क्षेप्यास्त्र विकासमा योगदान पुर्‍याएको जनाइएको छ। प्योङयाङसँग उसको हतियार भन्डारमा दुई ठोस इन्धनयुक्त पुक्गुक्सोङ क्षेप्यास्त्र रहेको छ। उत्तर कोरिया नयाँ ठोस इन्धन रकेटलाई पुक्गुक्सोङ ३ अन्तरमहाद्विपीय ब्यालिस्टिक क्षेप्यास्त्र विकासका लागि प्रयोग गर्न सक्ने अनुमान गरिएको छ।

# राष्ट्रपति सीलाई ट्रम्प र किमको बधाई



वासिंगटन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसै साताको चिनियाँ कम्युनिस्ट पार्टीको कंग्रेसपछि असाधारण रूपमा शक्तिशाली भएका आफ्ना चिनियाँ समकक्षी सी जिन पिङलाई बिहीबार बधाई दिएका छन्। अमेरिकामा नै एउटा टेलिभिजनलाई अन्तर्वार्ता दिने क्रममा ट्रम्पले सीको प्रंशसा गर्दै केहीले उनलाई चीनको राजासमेत भन्न सक्ने प्रतिक्रिया दिएका छन्।

दोस्रो कार्यकाल निश्चित भएपछि कंग्रेसमा आफ्नो उत्तराधिकारीको स्पष्ट संकेत नदिएका सीले सत्तामा बलियो पकड बनाएका छन्'। सीको नाम र विचार धारा पार्टीको संविधानमा समावेश गरिएको छ। ट्रम्प र सीबीच आगामी महिना ट्रम्पको औपचारिक चीन भ्रमणको क्रममा भेटवार्ता हुने भएको छ।

यसअघि गत जुलाईमा जि-२० को शिखर बैठकमा यी दुई नेताबीच भेटघाट भएको थियो। ट्विटरमार्फत् ट्रम्पले टेलिफोनमार्फत् बधाई दिने क्रममा सीसँग उत्तर कोरिया र व्यापार व्यवसाय बारे पनि छलफल भएको बताएका छन्। केही घन्टापछि उत्तर कोरियाली सर्वोच्च नेता किमजोङ उनले पनि सीलाई बधाई दिएका छन्।

यसैबीच चिनियाँ सरकारी सञ्चार माध्यमले पनि सीले पनि ट्रम्पसँगको वार्तामा आगामी दिनहरुमा अमेरिका र चीनबीचको सम्बन्ध विकासका लागि संयुक्त रूपमा अघि बढ्ने बताएको जनाएको छ। फक्स बिजिनेस नेटवर्कलाई अन्तर्वार्ता दिँदै ट्रम्पले सी निकै असल व्यक्ति भएको र उनीसँगको आफ्नो सुमधुर समबन्ध रहेको बताएका छन्।

साथै ट्रम्पले चीनमा यस्तो राजनीतिक सफलता यसअघि अरुले पाउन नसकेको भन्दै सिलाई शक्तिशाली व्यक्तिको संज्ञा पनि दिएका छन्। अमेरिकापछि विश्वमा अर्को ठूलो अर्थतन्त्र भएको मुलुक चीन हो। तर दक्षिण र पूर्वी चिनियाँ सागरको भूमि विवादलाई लिएर अमेरिका र चीनबीचको सम्बन्धमा केही तिक्तता रहँदै आएको छ।

यसै गरी उत्तर कोरियाको सरकारी समाचार निकाय केसीएनएले किमले सीलाई पठाएको बधाई तथा शुभकामना सन्देशमा दुवै पार्टी र देशले आपसी हितलाई ध्यानमा राखेर आपसी सम्बन्धलाई थप मजबुत गरिने उल्लेख गरिएको जनाएको छ।

# पटाका कारखाना विस्फोटमा ४६ को मृत्यु



जकार्ता, (एजेन्सी)

इन्डोनेसियाको एउटा पटाका कारखानामा बिहीबार विस्फोटन हुँदा करिब छयालिस जना व्यक्तिको ज्यान गएको र सोही संख्या बराबरको व्यक्ति घाइते हुनपुगेको तथा अन्य १० जना हराइरहेको स्थानीय सञ्चार माध्यमले जनाएको छ।

राजधानी जाकार्ताको पश्चिममा पर्ने तान्जेरांगस्थित एउटा औद्योगिक परिसरमा स्थानीय समयअनुसार बिहान नौ बजे आगलागी शुरू भएको थियो। तान्जेरांग कोटाका प्रहरी प्रमुख ह्यारी कुर्नियावानले आगो नियन्त्रणमा आइसकेको र भग्नावशेषबाट शव निकाल्ने काम भइरहेको तथा छयालिसवटा लाश निकालिसकेको एएफपीलाई बताएका छन्।

फोरेन्सिक अधिकारीहरु घटनास्थलमा पुगिसकेका छन् भने घाइतेहरुलाई तीनवटा अस्पतालमा लगिएको छ। प्रहरीले अधिकांश लाश कारखानाको पछाडिको भागमा थुप्रिएको अवस्थामा भेटिएको र तिनीहरु भाग्ने क्रममा रहेको हुनसक्ने अनुमान गरिएको छ।

अग्निनियन्त्रक ओनी साहरोनीले नराम्ररी जलेका कुनै पनि लाश सनाखत हुनसक्ने स्थितिमा नरहेको इन्डोनेसियाको मेट्रो टेलिभिजनलाई जानकारी गराएका छन्।

प्रत्यक्षदर्शीहरुले तीन घन्टाको अन्तरालमा पटका भण्डार गरिएको स्थानमा दुई पटक विस्फोटन भएको बताइएको छ।

पहिलो विस्फोटको कारण भीषण आगलागी हुँदा कारखानाको छत खसेको थियो। एकजना स्थानीय सरकारी अधिकारीले उक्त पटका कारखाना छ साताअघिदेखि मात्र सञ्चालनमा आएको बताएका छन्।

# अभिनेत्रीद्वारा पूर्वराष्ट्रपति बुसविरुद्ध यौन दुर्व्यवहारको आरोप

न्युयोर्क, (एजेन्सी)

अमेरिकाका पूर्वराष्ट्रपति जर्ज डब्ल्यु बुसमाथि एक अभिनेत्रीले यौन दुर्व्यवहार गरेको आरोप लगाएकी छिन्। उक्त घटनालाई लिएर बुसले माफीसमेत मागेका छन्।

अमेरिकी अभिनेत्री हिडर लिन्डले इन्स्टाग्राम पोस्टमा एक राहत संकलनका लागि आयोजना गरिएको कार्यक्रममा बुससँगै एउटै मन्च साझा गर्ने क्रममा ओबामासँग हात मिलाइरहेको तस्वीर देखेपछि आफूलाई उनले कुनै बेला गलत तरिकाले छोएको स्मरण भएको उल्लेख गरेकी थिइन्।

यद्यपि उनले पछि आफ्नो पोस्ट हटाएकी थिइन्।

उक्त घटनालाई लिएर बुसको तर्फबाट दिएको स्पष्टिकरणमा 'ठट्टाका रूपमा भएको एक घटना' भएको जनाइएको छ। यसको पछाडि कसैको अपमान गर्ने उद्देश्य नरहेको जनाएको छ।

ब्रडवाक एम्पायर स्टार ३४ वर्षको लिन्डले भने- 'सन् २०१४ मा जब हामी टिभी स्क्रिनिङमा भेटेका थियौं, ९३ वर्षीय बुसले मलाई जबरजस्ती समात्ने प्रयास गरेका थिए। बुसले मसँग हात मिलाउनु सट्टा हिवलचेयरलाई नजिक सार्दै जबरजस्ती छुने प्रयास गरेका थिए। त्यतिबेला उनकी पत्नी बारबार पनि साथै थिइन्।

त्यसपछि पनि बुसले उनीसँग अन्त्यन्त भद्धा जोक गरेको र फोटो सेसनका क्रममा पनि पुन: छुने प्रयास गरेको अभिनेत्री लिंडले बताइन्। त्यतिबेलै बारबराले आँखा तन्काउँदै बुसलाई फेरि त्यस्तो नगर्न चेतावनी दिएकी थिइन्।

त्यसपछि बुसका सुरक्षा गार्डले आफूलाई फोटो सेसनका क्रममा ऊबाट परै रहन भनेको पनि उनले बताइन्। जर्ज एच डब्ल्यु बुसका प्रवक्ताले उक्त आरोपको जवाफ दिएका छन्। उनले सञ्चार समूहसँग पूर्वराष्ट्रपतिले कहिले पनि कुनै पनि परिस्थितिमा जानीजानी कसैलाई नोक्सान पुर्‍याउने प्रयास नगरेको बताए। 'यदि उनको कुनै ठट्टाबाट अभिनेत्रीलाई समस्या भएको हो भने बुस त्यसको लागि माफी माग्छन्' -उनले बताए। अभिनेत्री लिंडको दावी र आरोप त्यतिबेला अगाडि आएको छ, जुनबेला निर्माता हार्वे वेन्स्टिनमाथि यौन शोषणको आरोप लगाउने हलिवुड कलाकारहरुको लर्को लागेको छ।



गत हप्ता बुस र ओबामा एक कार्यक्रममा हात मिलाइरहेको तस्वीर प्रकासित भएपछि उक्त तीतो घटनाको ताजा भएर आएको लिन्डले बताइन्। फिल्म उद्योगमा अन्य महिलाको अनुभव र साँचो बोल्ने साहसको लहर आइरहेकाले आफूलाई पनि खुलेर बोल्ने साहस जुटेको उनले बताइन्।

'मलाई सबैभन्दा धेरै राहत म पनि आफ्नो क्षमताको प्रयोग गर्न सक्ने रहेछु, जुन राष्ट्रपतिको क्षमताभन्दा धेरै फरक छैन, भन्ने कुराबाट भएको छ। म पनि परिवर्तन ल्याउन सक्ने रहेछु र अरुलाई मद्दत गर्न सक्छु' -लिन्डेले बताइन्।

# बीबीसी कर्मचारीको शोषण नगर्न आह्वान



न्युयोर्क, (एजेन्सी)

संयुक्त राष्ट्र संघले इरान सरकारसँग बीबीसी फारसी सेवाका कर्मचारी र उनीहरुका परिवारको शोषण बन्द गर्न आह्वान गरेको छ।

विश्व संस्थाको अभिव्यक्ति स्वतन्त्रता मामिला हेर्ने विशेष दूतले बीबीसीबाट यस विषयमा गुनासो प्राप्त भएको पुष्टि गरेको छ। इरान सरकारले बीबीसीका १ सय ५० कर्मचारी, पूर्व कर्मचारी र सहयोगीहरु विरुद्ध राष्ट्रिय सुरक्षा विरुद्ध षड्यन्त्र रचेको मामिलामा आपराधिक जाँच शुरू गरेको छ।

अदालतको आदेशपछि १ सय ५० कर्मचारीको सम्पत्ति रोक्का गरेको छ। यसले गर्दा ती कर्मचारीहरुले आफ्नो सम्पत्ति र गाडी बेच्न र पारिवारिक सम्पत्ति पनि लिन नपाउने भएको छ। बीबीसीका महानिर्देशक टोनी हलले इरानको कदम पत्रकारहरुलाई दिएको अविश्वनीय सामूहिक सजायँ र मान्टेको मौलिक अधिकार विरुद्ध भएको बताए।

बीबीसी फारसी सेवा टिभी, रेडियो र इन्टरनेटमा लन्डनबाट समाचार प्रसारित गर्दै आइरहेको छ। इरानमा प्रतिबन्धका बाबजुद बीबीसी हरेक हप्ता १ करोड ८० लाख पाठकसमक्ष पुगिरहेको हुन्छ।

# आगरामा स्विस दम्पती पिटिए

नयाँदिल्ली, (एजेन्सी)

भारतको आगरादेखि ४४ किमि टाढाको फतेहपुर सिकरी स्तम्भमा एक स्विस दम्पतीलाई सांघातिक आक्रमण भएको भारतीय प्रहरीले बिहीबार जनाएको छ। एकजना वरिष्ठ प्रहरी अधिकारीले चारजना व्यक्तिले आइतबार आगरा जिल्लामा भएको सामान्य विवादपछि क्वेन्टिन जेरेमी क्लेर्क र म्यारी ड्रोजलाई आक्रमण गरेको बीबीसी हिन्दलाई जानकारी दिएका छन्।

स्थानीय सञ्चार माध्यमले पुरुषको खोपडी फुटेको उनकी पत्नीको हात भाँचिएको जनाएको छ। तिनीहरुको राजधानी दिल्लीस्थित एउटा अस्पतालमा उपचार भइरहेको छ।

तर अझैसम्म यस घटनालाई लिएर प्रहरीले कसैलाई गिरफ्तार गरिसकेको भने छैन। ती दम्पतीले ती अज्ञात पुरुषहरुले आफूहरुको तस्वीर खिच्न थालेपछि भनाभन शुरु भएको दि टाइम्स अफ इन्डियालाई जानकारी दिएका छन्।

प्रहरीले तिनीहरुले स्विस युवतीलाई आफूहरुसँग सेल्फी खिच्न जबर्जस्ती गरेको अनुसन्धानबाट पत्ता लगाएको छ। यी दम्पतीलाई लठ्ठीले पिटनुअघि तिनीहरुले लगातार एक घन्टासम्म पछ्याएको बताइएको छ।



आवश्यक पर्ने आँखाको प्लास्टिक शल्यक्रिया सेवामा नैतिक, गुणस्तरीय र आवश्यक सेवा उपलब्ध गराउने र शल्यक्रिया विधिमा आकर्षण पैदा गर्ने उद्देश्यले सम्मेलन हुन लागेको हो।

# दोलखामा चुनावी रौनक शून्य



चिरञ्जीवी मास्के, दोलखा

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मनोनयन दर्ता भइसकेर पनि दोलखामा चुनावी माहोल बन्न सकेको छैन। प्रमुख दलको कार्यालय सुनसान जस्तै छ भने बजार क्षेत्रहरूमा पनि चुनावको चर्चा खासै शुरू भएको छैन।

विगतका निर्वाचनमा बजारको चोक र होटल तथा चिया पसलमा चुनावको बहस र चर्काचर्की हुने गरेकोमा यो पटक मनोनयन दर्ताको ४ दिन बितिसक्दा पनि मानिसहरू चुनावी चर्चा गर्न खासै उत्साहित देखिएका छैनन्। मनोनयनअघि पनि निर्वाचन हुन्छ कि हुँदैन भन्ने आशंका रहेको र मनोनयन दर्तापछि पनि मतपत्रसम्बन्धी अदालतको आदेशका कारण निर्वाचन हुने नहुने आशंका उब्जिएकाले पनि निर्वाचनको माहोल बन्न नसकेको कतिपयको बुझाइ छ।

बिहीबार दिउँसो सदरमुकाम चरिकोटस्थित एमाले पार्टी कार्यालय पुग्दा कार्यालय सचिव कुमार लगुन र अर्का १ जना कार्यकर्ता मात्र भेटिए। एमाले कार्यालयमा न नेताहरू थिए न कार्यकर्ता नै थिए।

कार्यालय सचिव कुमार लगुनले पार्टीका अधिकांश नेता काठमाडौंमा सम्पर्क मञ्चको कार्यक्रममा गएकाले कार्यालय सुनसान देखिएको बताए। कात्तिक ११ गते पार्टीले कार्यकर्ता भेला आयोजना गरेको र १२ गते वाम गठबन्धनको संयुक्त भेला राखिएकाले त्यसपछिमात्र चुनावी माहोल तयार हुने एमाले कार्यालय सचिव लगुनको भनाइ छ। काठमाडौंका मतदातालाई निर्वाचनमा मतदानका लागि जिल्ला ल्याउनु पनि दलहरूको दायित्व भएकाले अहिले सबै काठमाडौं केन्द्रित भएको लगुन बताउँछन्।

वाम गठबन्धनको संयुक्त निर्वाचन परिचालन कमिटी सहसंयोजक माओवादी केन्द्रका नेता गोपाल पाण्डे पनि उम्मेदवार र पार्टीका नेताहरू काठमाडौंमा केन्द्रित रहेकाले जिल्लामा चहलपहल नभएको बताउँछन्। शुक्रबार काठमाडौंमा वाम गठबन्धनको संयुक्त कार्यक्रम रहेको र त्यसपछि सबै नेता तथा उम्मेदवार जिल्लामा आएपछि चुनावको माहोल बन्ने पाण्डेको विश्वास छ। मतपत्रसम्बन्धी अदालतको आदेशले चुनावी माहोललाई खासै असर नपारेको पाण्डे बताउँछन्। मनोनयन दर्ता भइसकेकाले मतदाताहरू निर्वाचन तोकिएकै मितिमा हुने कुरामा विश्वस्त रहेको पाण्डे बताउँछन्। कात्तिक १२ गते वाम गठबन्धनको जिल्लास्तरीय भेला हुने र त्यसपछि चुनावी अभियान शुरू हुने त्यसपछि जिल्लामा चुनावी माहोल तात्तिने विश्वास सहसंयोजक पाण्डेले व्यक्त गर्छन्।

नेपाली कांग्रेस, दोलखाका सचिव सन्तोष रिमालको बुझाइ पनि लगुन र पाण्डेको भन्दा फरक छैन। सचिव रिमाल पनि उम्मेदवार र पार्टी नेताहरू अहिले काठमाडौंमा व्यस्त रहेकाले जिल्लामा चुनावी माहोल बनिनसकेको बताउँछन्। निर्वाचनका लागि उम्मेदवार महत्त्वपूर्ण हुँदोरहेछ सचिव रिमालले भने- 'उम्मेदवार नै नभएकोले जिल्लामा चुनावी माहोल बन्न सकेको छैन।'

नेपाली कांग्रेस, दोलखाको जिल्ला समिति बैठक शुक्रबार राखिएको र त्यसपछि पार्टीले कार्यक्रम बनाएर अभियान शुरू गरेपछि माहोल बन्ने रिमाल बताउँछन्। मतपत्रसम्बन्धी अदालतको आदेशले निर्वाचनमा खासै असर नगर्ने कांग्रेस सचिव रिमालको बुझाइ छ। निर्वाचन तोकिएकै मितिमा हुने कुरामा आफू विश्वस्त रहेको रिमाल बताउँछन्।

# आँखाको प्लास्टिक शल्यक्रिया सम्मेलन आजबाट

काठमाडौं, (नेस)

आज शुक्रबारदेखि नेपाल अकुलोप्लास्टिक सोसाइटी फर सर्जन्स्को आयोजनामा तेस्रो राष्ट्रिय अकुलोप्लास्टिक (आँखाको प्लास्टिक शल्यक्रिया) सम्बन्धी सम्मेलन हुँदै छ।

आवश्यक पर्ने आँखाको प्लास्टिक शल्यक्रिया सेवामा नैतिक, गुणस्तरीय र आवश्यक सेवा उपलब्ध गराउने र शल्यक्रिया विधिमा आकर्षण पैदा गर्ने उद्देश्यले सम्मेलन हुन लागेको हो।

आज शुक्रबार र भोलि शनिबार चल्ने सम्मेलनमा नेपालसहित १२ देशका आँखासम्बन्धी विज्ञहरूले आफ्नो कार्यपत्र प्रस्तुत गर्ने आयोजक संस्थाका अध्यक्ष डाक्टर रोहित सैंजुले जानकारी दिनुभयो।

सम्मेलनमा आँखाको प्लास्टिक शल्यचिकित्सक, नेत्र विशेषज्ञ, आवासीय चिकित्सकको सहभागितामा आँखाको डिल, आँखाको डल्लो बस्ने ठाउँ, आँसु नली, आँखाको क्यान्सर, आँखाको सुन्दरता र आँखाको जटिल रोगसम्बन्धी अन्तर क्रिया गरिनेछ।

# प्रधानसेनापति स्वदेश फिर्ता



नेपाल समाचारपत्र

काठमाडौं

प्रधानसेनापति राजेन्द्र क्षेत्री संयुक्त राज्य अमेरिकामा आयोजित ग्लोबल चिफ अफ डिफेन्स कन्फेरेन्समा सहभागी भई स्वदेश फिर्ता हुनुभएको छ।

भ्रमणका क्रममा उहाँले उक्त कन्फेरेन्समा सहभागी भएका विभिन्न देशका सेना प्रमुख तथा उच्चस्तरीय सैनिक पदाधिकारीहरूसँग समेत भेटघाट गर्नु भई आपसी हितका विषयमा छलफल गर्नुभएको थियो।

प्रधानसेनापति क्षेत्रीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बलाध्यक्ष रथी पूर्णचन्द्र थापाले स्वागत गर्नुभएको थियो भने नेपाली सेनाको एक टुकडीले सलामी अर्पण गरेको थियो। उक्त अवसरमा नेपाली सेनाका रथीवृन्द, काठमाडौंस्थित विभिन्न कूटनीतिक नियोगका सैनिक सहचारीहरू तथा नेपाली सेनाका अधिकृतहरूको समेत उपस्थिति रहेको थियो।

यस किसिमको उच्च तहको सैनिक नेतृत्त्व वर्गको भ्रमणले नेपाली सेना र अमेरिकी सेनालगायत अन्य सहभागी राष्ट्रहरूका सेनाबीच रहँदै आएको आपसी सौहार्दपूर्ण सम्बन्धको साथै द्विपक्षीय हित र पारस्परिक सम्बन्धलाई सुमधुर एवम् प्रगाढ बनाउन थप मद्धत पुग्ने विश्वास नेपाली सेनाले लिएको छ।

# चौराहको अतिक्रमण हट्यो

कुमार श्रेष्ठ, बाँके

पूर्व-पश्चिम तथा उत्तर-दक्षिण राजमार्गको केन्द्रविन्दु कोहलहपुर चौराहको अतिक्रमण हटेको छ। लामो समयदेखि चौराह आसपासमा घरटहरा बनाई पसल सञ्चालन गरेका व्यक्तिले आफैं अतिक्रमण हटाएका हुन्।

कोहलपुर नगरपालिका तथा नगर विकास समितिले विभिन्न समयमा चौराहको अतिक्रमण हटाउने निर्णय गरे पनि सकेको थिएन। जनप्रतिनिधि आइसकेपछि भएको पहिलो निर्णयमै घरटहरा स्वयं व्यक्तिले हटाएका छन्। 'भदौंमा हटाउने निर्णय गरेका थियौं। उनीहरूले नै चाडपर्वपछि आफैं हटाउँछौं भनेपछि छोडिएको थियो, आज हटाए', -कोहलपुरका मेयर लुटबहादुर रावतले भन्नुभयो।

चौराहामा ७२ घर टहरा थिए। ८/१० वर्षदेखि नै त्यहाँ घरटहरा बनाएर पसल सञ्चालन गरिएको थियो। कोहलपुर नगरपालिका र नगर विकास समितिले वैकल्पिक उपाय खोज्ने आश्वासन दिएपछि घरटहरा आफैं हटाएको उनीहरूले बताएका छन्। 'नगर विकास समितिले ३८/४० वटा सटर बनाउँदै छ। त्यसमा हामीलाई प्राथमिकता दिने भनिएको छ', स्थानीय एक व्यक्तिले भने- 'त्यसपछि हामीले घर टहरा हटाएका छौं।'

चौराहमा रहेका घरटहरा सडकको क्षेत्रफलभित्र थियो। ३१ मिटर सडकभित्र ती घरटहरा परेका थिए। लामो समयदेखि घरटहरा बनाएर पसल तथा होटल सञ्चालन गरेका व्यक्तिले ठाउँ नछोड्न प्रयास भने गरेका थिए। नगरपालिका र नगर विकास समितिविरुद्ध संगठित हुने कोसिस भएको थियो। तर, ठूलो संख्यामा सुरक्षाफौजसहितको दलबल पुगेपछि स्थानीयले आफैं आफ्नो सामान हटाएका हुन्। बिहीबार सामानहरू ओसार्ने काम भएको छ। एक/दुई दिनमा घरटहरा भत्काएर आफ्ना सामान लैजाने भनिएको छ।

त्यसमा नगरपालिका तथा नगर विकासले अत्ताएको छैन। इलाका प्रहरी कार्यालय, कोहलपुरका प्रहरी निरीक्षक नवराज पोखरेललगायत प्रहरी अधिकृतको कमान्डमा ठूलो संख्यामा प्रहरी पुगेका थिए। तर, त्यहाँ कुनै बल प्रयोग गर्नु परेन। 'हामीले कुनै बल प्रयोग गर्नु परेन। उहाँहरू आफूले आफ्ना सामान हटाउने काम गरेका छन्', प्रहरी निरीक्षक पोखरेलले भन्नुभया- 'टहरा पनि भत्काएर जान्छन्।'

सडकमा पर्ने त्यहाँ 'ठाउँ' को बिक्री वितरण हुने गरेको पाइएको छ।

पहिला ओगटेर बसेका व्यक्तिले अर्कोलाई ठाउँ बेचेर तथा भाडामा दिएर अन्यत्र जाने गरेको खुलासा भएको छ। १ जना बुटवलमा बस्ने व्यक्तिले अहिले पनि त्यहाँस्थित १ होटलबाट मासिक २ हजार रुपियाँ लिने गरेको फेला परेको छ। 'पहिला आफैं बसेका र पछि अन्यत्र जानुपर्ने भएपछि आफू बसेको ठाउँ बिक्री तथा भाडामा दिने गरेको पाइयो', -कोहलपुरका मेयर रावतले भन्नुभयो।

## अक्टोबर क्रान्तिको शतवार्षिकी

# सबै वाम एकै थलोमा

नेपाल समाचारपत्र

दाङ

दाङका विभिन्न वामपंथी दल र वाम बुद्धिजीवी एकैथलोमा जम्मा भएर आगामी समाजवादी आन्दोलनको चर्चा गरेका छन्। लेनिनको अगुवाइमा रुसमा समाजवादी क्रान्ति सम्पन्न भएको १ सय वर्ष पुगेको अवसरमा अक्टोबर क्रान्तिको शतवार्षिकी मनाउन उनीहरू १ ठाउँमा भेला भएका हुन्।

चुनाव उपयोग गरेर नै अगाडि बढ्न सकिन्छ भन्ने राजनीतिक कार्यदिशा बोकेकादेखि चुनाव बहिष्कारमार्फत् अगाडि बढेका वाम दलका नेताहरू एकै ठाउँमा बसेर आगामी समाजवादी आन्दोलनबारे बहस गरेका हुन्। दाङमा कम्युनिस्ट पार्टी स्थापना गर्नेदेखि अहिले दल हाँकिरहेका र राजनीतिमा भर्खरै प्रवेश गरेका गरी तीन पुस्ताका नेता कार्यकर्ता र वाम बुद्धिजीवीले यो बहसमा भाग लिएका हुन्। उनीहरूले अहिलेसम्मको राज्यव्यवस्थामा समाजवाद नै उत्कृष्ट भएको औल्याउँदै नयाँ पुस्तालाई समाजवाद र साम्यवादतर्फ आकर्षित गर्न निरन्तर प्रशिक्षण दिनुपर्नेमा जोड दिए।

वाम सहकार्यका लागि साझा मञ्च दाङको आयोजनामा भएको कार्यक्रममा दलका नेताले समाजवादसम्म पुग्ने आ-आफ्ना धारणा अगाडि सारेका थिए भने वाम बुद्धिजीवीले साझा धारणा बनाएर अघि बढ्न सुझाएका थिए। अवधारणापत्र प्रस्तुत गर्दै प्रमोद धितालले नेपाली कम्युनिस्ट आन्दोलनलाई विचारधारात्मक बहसमार्फत् अगाडि बढाउनुपर्ने बताउनुभयो। सबै कम्युनिस्ट दलको नेतृत्त्वमा सांस्कृतिक रूपान्तरणको सवाल कमजोर रहेको पनि उहाँले औल्याउनुभयो।

अवधारणापत्रमा टिप्पणी गर्दै बुद्धिजीवी शशिधर भण्डारीले लडाइँको मैदानमा कम्युनिस्ट विजयी भएको भन्दै सांस्कृतिक क्रान्तिमा जोड दिनुभयो। अर्का बुद्धिजीवी सर्जन गौतमले विश्वका साम्राज्यवादी शक्ति संकटग्रस्त अवस्थामा रहे पनि नेपाली कम्युनिस्ट आन्दोलनले सही दिशा नलिँदा समाजवादसम्म पुग्न ढिलाइ भएको बताउनुभयो।

नेकपा एमाले, दाङका अध्यक्ष टीकाराम खड्काले ६० प्रतिशत जनमत रहेकाले यसलाई जनताको पक्षमा परिचालन गरेर एकताबद्ध प्रयासद्वारा अगाडि बढ्नुपर्नेमा जोड दिँदै अहिलेको वाम एकताले सार्थकता पाए १५ वर्षभित्र नेपालमा समाजवादी अर्थतन्त्र लागू गर्न सकिने बताउनुभयो। नेकपा माओवादी केन्द्रका पोलिटब्युरो सदस्य निर्मल आचार्यले नेपाली सन्दर्भको समाजवादको बाटो खोज्नुपर्ने औल्याउँदै कम्तीमा समाजवाद मान्ने वाम शक्ति एक ठाउँमा आउनुपर्ने बताउनुभयो।

नेकपा मसाल, दाङका प्रवक्ता भरत भण्डारीले नयाँ पुस्तालाई अक्टोबर क्रान्तिको महत्त्व बुझाउनुपर्नेमा जोड दिँदै आफ्नो पार्टीले एक वर्षदेखि शतवार्षिकी मनाउँदै आएको बताउनुभयो। नेकपाका जिल्ला सेक्रेटरी सविन पोखेलले नेपालमा नेपाली सन्दर्भको अक्टोबर क्रान्ति सम्भव भएको उल्लेख गर्दै त्यसका लागि आफ्नो पार्टी तयार रहेको बताउनुभयो। नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य हिरामणि दुःखीले समाजवादभन्दा अघि सम्पन्न गर्नुपर्ने नेपालमा जनवादी क्रान्तिको चरण नै बाँकी रहेको उल्लेख गर्दै कम्युनिस्ट पार्टीबीचका शत्रुतापूर्ण व्यवहार रोकिनुपर्नेमा जोड दिनुभयो।




# हर्षउल्लासका साथ मनाइँदै छठ



वीरगन्ज, (नेस)

मंगलबारदेखि विधिवत् शुरू भएको छठ पर्वको बिहीबार अस्ताउँदो सूर्यलाई अर्घ दिएर तराई मधेससहितका जिल्लामा मनाइएको छ।

छठ पर्व वीरगन्जसहित तराईका जिल्लामा मनाइएको छ। वीरगन्जको छपकैया, बजार छपकैया, नगवा, इनर्वा, घडिअर्वा, रानीघाट, पानीटक्री, मुर्ली, तेजारथटोल, पिपरा, रामगढवा, लक्ष्मणवा र श्रीसिया नदीलगायतका स्थानमा बिहीबार सूर्यको पूजा गरी व्रतालुहरूले छठ मनाएका छन्। छठपूजाको मुख्य दिन षष्ठी अर्थात् साँझ घाटको दिन व्रतालुहरू निर्जल व्रत बस्ने र दिउँसो पवित्र कपडा लगाई पोखरी, नदी, तलाउनिर अस्ताउँदो सूर्यलाई ठेकुवा, भुसुवा, केरा, फलफूल, पान, सुपारी, उखु आदिले अर्घ दिई पूजा गर्ने प्रचलन रहेको छ। षष्टीको भोलिपल्ट सप्तमीमा उदाउँदो सूर्यलाई अर्घ दिएर छठ पूजाको समापन गरिन्छ। यो दिनलाई पारण भनिन्छ।

# राजधानी बनाउन दबाब

हेटौंडा, (नेस)। जनदबाब समूह, मकवानपुरको नेतृत्त्वमा बुधबार राजधानीको माइतीघर मण्डलामा दबाब कार्यक्रम गरियो। जनदबाब समूहले ३ नम्बर प्रदेशको राजधानी हेटौंडालाई बनाउन माग गरेको हो।

समूहले ३ नम्बर प्रदेशको राजधानी काठमाडौंलाई बनाउँदा धुलो, धुँवा, बाटोघाटो, वातावरण प्रदूषित हुने समेत कारण धान्न नसक्ने, केन्द्रको राजधानी काठमाडौं नै भएको र केन्द्रको राजधानी सार्नुपर्ने आवाज उठिरहेको अवस्थामा काठमाडौं उपयुक्त हुनसक्ने अवस्था नभएको बताएको छ।

# लडेर महिलाको मृत्यु

बैतडी, (नेस)

खर काट्ने बेला भीरबाट लडेर बैतडीमा बुधबार एक महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा बैतडीको डिलाशैनी गाउँपालिका-६ गोकुलेश्वर तिलाडीकी अनिता विष्ट रहेकी प्रहरी नायव उपरीक्षक हेरम्ब शर्माले जानकारी दिनुभयो। बुधबार बिहान साढे ९ बजे घर नजिकै रहेको तिलाडी भीरमा खर काटिरहेका बेला एक्कासि लडेर गम्भीर घाइते भएकी अनिताको उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ।

## किरियापुत्री...

भाइ मित्रप्रसादको ८४ वर्षको उमेरमा गत आइतबार साँझ ६ बजेर २५ मिनेटमा निधन भएको थियो। उहाँको निधन भएको ७२ घण्टा २५ मिनेटपछि दाजु देवीप्रसादको ९१ वर्षको उमेरमा बुधबार साँझ ६ बजेर ५० मिनेटमा निधन भएको पारिवारिक स्रोतले जनाएको छ। २ किरियापुत्री अन्त्येष्टि कार्यमा सहभागी भए पनि जेठा छोरा विदुर खनाल र अर्की बुहारी उर्मिला भने परम्परालाई निरन्तरता दिन घरकै कोरामा रहेका थिए।

## तालमेलको...

स्रोतका अनुसार सभापति शेरबहादुर देउवा डडेल्धुरामा, रामचन्द्रत पौडेल तनहुँ-१, महामन्त्री डा. शशांक कोइराला नवलपुर-१, प्रकाशमान सिंह काठमाडौं-१, प्रकाशशरण महत काठमाडौं-५, पूर्वमहामन्त्री विमलेन्द्र निधि धनुषा-३ बाट उम्मेदवारी दिने गृहकार्य भइरहेको छ।

हालै मात्र नेपाली कांग्रेसमा प्रवेश गर्नुभएका नेता विजयकुमार गच्छदार सुनसरी-३, नेता गोपालमान श्रेष्ठ स्याङ्जा-२, गगन थापा काठमाडौं-४, नवीन्द्रराज जोशी काठमाडौं-८, पूर्णबहादुर खड्का सुर्खेत-१, ज्ञानेन्द्रबहादुर कार्की सुनसरी-४, महेश आचार्य मोरङ-४, शेखर कोइराला मोरङ-६, मिनेन्द्र रिजाल मोरङ-२, रमेश रिजाल पर्सा-४, एनपी साउद कन्चनपुर-२, रमेश लेखक कञ्चनपुर-३, नारायण खड्का उदयपुर-१, नारायण कार्की उदयपुर-२, अर्जुन जोशी पर्वत र फरमुल्ला मन्सुर बारा-३ मा उम्मेदवार रहने बताइएको छ।



# अर्थ

2017, OCT
Friday
27

दैनिक उपभोगमा आउने आलु, प्याज, गोलभेंडा, काउलीलगायत तरकारीको मूल्य दशैं अघिको तुलनामा कार्तिक पहिलो साता झण्डै दोब्बर भएको थियो।

# बजारमा तरकारीको कृत्रिम अभाव

## चर्को मूल्य असुल्दै व्यापारी

**नेपाल समाचारपत्र**

काठमाडौं

दशैं, तिहार र छठ जस्ता ठूला चाडबाडमा माग अनुसार आपूर्तिमा कमी आएपछि आकाशिएको मूल्य अवस्था सामान्य रूपमा फर्किसक्दा पनि तरकारीको मूल्य घट्न सकेको छैन।

चाडबाडका बेला माग उच्च देखिए पनि अहिले सामान्य रूपमा फर्किसकेको छ। तर, खुद्रा व्यापारीले भने अझै चर्को मूल्य असुली रहेका छन्। कालीमाटी फलफूल तथा तरकार बजार विकास समितिको तथ्यांक अनुसार अहिले फलफूल तथा तरकारीको मूल्य सामान्य अवस्थामा फर्किइसकेको छ। तर, खुद्रा व्यापारीले भने तराईमा बाढीको कारण मूल्य बढेको भन्दै उपभोक्तालाई ठगिरहेका छन्। कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका कार्यकारी निर्देशक तेजेन्द्र पौडेलले कार्तिक पहिलो साताको तुलनामा दोस्रो साता तरकारीको मूल्य घटेको र बजार सामान्य अवस्थामा फर्किसकेको बताउनुभयो। तर, खुद्रा व्यापारीले भने बढेको मूल्य घट्दा पनि कृत्रिम अभाव देखाएर उपभोक्ता ठगिरहेका छन्।



कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले अहिले माग अनुसार आपूर्ति भईरहेको जनाइरहँदा मूल्यमा भने सोही अनुपातमा घट्न सकेको छैन। समितिले निर्धारण गरेको खुद्रा मूल्य सूचीभन्दा व्यापारीले झण्डै दोब्बर असुल्ने गरेका छन्। त्यसको प्रत्यक्ष असर सर्वसाधारणको जनजीवनमा देखिने गरेको छ। अनुगमन गर्ने कुनै निकाय नभएपछि व्यापारीहरूले आफूखुशी ढंगले मूल्य निर्धारण गर्ने गरेका छन् भने एउटै पसलमा पनि ग्राहकैपिच्छे फरक मूल्य तोक्छन्।

समितिले दैनिक ६ सय मेट्रिक टन तरकारी दैनिक रूपमा आपूर्ति भइरहेको जनाएको छ। जुन परिमाण उपत्यकाको दैनिक औसत माग बराबर नै हो। तर, कालीमाटीकै व्यापारीले भने बजारमा तरकारी आपूर्तिमा कमि आएपछि मूल्य बढेको तर्क गर्छन्। असोज-कार्तिकको समयमा तरकारीको उत्पादनमा तुलनात्मक रूपमा कमि आउने तथा माग र आपूर्तिको सिद्धान्तमा सन्तुलन आउन नसक्दा मूल्य बढेको व्यापारीले सजिलै जवाफ फर्काउन्छन्। अरूबेला प्रशस्त तरकारी पाइने कालिमाटी र बल्खु कृषि तथा तरकारी बजारमा पछिल्लो एक हप्ता मागअनुसार नै तरकारी उपलब्ध छ। तर, मूल्य अझै किन घटेन भन्ने कुरामा भने सम्बन्धित निकायसँग पनि जवाफ छैन।

दैनिक उपभोगमा आउने आलु, प्याज, गोलभेंडा, काउलीलगायत तरकारीको मूल्य दशैं अघिको तुलनामा कार्तिक पहिलो साता झण्डै दोब्बर भएको थियो। तर, बिहीबारको मूल्यसूची हेर्दा केही घटेको देखिन्छ। सय रुपियाँ प्रतिकिलो पुगेको गोलभेंडाको खुद्रा मूल्य हाल ८५ रुपियाँमा झरेको छ। त्यसैगरी २ सय रुपियाँ प्रतिकिलोसम्म पुगेको स्थानीय काउलीमा बिहीबारको मूल्य सूची अनुसार ८५ रुपियाँ प्रतिकिलो पुगेको छ। चाडवाडको समय रहेकाले कामदारको अभावमा तरकारी बजारसम्म पुग्न नसकेको पनि निर्देशक पौडेलको तर्क छ। उपत्यकामा मुख्यगरी काभ्रेपलाञ्चोक, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, सर्लाही, चितवन, सिन्धुपाल्चोक, भक्तपुर लगायत स्थानबाट तरकारी आउने गर्दछ।

# ४० जना महिला उद्यमी छनोट

हेटौंडा, (नेस)

मकवानपुरको उत्तरी क्षेत्रका साबिक आठ गाविसका ४० महिला उद्यमीको घोषणा गरिएको छ। महिलाहरूको आफ्नै पौरखबाट उद्यमशीलता गर्दै आएका ४० जनालाई महिला उद्यमी घोषणा गरिएको हो।

नारी सिप सिर्जना केन्द्र मकवानपुरद्वारा सञ्चालित एमएलआरपी कार्यक्रमअन्तर्गत लिडरसिप एकेडेमी ललितपुर र अक्सफाम नेपालको सहयोगमा महिला उद्यमी घोषणा गरेर उनीहरूलाई आर्थिक उपार्जन गर्ने सिप प्रदान गरिएको छ। जिल्लाको उत्तरी क्षेत्रका कृषि, पशुपालन, सिलाई कटाइ, होटल व्यवसाय, किराना पसल तथा ब्युटीपार्लर व्यवसायलगायत क्षेत्रमा कार्यरत महिलालाई उत्कृष्ट उद्यमी घोषणा गरिएको हो।

साबिक चित्लाङ, मार्खु, कुलेखानी, फाखेल, सिस्नेरी, नामटार, भार्ता र कालीकाटारका ४० महिलालाई उत्कृष्ट उद्यमी घोषणा गरिएको नारी सिप सिर्जना केन्द्र मकवानपुर अध्यक्ष उमा सुवेदीले बताउनुभयो। ६८ जना महिला उद्यमीहरूको आवेदनबाट छनोट गरेर उत्कृष्ट ४० महिला उद्यमीको व्यवसाय वृद्धि र विकासका लागि व्यावसायिक तालिम प्रदान गरिएको छ।

मकवानपुरका भूकम्प प्रभावित गाविसलाई लक्षित गरेर छनोट गरिएको हो। त्यस क्षेत्रका महिलालाई ग्रामीण उद्यमशीलता कार्यक्रम गरिएको छ।

ज्योति

हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्तः शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

जय अशोक बिनायक बचत तथा ऋण सहकारी संस्था लि.
भिमसेनस्थान, काठमाडौंको

**दशौं बार्षिक साधारण सभा सम्बन्धि सूचना**

**आदरणीय शेयर सदस्यहरू,**

यस संस्थाको संचालक समितिको मिति २०७४/०७/०९ गतेको बैठकको निर्णय अनुसार यस संस्थाको दशौं बार्षिक साधारण सभा निम्न बिषय माथि छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई उपस्थितको लागि हार्दिक अनुरोध छ। साथै कुनै सदस्य महानुभावहरूलाई पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थित भई दिन हुन हार्दिक अनुरोध छ।

**छलफलका विषयहरू**

१. संस्थाको अध्यक्षज्यूबाट आ.ब. ०७३/०७४ को वार्षिक प्रतिवेदन प्रस्तुत।
२. आ.ब. ०७४/०७५ को लागि लेखा परिक्षक नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने।
३. माइन्युटमा हस्ताक्षरको लागि सदस्यहरू मध्येबाट २ जना प्रतिनिधि छनौट गर्ने सम्बन्धमा।
४. आ.व. ०७४/०७५ को अनुमानित बजेट सम्बन्धि।
५. बिबिध।

**कार्यक्रम**

**मिति** : २०७४/०७/२५ गते शनिबार
**समय** : बिहान ९:०० बजे
**स्थान** : डल्लु आवासिय बिद्यालय, डल्लु, काठमाण्डौं

संचालक समितिको
आज्ञाले सचिव

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ कार्तिक १० अक्टोबर २७ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०३।४२ | १०४।०२ |
| युरो १ का रु. | १२२।०७ | १२२।७८ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३६।७३ | १३७।५२ |
| स्विस फ्रन्क १ का रु. | १०४।३५ | १०४।९६ |
| अस्ट्रलियन डलर १ का रु. | ७९।७७ | ८०।२४ |
| क्यानाडियन डलर १ का रु. | ८०।८५ | ८१।३२ |
| सिङ्गापुर डलर १ का रु. | ७६।०२ | ७६।४६ |
| जापानी यन १० का रु. | ९।१० | ९।१५ |
| चिनियाँ युआन १ का रु. | १५।५९ | १५।६८ |
| साउदी अरब रियाल १ का रु. | २७।५८ | २७।७४ |
| कतारी रियाल १ का रु. | २८।४१ | २८।५७ |
| थाई भाट १ का रु. | ३।१२ | ३।१४ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।१६ | २८।३२ |
| मलसियन रिङ्गिट १ का रु. | २४।४३ | २४।५७ |
| दक्षिण कारियन वन १०० का रु. | ९।२० | ९।२५ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।५५ |
| डनिस क्रानर १ का रु. | १६।४० |
| हङकङ डलर १ का रु. | १३।२६ |

**नोटः** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# एन्ड्रोइड प्रयोगकर्ता सम्बन्धी रोचक तथ्य

**नेपाल समाचारपत्र**

काठमाडौं

स्मार्टफोनले मानिसको जीवनमा प्रवेश पाएको धेरै समय भएको छैन। तर, छोटो समयमै विशेष स्थान बनाइसकेको छ।

स्मार्टफोनको अपरेटिङ सिस्टमका रूपमा एन्ड्रोइड र आईओएसले मानिसका हरेक काममा सघाइरहेका छन्। एन्ड्रोइड प्रयोगकर्ताले एउटै कुरामा आईओएस प्रयोगकर्तालाई जिस्काउन सक्छन् कि उनीहरूको स्मार्टफोन कसरी विभिन्न ब्रान्डका स्मार्टफोनसँग कनेक्ट गर्न सजिलो छ भनेर। मूल्यका विषयमा पनि एन्ड्रोइड प्रयोगकर्ताहरू आफूलाई भाग्यवानी नै ठान्छन्।

आईओएस प्रयोगकर्ताहरूले आफूलाई नयाँ प्रविधिको प्रयोगका विषयमा विशिष्ठ ठान्छन्। आईओएसलाई सोही कारण पनि लिडर अफ इनोभेसन भनि विश्वमा परिचित गराइएको छ। तर, दुवैखालका स्मार्टफोनको आ- आफ्नै विशिष्ठता छन् भने विश्व बजारमा सोही अनुसारको बजार लिएका छन्। यसै सन्दर्भमा एन्ड्रोइड प्रयोगकर्ताका बारेमा केही चाखलाग्दा तथ्य यस्तो छ।

### ९० प्रतिशत बजार हिस्सा

सामान्य रूपमो एन्ड्रोइड र आईओएसका प्रयोगकर्ता विश्व बजारमा प्रतिस्पर्धी नै भएको अनुमान गर्न सकिन्छ। तर, उक्त अनुमान गलत हो। एन्ड्रोइडले स्मार्टफोनको विश्व बजारमा ८४ दशमलव ८ प्रतिशत बजार शेयर ओगटेको छ भने २ अर्ब प्रयोगकर्ता रहेका छन्। यो पक्कै पनि ठूलो संख्या हो र यसको कारण एन्ड्रोइड उत्पादन गर्ने कम्पनी धेरै हुनु पनि हो। सामसुङ, नोकिया, एचटीसी, मोटोरोला, सोनी, एलजीलगायत थुप्रै बहुराष्ट्रिय कम्पनीले आफ्ना उत्पादनमार्फत् विश्व बजारमा प्रतिस्पर्धा गरिरहेका छन्। आईओएस भने एप्पलका उत्पादनमा मात्र उपलब्ध छ र बिना प्रतिस्पर्धी एक्लो बादशाहका रूपमा अगाडि बढिरहेको छ।

### पश्चिमामुलुक भन्दा पूर्वी मुलुकमा बढी लोकप्रिय

विश्व बजारमा ८५ प्रतिशत बजार ओगटेको भए पनि एन्ड्रोइड फोनको प्रयोग पश्चिमा देशमा भन्दा पूर्वी देशमा बढी प्रयोगमा रहेको छ। सबैभन्दा धेरै जनसंख्या भएको मुलुक चीनमा कुल जनसंख्याको ७६ दशमलव ४ प्रतिशतले एन्ड्रोइड स्मार्टफोन प्रयोग गर्छन्। आईओएस अपरेटिङ सिस्टमले चीनले लोकप्रियता कमाउन सकेको छैन। पछिल्लो समय भारतले पनि एन्ड्रोइड उत्पादनमा फड्को मारेका छ भने प्रयोगकर्ता पनि बढ्दै गएका छन्।

### कम समय खर्च गर्छन् एन्ड्रोइड प्रयोगकर्ता

आईफोन प्रयोगकर्ता भन्दा एन्ड्रोइडफोन प्रयोकर्ताले स्मार्टफोनमा कम समय खर्च गर्ने गरेका छन। आईफोन प्रयोगकर्ताले एक महिनामा औसत ६४ घण्टा खर्च गर्दछन् भने एन्ड्रोइड प्रयोगकर्ताले ५५ घण्टा खर्च गर्दछन्। अर्को चाखलाग्दो कुरा के पनि छ भने एन्ड्रोइड प्रयोगकर्ताहरू बढी समय फोन गर्न र म्यासेज गर्नमा खर्चिन्छन् भने आईफोन प्रयोगकर्ताहरू विभिन्न किसिमका एप्लिकेसनको प्रयोगमा बढी समय खर्चिन्छन्। यस्ता एप्लिकेसनको गुणस्तरीयता र पछिल्लो भर्सनका बारेमा पनि आईफोन प्रयोगकर्ताहरू बढी सजक हुने गरेका छन्। यसको अर्थ के पनि बुझ्न सकिन्छ भने, जति आईफोन प्रयोगकर्ताहरूले एप्लिकेसनको प्रयोगमा पैसा खर्च गर्ने गरेका छन त्यसको अनुपातमा एन्ड्रोइड प्रयोगकर्ताले आधामात्रै खर्च गर्ने गरेका छन्।

भारत एन्ड्रोइड फोनको उदाउँदो बजार

द रिचेन्ट पत्रिकाको तथ्यांकलाई आधार मान्ने हो भने एन्ड्रोइड अपरेटिङ सिस्टम उत्पादन गर्ने कम्पनीलाई भारत उत्कृष्ट बजार सावित हुनसक्छ। त्यो कुन अर्थमा भने भारतमा जुन गतिमा जनसंख्याको वृद्धि भइरहेको छ, सोही अनुपातमा उनीहरूको मोबाइल फोन प्रयोगमा पनि वृद्धि भइरहेको छ। अहिले अवस्थामा जनसंख्याको केही प्रतिशत मानिसले मात्र स्मार्टफोन प्रयोग गरिरहेका छन भने द्रुत गतिमा बजार आकर्षित भईरहको छ।

### बिस्तारै लत बन्दैछ फोनको प्रयोग

अहिलेको अवस्थामा हामी कसैले पनि भन्न सक्दैनौं कि हाम्रो जीवन स्मार्टफोनको प्रयोग बिना गुजार्न सक्छौं भनेर। हरेकले आफूभित्र स्मार्टफोनको प्रयोगबाट नयाँ समाज निर्माण गरिरहेका हुन्छन् र त्यसैमा रमाउन पनि थालेका छन्। जुन बिस्तारै लतका रूपमा विकास हुँदैछ। 'द रिचेस्टको तथ्यांकले भन्छ कि औसतमा एक व्यक्तिले एक दिनमा २ हजार ६ सय १७ पटक आफ्नो फोनलाई छोएको हुन्छ। स्मार्टफोनको प्रयोग बिना कुनै प्रयोजनका लागि पनि भइरहेको हुन्छ। जसलाई समयक्रमले नयाँ परिभाषा पनि दिएको छ- 'केवल टाईम पास'।

(विभिन्न अन्तराष्ट्रिय समाचार एजेन्सीहरूको सहयोगमा)

# हाईब्रिड धानको उत्पादन बढ्यो

पुष्कर बुढाथोकी, भक्तपुर

सरकार र चीनबीचको सम्झौतासँगै शुरू भएको परियोजनामार्फत् परीक्षणको रूपमा लगाइएको चिनियाँ हाईबिड धानको उत्पादन चार गुणाले वृद्धि भएको छ। मध्यपुरथिमिको राधे राधेमा करिब १२ रोपनी जग्गामा यसवर्ष परीक्षणका रूपमा लगाइएको एलपीएम बीआर १६२८ र एलपीएम बीआर १६३२ जातको धानको नेपाल कृषि अनुसन्धान परिषद् (नार्क), चिनियाँ टोली, चाइना-नेपाल प्राविधिक सहयोग परियोजना, कृषि वनस्पति महाशाखा, धान लगाउने कृषकको टोलीसहितले अवलोकन गरेको हो।

कार्यक्रममा चिनियाँ टोलीका संयोजक जिहाङ जोहुईले नेपाल र चीनको सहकार्यमा चीनको आर्थिक एवम् प्राविधिक सहयोगमा शुरू भएको यो परियोजनाले चीन र नेपालमा विभिन्न तालिम, प्राविधिक तालिम उपलब्ध गराएको बताउनुभयो। उहाँले चीनको ६७ जातका धानको परीक्षण नेपालमा शुरू गरिएको बताउँदै चिनियाँ हाईब्रिड धान प्रतिहेक्टर ८ देखि १० टनसम्म उत्पादन हुने बताउनुभयो।

धान तथा मकैका लागि चीनले नेपालमा प्राविधिक सहयोग गर्ने, ट्र्याक्टर, राईस मिल, ट्रान्सप्लान्ट यन्त्र लगायतका प्राविधिक यन्त्र सहयोग गरेको छ भने धानको प्रयोगशाखा बनाइदिने भएको छ।

धान अवलोकन कार्यक्रममा कृषि वनस्पति महाशाखाका प्रमुख सुरेशकुमार राईले परियोजनाअन्तर्गत रहेर चीनबाट ल्याइएका हाईब्रिड धान र मकैको परीक्षण गरिरहेको बताउनुभयो। परीक्षणमा कृषकबाट आएको सुझाव र उत्पादन बढ्ने निश्चित भएमा धान, मकैलगायतका उन्नत जातका बीउ जिल्ला-जिल्लामा पठाइने उहाँले बताउनुभयो।

कार्यक्रममा नार्कका योजना तथा समन्वय निर्देशक डा. आन्दकुमार गौतमले किसानले सधैं एकैप्रकारको धान लगाउने गरेको र नेपालले आफ्नै उन्नत नयाँ जातको धानको बीऊ उत्पादन गर्न नसकेकाले चिनियाँ हाईब्रिड धानको बीउ परीक्षणमा ल्याइएको बताउनुभयो। यो धान मिलमा कुट्दा टुक्रने समस्या नआउने र स्वाद मिठो भएमा उत्पादनको दृष्टिले उपयुक्त हुने देखिएको चर्चा गर्नुभयो।

काभ्रे नयाँगाउँका किसान सुदर्शन तिमिल्सिना र नवराज तिमिल्सिनाले दुई रोपनी जग्गामा लोकल जिरा मनसुरी धान लगाउँदा दुई मुरी १० पाथी धान उत्पादन भएकोमा यसवर्ष चिनियाँ हाईब्रिड धान लगाउँदा १० मुरी धान उत्पादन भएको बताउनुभयो। यो धान पसाउने बेलामा केही बोट मर्ने र केही बाला नलाग्ने समस्या भने रहेको बताउँदै स्थानीय स्तरमा उत्पादन भएको लोकन विषादी भने राख्नु परेको बताउनुभयो। नेपाल र चीन सरकारको सम्झौतासँगै २०१६ देखि तीनवर्षे चाइना नेपाल प्राविधिक सहयोग परियोजना मार्फत परीक्षणका रूपमा लगाइएको हो।

कार्यक्रममा परियोजनाले उपलब्ध गराएको चिनियाँ हाईब्रिड धान लगाउने थिमिका किसान बिमला श्रेष्ठले १८ वर्षपछि यो वर्ष चारगुणा बढी धान उत्पादन भएको बताउनुभयो। उहाँले भन्नुभयो-'विगत २३ वर्षदेखि मैले धान खेती गर्दै आएकी छु, पहिला आफैंले धानको बीउ बजारमा किनेर लगाईन्थयो, यसवर्ष चिनियाँ हाईब्रिज धान लगाए, १८ वर्ष पछाडि यति धेरै धान उत्पादन भयो।' बिच बिचमा प्राबिधिक टोलीले आएर हेर्ने गरेको र सामान्य मात्रामा विषादीको प्रयोग गर्नुपरेको उहाँले बताउनुभयो। कृषकलाई चिनियाँ हाईब्रिड धान लगाउन प्रेरणा दिँदै आएका किसान खड्ग श्रेष्ठले धानको बीउ, मल, प्राविधिक सहयोग आएको बताउँदै उहाँले सिँचाइको व्यवस्था भए बाँझो जमिनलाई भाडामा लिएर पनि चिनियाँ हाईब्रिड धानको उत्पादन लगाउन सकिने बताउनुभयो।

# नेपाली खानाको विश्वव्यापीकरण गरिने

काठमाडौं, (नेस)

'स्थानीय रैथाने खाना पनि पर्यटन विकासको एउटा प्रमुख आधार हो।' भन्ने नारालाई आत्मसाथ गर्दै नेपाली खानाको परिकारलाई संसारभर प्रचारप्रसार गर्न लागिएको छ। विश्वका ८० भन्दा बढी मुलुकमा फैलिसकेका नेपालीमार्फत् प्रवर्द्धन गर्न होटल संघ नेपाल हानले बताएको छ।

विश्वमा नेपालीले सञ्चालन गरेका २ देखि ३ हजार होटल तथा रेस्टुराँ रहेका छन्। ती मार्फत् नेपाली खानाको प्रचारप्रसार गरिने पर्यटन व्यवसायी तथा अभियान्ता तथा संयोजक कर्ण शाक्यले बताउनुभयो। नेपाली खानालाई स्वादिष्ट र आकर्षक खानालाई विश्वका सबै होटलका मेनुमा राख्नको लागि समेत पहल गरिने शाक्यले बताउनुभयो।

खाना प्रत्यक्ष रूपमा जनजीवन, रीतिरिवाज, चाड पर्व, भूगोल, प्रकृति एवम् हावापानीसँग जोडिने हुँदा पर्यटकले खानाको माध्यमबाट स्थानीय जनजीवन रीतिरिवाज चाड पर्वसँग नजिकबाट आत्मसात गरेर पर्यटन आगमनमा समेत ठूलो टेवा पुग्ने विश्वास लिएको छ।

नेपाली खानालाई अन्तर्राष्ट्रियकरण गर्न रैथाने परिकारलाई परिमार्जन गरी वैज्ञानिक आधारमा उपयुक्त क्यालोरीयुक्त र हावापानी अनुसार रहेकाले स्वास्थ्यवर्द्धक छ, यसलाई विश्वव्यापीकरण गर्न लागि परेको हानका महासचिव विनायक शाहले बताउनुभयो।

नेपाली खानाको आफ्नै विशेषता र पहिचान रहेकाले नेपाली खानाको पहिचान बनाउन अभियानले स्थापित गर्न सजिलो हुने शाहको विश्वास छ।

हानका अनुसार हिमाल, पहाड, उपत्यका तथा तराईका मौलिक खानाको विस्तृत अभिलेख बनाइएको छ। परिकारलाई छनोट गरी २० मौलिक नेपाली खानालाई प्रचार प्रसारको लागि सिफारिस गर्नेछ। छनोट भएका खाना तथा परिकारलाई सामग्री, पकाउने विधिसमेत राखिने छ। मौलिक नेपाली खानालाई आवश्यकता अनुसार परिस्कृत गरी विस्तृत विवरण (आवश्यक सामग्री, पकाउने विधिसमेत) तयार पारी पुस्तक, ग्लोबल वेबसाइट, एप जस्ता सामाजिक सूचना सञ्जाल सार्वजनिक गर्ने। छनोट भएका खानालाई नेपाल पर्यटन बोर्ड, नेपाली नियोगहरूलगायतका सरोकारवाला संघसंस्थाको सहकार्यमा अन्तर्राष्ट्रियस्तरमा प्रचार र प्रवर्द्धन गरिने पनि हानले जनाएको छ।

स्वदेश तथा विदेशमा नियमित रूपमा नेपाली फुड फेस्टिभलजस्ता ठूला स्तरीय प्रवर्द्धनात्मक कार्यक्रमहरू गरेर पनि खानाहरूको प्रचार गरिने भएको छ।

आयोजना भौगोलिक रूपमा टाढा रहेको र बझाङ, बैतडी र दार्चुला जिल्लामा ट्रान्मिसन लाइन विस्तार पनि आयोजनाअन्तर्गत गरेकाले लागत खर्च बढेको छ।

# ११ वर्षमा तेब्बर लागतपछि बल्ल पूरा हुँदै चमेलिया

नेपाल समाचारपत्र

काठमाडौं

निर्माण थालिएको ११ वर्षपछि ३० मेगावाट उत्पादन क्षमताको चमेलिया जलविद्युत् आयोजनाले डिसेम्बर पहिलो साताबाट व्यापारिक उत्पादन शुरू गर्ने भएको छ। दार्चुला जिल्लामा बनिरहेको आयोजना विभिन्न समयमा विभिन्न खालका विवादमा तानिँदै अन्ततः केही समयपछि पूर्णता पाउन लागेको हो।

आर्थिक विकास साझेदारी कोष (ईडीसीएफ) मार्फत नेपाल सरकार र दक्षिण कोरिया सरकारको संयुक्त लगानी रहेको चमेलिया जलविद्युत आयोजना २०६३ पुसमा चाइना गेजुवा वाटर एन्ड पावर कम्पनी लिमिटेड (सीजीजीसी) लाई निर्माण जिम्मा दिइएको थियो। पाच वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको आयोजनाले १२ वर्ष कटाउँदा लागत पनि झण्डै तेब्बर पुगेको छ। प्रतिमेगावाट १६ करोड रुपियाँ लाग्ने अनुमान गरिएकोमा हाल आएर उक्त रकम ५० करोड रुपियाँभन्दा बढी देखिएको छ। नेपाल समाचारपत्रसँग कुरा गर्नु हुँदै आयोजना प्रमुख अजयकुमार दाहालले आयोजनामा हालसम्म १४ अर्ब ६० करोड रुपियाँ खर्च भईसकेको जानकारी दिनुभयो। आयोजनाले पूर्णता पाउँदासम्ममा उक्त रकम अझै बढी हुन सक्ने दाहालको भनाइ छ।

'नोभेम्बर ४ बाट एउटा युनिटको परीक्षण (वेट टेस्ट) थाल्ने तयारी भइरहेको छ। त्यसको एक दुई हप्ताभित्रै अर्को युनिटको पनि परीक्षण थालिनेछ।'- दाहालले भन्नुभयो।



त्यसैगरी परीक्षण गर्नका लागि अहिले आयोजनाको सुरुङमा पानी भर्ने काम भइरहेको छ। इलेक्ट्रो तथा हाइड्रोमेकानिकल ठेकेदार कम्पनी कोरियन हाइड्रो एन्ड न्युक्लियर कम्पनीका र सिभिलतर्फको ठेकेदार गेजुबा ग्रुप कर्पोरेसनको प्राधिविधक विज्ञ टोली परीक्षणका लागि नेपाल आउन लागेको दाहालले बताउनुभयो।

आयोजनासँगै निर्माण गरिएको बलाँच-अत्तरिया १ सय ३२ केभी प्रसारणलाइन चार्ज गर्ने तयारी भइरहेको छ। अत्तरियामा रहेको नेसनल ग्रिडबाट र दार्चुलामा रहेको ८ मेगावाट नौगाड जलविद्युत आयोजनाबाट प्रसारणलाइन चार्ज गरिनेछ। प्रसारणलाइनको परीक्षणका लागि भारतीय कम्पनी एबीबीबाट प्राविधिकहरूको टोली बोलाईएको आयोजना प्रमुख दाहालले बताउनुभयो।

चमेलिया जलविद्युत आयोजना प्रमुख अजयकुमार दाहालका अनुसार ठेकेदार कम्पनीले समयमा काम नगरेका कारण आयोजनाको निर्माणमा ढिलाइ भएको हो। लागतका विषयमा दाहालले आयोजना भौगोलिक रूपमा टाढा रहेको र बझाङ, बैतडी र दार्चुला जिल्लामा ट्रान्मिसन लाइन विस्तार पनि आयोजनाअन्तर्गत गरेकाले लागत खर्च बढेको बताउनुभयो। निर्माणको शुरूवातदेखि नै विवाद खेप्दै आएको आयोजनामा ठेकेदार कम्पनी सीजीजीसीले पनि बेला-बेला काममा निकै कम चासो देखायो। त्यतिमात्र नभई विभिन्न सामान खरिदमा आर्थिक अनियमितता नै गरेपछि गतवर्ष लेखा समितिले केही समय भुक्तानी समेत रोक्का गर्न विद्युत प्राधिकरणलाई निर्देशन दिएको थियो।

## पाँचथरमा डेरी फस्टाउँदा चिज उद्योग खस्कियो

गणेश साम्पाङ, पाँचथर

पाँचचरमा स्थानीय डेरी उद्योगले दुग्ध विकास संस्थानले तोकेको दूधको मूल्यभन्दा बढी दिन थालेपछि किसानले दूध डेरी उद्योग बेच्न थोलेका छन्। जसको कारण पाँचथरको हिलिहाङ गाउँपालिका- ४ गोपेटार बजारमा रहेको दुग्ध विकास संस्थानको गोपेटार चिज उद्योग असोज २८ गतेदेखि दोस्रोपटक बन्द भएको थियो।

दुई वर्षअघि चिज उद्योगमा ३ सय ८० लिटरसम्म दूध आउने गरेकोमा अहिले विस्तारै दूध घट्न थालेको छ। अन्त्यमा दैनिक ६० देखि ७० लिटर मात्र दूध आउन थालेपछि चिज उद्योग बन्द भएको हो। जिल्लामा अहिले दुग्ध विकास संस्थानको ३ र निजी ५ गरी ८ वटा चिज उद्योग रहेका छन्। दूधकै अभावले चिज उद्योगको अवस्था नाजुक रहेको स्थानीय व्यवसायीको भनाइ छ।

उद्योगले दुग्ध विकास सस्थानले दिएको दरमा दूध किन्ने गरे पनि डेरी सञ्चालकले संस्थानको मूल्यभन्दा बढी मूल्य दिन थालेपछि किसानको दूध डेरी उद्योगमा जाने थालेको गोपेटार चिज केन्द्रका प्रमुख सुरेश पौड्यालले बताउनुभयो। उहाँले भन्नुभयो-'दूध नै आउन बन्द भएपछि उद्योग बन्द गर्नुको विकल्प रहेन।'

पाँचथरमा अहिले दुग्ध संस्थानको ३ वटा र निजी ५ वटा गरी ८ वटा चिज उद्योग सञ्चालनमा रहेका छन्। चिजको माग बजारमा बढ्दो भए पनि संस्थानको मुल्यमा दूध नपाउँदा चिज उद्योग धरापमा परेका हुन्।

अहिले इलाम-पाँचथरको सिमास्थित राँके भञ्ज्याङ बजारमा रहेको दुग्ध विकास संस्थानको चिज उत्पादन केन्द्रको पनि हालत उस्तै छ। केही वर्ष अघिसम्म उद्योगमा दैनिक ५ सय लिटर दूध आउने गरे पनि अहिले घटेर २ सय लिटर मात्र दूध आउन थालेको छ। जिल्लाको अन्य चिज उद्योगझैं यो चिज केन्द्र पनि बन्द हुनसक्ने केन्द्रका प्रमुख कृष्णनन्दन शाहको भनाइ छ।

यता महाभारत दुग्ध उत्पादक सहकारी संस्था, राँके भञ्ज्याङका व्यवस्थापक राजेन्द्र राई किसानले उत्पादन गरेको दूध सहकारीमा जम्मा गर्ने गरेकको बताउनुहुन्छ। त्यसपछि मात्र चिज उद्योगलाई दिने गरेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो-'दूधको मूल्य बढने पनि संस्थानले कम मूल्य निधारण गर्दा दूध गाउँ-गाउँमा स्थापना भएको डेरी उद्योगमा जान थालेको हो।' संस्थानको चिज उद्योगमा मात्र होइन निजी चिज उद्योगमा पनि अहिले दूधको मात्रा घटेको बान्तावा चिज केन्द्र, मिक्लाजुङ-४ का सञ्चालक रामकुमार राईको भनाइ छ। त्यसैले चिज उद्योगको दूध डेरी उद्योगमा जान थाले सबै चिज उद्योग बन्द हुन सक्ने उहाँको भनाइ छ।

गाउँ-गाउँमा नयाँ डेरी उद्योग खुलेका छन्। अहिले छुर्पीको भाउ बढेपछि डेरी उद्योगले राम्रो मूल्य दिन थालेका हुन्। डेरीले किसानलाई दूधको मुल्य राम्रो दिँदा दूध उतै गएको देखेर अहिले आफूले चिजसँगै छुर्पी पनि बनाउन शुरू गरेको राईले बताउनुभयो।

## बाल बचत खातामा आकर्षक ब्याजदर

नेपाल समाचारपत्र

काठमाडौं

बालबालिकामा बचतको बानी बसाल्न विभिन्न बैंक तथा वित्तीय संस्थाले आकर्षक बचत योजना सञ्चालनमा ल्याएका छन्। त्यस्ता बचत खातामा सात प्रतिशतसम्म ब्याज दिँदै आएका छन्।

बालबालिकाले ठूलाबडाबाट पाउने दक्षिणा तथा विभिन्न समयमा पाउने पकेट खर्च बचत गर्न सिकाउनुपर्ने भन्दै बैंकहरूले यस्तो योजना ल्याएको जनाएका छन्। बैंक तथा वित्तीय संस्थाले विभिन्न वर्ग, पेशा र उमेर समूहलाई लक्षित बचत योजना सञ्चालनमा छन्। सञ्चालनमा रहेका यस्ता बचत योजना व्यावसायिक मात्रै नभई बालबालिका लक्षित योजना पनि रहेका छन्।

बालबालिकामा सानैदेखि बचत गर्ने बानी बसाल्न बैंक तथा वित्तीय संस्थाहरूले यस्ता बचत योजना सञ्चालनमा ल्याएका हुन्। न्यूनताम शून्य मौज्दातदेखि ५ हजार रुपियाँसम्म हुनुपर्ने गरी बचत खाता सञ्चालनमा ल्याएका छन्।

अर्कोतर्फ अन्य उमेर समूहकाले पनि बाल बचत खातामा रकम जम्मा गरिदिए केही बढी ब्याज प्राप्त हुन सक्छ। साधारण बचत खातामा बैंक तथा वित्तीय संस्थाले २ देखि ३ प्रतिशत ब्याज दिइरहेकोमा बाल बचत खातामा ७ प्रतिशतसम्म ब्याज पाउने दिने हँादा अभिभावकले पनि आफ्नो बच्चाको नाममा रकम जम्मा गरिदिँदै आएको बैंकरहरूको भनाइ छ।

यस्ता बाल बचत खाता सञ्चालनमा ल्याउने बैंक तथा वित्तीय संस्थामध्ये सबैभन्दा धेरै ब्याज दिनेमा प्राइम कमर्सियल बैंक रहेको छ। बैंकले प्राइम स्टुडेन्ट सेभिङको नाममा शून्य मौज्दातमा ७ दशमलव २५ प्रतिशत ब्याज दिने गरेको छ। त्यस्तै एनआईसी एसिया बैंकले ५ सय रुपियाँको न्यूनतम ब्यालेन्समा ७ प्रतिशत ब्याज दिनेछ। बैंकले लिटिल स्टार सेभिङ अकाउन्टको नाममा बाल बचत योजना सञ्चालन गरेको हो। सेन्चुरी बैंकले पनि बाल बचत खातामा १ हजार न्यूनतम ब्यालेन्समा ७ प्रतिशत ब्याज दिने गरेको छ। अन्य बैंकहरूले पनि विभिन्न न्यूनतम मौज्दातमा आकर्षक ब्याज दिने गरेको बताएका छन्।

### बाल बचतमा बैंकहरुको ब्याजदर

| बैंकको नाम | खाताको प्रकार | ब्याजदर | न्यूनतम् ब्यालेन्स (रुपियाँ) |
|---|---|---|---|
| प्राइम कमर्सियल बैंक | प्राइम स्टुडेन्ट सेभिङ | ७.२५ प्रतिशत | शून्य |
| एनआईसी एसिया बैंक | लिटिल स्टार सेभिङ अकाउन्ट | ७ प्रतिशत | ५०० |
| सेञ्चुरी बैंक | बाल बचत | ७ प्रतिशत | १००० |
| सिभिल बैंक | सिभिल बैंक किशोर खाता | ६.५ प्रतिशत | १००० |
| मेगा बैंक | मेगा योङ स्टार बचत | ६.५ प्रतिशत | १००० |
| एनसीसी बैंक | एनसीसी बाल सुरक्षा बचत | ६.२५ प्रतिशत | शून्य |
| जनता बैंक | ब्राइट फ्युचर | ६ प्रतिशत | १०० |
| सानिमा बैंक | बचत खाता | ६ प्रतिशत | ५०० |
| सिद्धार्थ बैंक | सिद्धार्थ बाल बचत | ६ प्रतिशत | १००० |
| नेपाल बंगलादेश बैंक | बाल बचत खाता | ५ प्रतिशत | ५०० |
| प्रभु बैंक | खुत्रुके बचत | ४.५ प्रतिशत | १०० |
| सिटिजन्स बैंक इन्टरनेसनल | सिटिजन्स मुना बचत | ४ प्रतिशत | १०० |
| सनराइज बैंक | सनराइज बाल बचत | ४ प्रतिशत | १०० |
| एनएमबि बैंक | योङ सेभर्स बचत | ४ प्रतिशत | १०० |
| बैंक अफ काठमाण्डू | नवकोपिला बचत खाता | ३.५-५.५ प्रतिशत | १०० |
| नेपाल इन्भेष्टमेन्ट बैंक | केटाकेटी बचत खाता | ३.५ प्रतिशत | शून्य |
| ग्लोबल आईएमई बैंक | बालबालिका बचत | ३.५ प्रतिशत | १००० |
| राष्ट्रिय वाणिज्य बैंक | चुनामुना बचत खाता | ३ प्रतिशत | - |
| नेपाल एसबीआई बैंक | एनएसबिएल बाल बचत खाता | २.२५ प्रतिशत | ५०१ |
| स्टान्डर्ड चार्टर्ड बैंक | किड्डी बैंक अकाउन्ट | १.७५ प्रतिशत | ५००० |
| कुमारी बैंक | टुवींकल स्टार | आकर्षक | १००० |
| नबिल बैंक | बाल बचत | आकर्षक | शून्य |
| माछापुच्छे बैंक | बालबालिका बचत खाता | आकर्षक | शून्य |
| एभरेष्ट बैंक | बाल बचत खाता | आकर्षक | ५००० |



ज्यापु समाजद्वारा आयोजित ज्यापु महोत्सवका अवसरमा परम्परागत पोशाकमा सजिएर घरेलु उत्पादन पस्किँदै स्थानीय महिला। तस्वीर : उजोल डंगोल

कतारको श्रमसम्बन्धी नियम परिमार्जित

## श्रमिकको न्युनतम पारिश्रमिक तोकिने

काठमाडौं, (नेस)

नेपाली कामदारको प्रमुख गन्तव्य रहेकोले कतारले कामदारको न्यूनतम पारिश्रमिक तोक्ने तयारी गरेको छ। कतार सरकारले श्रमसम्बन्धी आफ्नो नियममा परिमार्जन गरी कामदारको न्यूनतम ज्याला तोक्ने भएको हो। यद्यपि कतारले नयाँ नियम कहिलेदेखि कार्यान्वयनमा आउने भन्ने प्रष्टरूपमा खुलाएको भने छैन।

विदेशी श्रमिक गर्ने व्यवहार तथा दिने गरेको पारिश्रमिकको विषयमा अन्तर्राष्ट्रिय स्तरमा चर्चा भएपछि कतारले कामदारको पारिश्रमिक तोक्ने तयारी गरेको हो। कतारको मन्त्रीपरिषद्को बैठकले आप्रवासी कामदारको न्युनतम तलब तोक्ने निर्णय गरेको हो। कतार विश्वकप फुटबल २०२२को आयोजक राष्ट्र हो।

कतारमा श्रमिकको अधिकारको विषयलाई लिएर निरन्तर अन्तर्राष्ट्रिय निगरानी बढिरहेको थियो। कतारको पछिल्लो घोषणा अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को बैठक हुनुभन्दा १ दिन अघि आएको हो। पछिल्लो समय आईएलओले कतारलाई आप्रवासी कामदारको शोषण अन्त्य गर्न चेतावनी दिएको थियो।

कतार सरकारको नयाँ नियममा कतार छोड्न चाहने श्रमिकलाई कम्पनीले रोक्न नहुने, शुल्क निर्धारणमा कुनै भेदभाव गर्न नपाइने, श्रमिकको परिचयपत्र सरकारले बनाइदिनु लगायत रहेको बताइएको छ। कतार सरकारको अन्य प्रस्तावित परिवर्तनमा श्रमिक अनुबन्धन आफ्नै देशमा दर्ता गराउनुपर्ने रहेको छ।

कतार सरकारको न्युनतम तलब तोक्ने निर्णयले नेपाली कामदारको वित्तिय सुरक्षा बढ्ने अपेक्षा गरिएको छ। त्यस्तै यसले नेपाली कामदारले भोग्दै आएको दोहोरा करारपत्र बोकाउने समस्या पनि हट्ने बताईएको छ। कतारमा हाल १५ देखि २० लाखको हाराहारीमा आप्रवासी कामदार रहेका छन्। तीमध्ये अधिकांश एसियाली रहेका छन्।

PRESS RELEASE

बजाज '६ नि शान'को पहिलो ६ लाख विजेता

लगाउनुहोस सहि निशान... पाउनुहोस दामै दाम
६ नि शान

काठमाडौं, (नेस)

बजाजको दशैं तिहार योजना '६ नि शान' ले पहिलो विजेता पाएको छ। धापासीका दोलराज भण्डारीले काठमाडौंको टेकुस्थित एचएच बजाजको शोरुमबाट बजाज बाइक खरिद गर्दा पाउनुभएको स्क्र्याच कुपनबाट ६ लाख रुपियाँ प्राप्त गर्नुभएको हो। दशैं तिहारको अवसरमा लागू गरिएको यस योजनामा ग्राहकले बजाज बाइकको खरिदमा एउटा स्क्र्याच कार्ड प्राप्त गर्नेछन्। त्यसमार्फत ग्राहकले ६ हजारदेखि ६ लाख रुपियाँसम्मको तत्काल निश्चित पुरस्कार प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ। योजनाअन्तर्गत धेरै जना ग्राहकले नगद पुरस्कार जितिसकेको कम्पनीले जनाएको छ।

महिन्द्रा ट्रेकफेस्ट-२०१७को उपाधि बालाजु अटोवर्कलाई




काठमाडौं, (नेस)

महिन्द्रा ट्रेकफेस्ट-२०१७ को उपाधि बालाजु अटोवर्क प्रालिले जितेको छ। कम्पनीले फेस्टको विभिन्न ३ समूहअन्तर्गत ९ वटा अवार्डमध्ये ५ वटा अवार्ड प्राप्त गर्न सफल भएको हो।

अवार्ड प्राप्त गर्नेमा व्यक्तिगततर्फ बालाजु अटोवर्कका प्राविधिक सुमन लालबासी (विजेता) र कबीन्द्र लामा (दोस्रो) रहनभएको छ। त्यस्तै सुपरभाइजरमा मानोज कुमार यादव (विजेता), बिनोद श्रेष्ठ (दोस्रो) तथा सर्भिस एडभाइजर रुकेश कर्माचार्य (विजेता) रहनुभएको हो।

दक्षिण एसियाली राष्ट्रहरूको अन्तर्राष्ट्रिय प्राविधिक प्रतियोगिता आयोजना गरी उक्त प्रतियोगिता अन्तर्गत ५ समूहमा व्यावहारिक, सैद्धान्तिक तथा अन्तरर्वार्ता गरी ३ चरणमा प्रतियोगीको छनौट गरिएको थियो।

विजेताको सम्मानार्थ अग्नि ग्रुपले एक कार्यक्रमको आयोजना गरेको थियो। कार्यक्रममा अग्नि ग्रुपका अध्यक्ष क्याविनेट श्रेष्ठ, महिन्द्रा एण्ड महिन्द्राका देशीय प्रमुख कागलकर चैतन्य आदिको सहभागिता थियो।

मारुती सिमेन्टलाई एनएस आईएसओ मान्यता प्राप्त

काठमाडौं, (नेस)

मारुती सिमेन्टले अन्तर्राष्ट्रिय स्तरको मापदण्ड प्राप्त गरेको छ। सिमेन्टले क्लिंकर, ओपीसी सिमेन्ट उत्पादन तथा बिक्री वितरणका लागि एनएस आईएसओ ९००१:२०१५ मान्यता प्राप्त गरेको हो। सो मान्यता प्राप्त गर्ने मारुती सिमेन्ट नेपालकै पहिलो कम्पनी बन्न सफल भएको कम्पनीको दाबी छ।

यस्तो अन्तर्राष्ट्रिय स्तरको मापदण्ड प्राप्त गरेपछि मारुती सिमेन्टले आफू नेपालकै सर्वाधिक विश्वसनीय ब्रान्डको रूपमा स्थापित भएको दाबी गरेको छ। कम्पनीले यससँगै आगामी दिनमा पनि अझ दरिलो विश्वासका साथ आफ्नो गुणस्तरलाई मजबुत बनाउने संकल्प गरेको छ।

मारुती सिमेन्ट आजभन्दा ९ वर्ष अगाडि नेपालकै पहिलो तथा निजीस्तरको सबैभन्दा ठूलो सिमेन्ट उत्पादन गर्ने स्वदेशी उद्योगको रूपमा स्थापना भएको थियो। मारुती सिमेन्टले उदयपुरमा रहेको आफ्नै चुनढुंगा खानीबाट अत्याधुनिक रोटरी टेक्नोलोजीको ग्रिनफिल्ड प्लान्टद्वारा ओपीसी सिमेन्ट उत्पादन गर्दै आएको छ।

न्यालीमा टाटाका कार




काठमाडौं, (नेस)

नेपाली चलचित्र ऐश्वर्यको बजार प्रवर्द्धनका लागि सिप्रदी ट्रेडिङले राजधानीमा ऱ्यालीको आयोजना गरेको छ। ऱ्यालीमा टाटा ब्रान्डका गाडी प्रयोग गरिएको थियो।

ऱ्यालीमा प्रयोग गरिएको टाटाका गाडीमा टाटा टियागोको फोटो अंकित चलचित्र ऐश्वर्यको पोष्टर टाँसिएका थिए। टाटाका गाडीबाट काठमाडौंका विभिन्न क्षेत्रमा लगिएको थियो।

सिप्रदीले नेपाली चलचित्र उद्योगको विकास तथा वृद्धिमा सकारात्मक योगदान गर्ने उद्देश्यअनुसार ऐश्वर्यको ऱ्याली आयोजान गरेको जनाएको छ। ऱ्यालीमा ऐश्वर्य चलचित्रका निर्माता, निर्देशक, कलाकारलगायत कम्पनीको तर्फबाट विभिन्न व्यक्तिको पनि सहभागिता रहेको थियो।

# मालीलाई हराउँदै स्पेन फाइनलमा

नयाँ दिल्ली, (एजेन्सी)



कप्तान अबेल रूइजको दुई गोलको मद्दतमा स्पेन भारतमा जारी अन्डर-१७ फिफा विश्वकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

प्रतियोगिताअन्तर्गत बुधबार राति भएको दोस्रो सेमीफाइनलमा स्पेनले गत संस्करणको उपविजेता मालीलाई ३-१ ले हराउँदै उपाधि लागि इंग्ल्यान्डसँग भेट पक्का गरेको हो।

कलात्मक खेलका महारथी स्पेनको अगाडि आक्रामक खेल पस्केको माली निरीह साबित बन्यो। योसँगै मालीको लगातार दोस्रोपटक फाइनल पुग्ने सपना पनि तुहिएको छ। युरो अन्डर-१७ च्याम्पियन स्पेनले टिकी-टाका अर्थात् छोटो-छोटो पाससहितको अद्भूत खेल प्रदर्शन गर्दै १० वर्षपछि समग्रमा चौथोपटक फाइनलमा स्थान बनाएको हो।

यसअघि स्पेनिस टिम सन् २००७ मा दक्षिण कोरियामा भएको विश्वकपको फाइनलमा पुगेका थिए। उक्त फाइनलमा स्पेनलाई नाइजेरियाले पेनाल्टी सुटआउटमा ३-० ले पराजित गर्दै उपाधि जितेको थियो। स्पेनिस कप्तान रूइजले खेलको १९औं मिनटमा गोल गर्दै आफ्नो टिमलाई १-० ले अगाडि पारेका थिए। यसै गरी उनले खेलको ४३औं मिनेटमा आफ्नो व्यक्तिगत दोस्रो र टिमको गोलसंख्या दुई पुर्‍याएका थिए।

टिमका लागि तेस्रो गोल खेलको ७१औं मिनेटमा फेरन टोरेसको नाममा रहृयो। मालीका तर्फबाट एकमात्र गोल खेलको ७४औं मिनटमा लासाना एनडीयाएले फर्काएका थिए। आगामी शनिबार राति स्पेनले उपाधिका लागि इंग्ल्यान्डको सामना गर्नेछ। यसअघि सम्पन्न पहिलो सेमीफाइनलमा इंग्ल्यान्ड पनि ब्राजिललाई ३-१ कै गोलअन्तरले हराउँदै ३२ वर्षपछि पहिलोपटक फाइनलमा स्थान पक्का गर्‍यो। यसै गरी तेस्रो स्थानका लागि शनिबार साँझ हुने खेलमा ब्राजिलले मालीको सामना गर्नेछ।

## ह्वीलचेयर बास्केटबल हुँदै

काठमाडौं, (नेस)

नेपाल स्पाइनल कोर्ड इन्जुरी खेलकुद संघको आयोजनामा अन्तर्राष्ट्रिय व्हीलचेयर बास्केटबल प्रतियोगिता कात्तिक २८ गतेदेखि हुने भएको छ। प्रतियोगितामा नेपाल र बंगलादेशबाट पुरुष र महिला तथा भारत र पाकिस्तानबाट पुरुष टोलीको सहभागिता रहने आयोजक संघका महासचिव ऋषि ढकालले जनाए। आयोजकका अनुसार प्रतियोगिता सञ्चालन गर्न करिब ४५ लाख रूपियाँ खर्च हुनेछ। चारदिने प्रतियोगिताका खेलहरू लगनखेलस्थित आर्मी शारीरिक तालिम तथा खेलकुद केन्द्रको कभर्डहलमा खेलाइनेछ।

## माफ र ज्ञाननिकेतन बास्केटबल हुने

काठमाडौं, (नेस)। म्युचुएल एकेडेमिक एक्टिभिटिज फोरम (माफ) को आयोजनामा दोस्रो माफ अन्तरविद्यालय बास्केटबल प्रतियोगिता मंसिर २ गतेदेखि हुने भएको छ।

प्रतियोगितामा ब्वाइज र गर्ल्समा समान १२-१२ गरी २४ टिमको सहभागिता रहने प्रतियोगिता संयोजक सञ्जयजित कुँवरले जनाए। गर्ल्समा ज्ञान निकेतन डिफेन्डिङ च्याम्पियन हो भने ब्वाइजको स्पर्धा यसपटकदेखि थपिएको हो।

माफ बास्केटबल प्रतियोगिताकै दौरान ज्ञान निकेतन स्कुलको आयोजनामा १६औं ज्ञान निकेतन बास्केटबल च्याम्पियनसिप पनि हुनेछ। विगतमा छुट्टाछुट्टै हुँदै आएको प्रतियोगिता यसपटक संगसंगै गर्न लागिएको दुवै प्रतियोगिताका संयोजक कुँवरले जानकारी गराए। साताव्यापी प्रतियोगिताका सहभागीलाई ४ समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइनेछ।

## धरहरा

### बिदैबिदाको देश



सरकार विचित्रको छ। देश शेरबहादुरमय भएको छ। जता हेरे पनि शेरबहादुरको समर्थन अनि तीव्र विरोध अहिले मुलुकमा चलेको राजनीति पनि यही हो।

नेपाल चार जात छत्तीस वर्णको फूलबारी भनेर पृथ्वीनारायण शाहले भनेको सुनेको हो। लोकतन्त्र आएपछि यो झन मौलाउँदो अवस्थामा रहेको छ।

सरकारले हरेक जातिको राष्ट्रिय पर्वमा बिदा दिने गरेको छ। यो मनासिव हो तर सरकारले कही नभएको जात्रा हाँडीगाउँमा भनेझैं छट पर्वको अवसरमा २ दिन बिदा दिएर कसलाई खुसी पार्न खोजेको हो धरहराले बुझेको छैन।

यो धरहराले आजसम्म छटमा २ दिन बिदा भएको सुनेको थिएन तर शेरबहादुर दाइको सरकारले २ दिन बिदा ठोकिदियो। कामचोर कर्मचारीलाई त क्या मज्जा तर सेवाग्राहीलाई परेको कर्मा कसले बुझ्ने खै! जनता जनता नै हुन धेरै बोल्यो भने पोल्छ है पाठकबृन्द बाँकी आफैं बुझ्नुहोला।

## क्रिकेट संघ अध्यक्षमा पोखरेल

हेटौंडा, (नेस)

मकवानपुर क्रिकेट संघको छैठौं वार्षिक साधारणसभा भएको छ। साधारणसभाले सञ्जोग पोखरेलको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति चयन भएको छ। साधारणसभाले उपाध्यक्षमा करन महतरा क्षेत्री, सचिवमा दीपेन्द्र ढकाल, कोषाध्यक्षमा निरज श्रेष्ठ चयन गरेको छ। समिति सदस्यहरू अनुप सिनोरिया, विनोदकुमार बानियाँ, राजु गुप्ता, ईश्वरप्रसाद मैनाली, कृष्णगोपाल श्रेष्ठ, नवराज सापकोटा, धिरज श्रेष्ठ, विनोद प्रधान, अमित राई तथा प्रेम क्षेत्री चयन भएका छन्। महिला सदस्य खाली राखिएको छ।

## बाबु छोराले जिते पदक



काठमाडौं, (नेस)

भारतको दिल्लीमा जारी विश्व पावरलिफ्टिङ प्रतियोगितामा नेपाललाई ऐतिहासिक सफलता प्राप्त भएको छ। ज्ञानेन्द्र नकर्मीले मास्टरतर्फ रजत पदक हात पार्दा पहिलोपटक प्रतियोगितामा सहभागी भएका उनका छोरा रोजिन नकर्मीले सब जुनियर (१९ वर्षमुनि) कास्य पदक प्राप्त गरेका हुन्।

यस अघि १९१४ मा दिल्लीमा नै भएको प्रतियोगितामा पनि ज्ञानेन्द्रले स्वर्ण पदक जितेका थिए। प्राप्त गर्न सफल भएका थिए। पावरलिफ्टिङमा नेपाली खेलाडीको उच्च प्रदर्शन रहँदै आएको छ। यसअघि २०१४ मा दिल्लीमा नै प्रतियोगितामा बुद्धिजंग कार्कीले रजत, २०१५ मा केरेलामा भएको प्रतियोगितामा ज्ञाननारायण महर्जन र २००५ मा दिल्लीमा भएको प्रतियोगितामा दिनेश श्रेष्ठले कास्यपदक हासिल गरेका थिए।

## चेल्सी क्वाटरफाइनलमा

लन्डन, (एजेन्सी)

चेल्सीले आफ्नै घरेलु मैदानमा बुधबार राति एभर्टनलाई २-१ ले पराजित गर्दै इङ्लिस फुटबल लिग कपको क्वाटरफाइनलमा स्थान पक्का गरेको छ।

चेल्सीको जितमा एन्टोनियो रुडिगर र विलियनले एक-एक गोल गरेका थिए। चार्ली मुसोन्डाको क्रसमा हेड गर्दै डिफेन्डर रुडिगरले गोल गरेपछि चेल्सीले खेलको २६औं मिनेटमा अग्रता लिएको थियो।

चेल्सीका विलियनले खेलमा थपिएको इन्ज्युरी समयको दोस्रो मिनेटमा गोल गर्दै चेल्सीको अग्रता दोब्बर पारे। तर डोमिनिक कार्भर्ट लेविनले पनि इन्ज्युरी समयको चौथो मिनेटमा एभर्टनका लागि सान्त्वना गोल फर्काउन सफल भए।

लिग कपअन्तर्गतकै अर्को खेलमा टोटनह्याम हट्सपर २-० को अग्रता बचाउन नसक्दा प्रतियोगिताबाट बाहिरियो। टोटेनह्याम वेस्टह्याम युनाइटेडसँग घरेलु मैदानमा ३-२ ले पराजित भएको थियो।

खेलमा टोटनह्यामका सिसोको र डेले अलीले शुरूआती दुई गोल गरेपछि पहिलो हाफसम्म घरेलु टोली २-० अघि रहेको थियो। तर दोस्रो हाफमा वेस्टह्यामका आन्द्रे आयुले दुई तथा ओग्बोनाले एक गोल गरेपछि पाहुना टोली विजयी भएको थियो।

## वजनियाकीसँग हालेप पराजित

लन्डन, (एजेन्सी)

कारोलिन वजनियाकीले विश्व नम्बर एक सिमोना हालेपलाई हराएर डब्लुटीए फाइनल्सअन्तर्गत सेमिफाइनलमा स्थान पक्का गरेकी छन्।

महिला टेनिसअन्तर्गत वर्षमा हुने अन्तिम प्रतियोगितामा डेनमार्ककी वजनियाकी रातो समूहबाट अन्तिम चारमा पुगेकी हुन्। वजनियाकीले रोमानियाकी हालेपलाई ६-०, ६-२ ले हराएकी थिइन्। यसअघि समूहको पहिलो खेलमा उनले एलीना स्विटलीनालाई पराजित गरेकी थिइन्। यो जितपछि वजनियाकीको विश्व नम्बर एक हुने सम्भावना बढेको छ। यो वर्षको अन्त्यसम्म पाँच महिला खेलाडी विश्व नम्बरमा पुग्न प्रतिस्पर्धामा रहेका छन्।

यसैगरी कारोलीना पिलीस्कोभा र भेनस विलियम्स सेतो समूहबाट अन्तिम चारमा पुगेका छन्। ३७ वर्षीया भेनसले आफ्नो प्रभावशाली प्रदर्शन जारी राख्दै गार्बिन मुगुरुजालाई ७-५, ६-४ ले पन्छाएकी हुन्। गएको विम्बल्डन फाइनलमा भेनस मुगुरुजासँग फाइनलमा पराजित भएकी थिइन्।



विश्व नम्बर एक सिमोना हालेपलाई पराजित गरेपछि कारोलिन वजनीयाकी खुसी हुँदै। तस्वीर : एजेन्सी

## बैतडी क्रिकेटमा चन्द

बैतडी, (नेस)

बैतडी जिल्ला क्रिकेट संघको नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरिएको छ। संघको बुधबार सम्पन्न सातौं जिल्ला अधिवेशनले लालबहादुर चन्दको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको हो। संघका उपाध्यक्षमा लोकराज जोशी, सचिवमा शेरसिंह खत्री र कोषाध्यक्षमा खेमराज भट्टलाई चयन गरिएको छ।

यस्तै सदस्यहरूमा भेट्रान चतुरबहादुर चन्द, तेजप्रकाश भट्ट, जयदेव जोशी, विनोद चन्दलगायतका रहेका छन्।


जग्गा बिक्रीमा




डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कूलकलेज, अस्पताल, मल, हल, गाडी शोरूम, हाउजिङ, अपार्टमेन्टको लागि अतिउपयोगी ५ रोपनी जग्गा बिक्रीमा
सम्पर्क नं. ९८४१३१४७८१





नेपाल समाचारपत्र कामना साधना

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं सम्पर्क : ०१-४२६११७९, एक्सटेन्सन: २१३ (९ बजेदेखि ६ बजेसम्म)


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ